सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ पुस २०८०, बुधबार (3 Jan 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संघीय संसद्ले एक वर्षमा एउटा कानुन बनायो
पदाधिकारी र सांसदको तलब-भत्तामा ६३ करोड सकियो

संविधान कार्यान्वयनमा अत्यावश्यक ३९ कानुन बन्न सकेका छैनन्, प्रतिनिधिसभामा १९ र राष्ट्रिय सभामा तीन विधेयक विचाराधीन छन्

■ सभामुख घिमिरे भन्छन्-
यसबाट शिक्षा लिन्छौं

हामीले पछिल्ला अधिवेशनबाट प्राप्त गरेका अनुभव र अभ्यासबाट शिक्षा लिँदै आगामी दिनका संसदीय गतिविधिहरू प्रभावकारी बनाउनैपर्छ।

विधायिकी कामको गति र मति टिठलाग्दो भयो

● **रवि लामिछाने**, सभापति, रास्वपा



विधायिकी कामको गति र मति टिठलाग्दो छ। शीर्ष ठानिएका नेताको लहडमा संसद् बन्धक बनाइँदा वर्ष दिनमा बजेटबाहेक संघीय संसद्ले एउटा मात्र कानुन बनाउने अवस्था बन्नु दुःखद छ।

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्को एकवर्षे कार्यकालमा पदाधिकारी र सांसदको तलब-भत्ता र भ्रमणमा ६३ करोड खर्च भएको छ। तर, दुई अधिवेशन बसेको यस अवधिमा कानुन भने एउटा मात्रै बनेको छ।

प्रतिनिधिसभाका निर्वाचित सदस्यहरूले ७ पुस ०७९ मा शपथ लिएपछि संघीय संसद्ले औपचारिक रूपमा काम थालेको थियो। हाल प्रतिनिधिसभामा २७४ र राष्ट्रिय सभामा ५९ गरी कुल ३३३ सांसद कायम छन्। प्रतिनिधिसभामा एक सांसद रिक्त र दुई निलम्बित छन्।

७ पुस ०७९ देखि ७ पुस ०८० सम्म बसेका संसद्का दुई अधिवेशनले वार्षिक बजेट पारित गर्नेबाहेक मिटरब्याजसम्बन्धी एउटा कानुन मात्रै बनायो। दुवै अधिवेशनमा सांसद र पदाधिकारीको बैठकभत्तामा चार करोड १५ लाख १६ हजार खर्च भएको छ। जसमध्ये पहिलो अधिवेशनमा एक करोड २५ लाख ८७ हजार र दोस्रोमा दुई करोड ८९ लाख २९ हजार खर्च भएको सांसदहरूको उपस्थितिले देखाउँछ।

त्यस्तै, पदाधिकारी र सांसदको पारिश्रमिकसहितको अन्य सुविधामा ५६ करोड ९८ लाख ४५ हजार २७२ खर्च भएको

» पृष्ठ ११ मा क्रमशः

■ यस्तो छ पदाधिकारीलाई तलब-भत्ताको सुविधा

पदाधिकारीहरूले मासिक तलब सुविधाबाहेक संसद् र समितिमा उपस्थित भएका दिन प्रतिबैठक एक हजार भत्ता पाउँछन्। एक वर्षमा प्रतिनिधिसभाका ९० र राष्ट्रिय सभाका ५८ बैठक बसेका छन्। पहिलो अधिवेशनमा प्रतिनिधिसभाका समिति सभापतिहरू निर्वाचित भएका थिएनन्, सांसदको हैसियतमा बैठक भत्ता बुझेका छन्।

■ **सभामुख/राष्ट्रिय सभा अध्यक्ष**



देवराज घिमिरे, सभामुख — भत्ता : ८८,०००



गणेश तिमल्सिना, अध्यक्ष — भत्ता : ५८,०००

मासिक पारिश्रमिक (सचिवालयसहित) : **४ लाख ४८ हजार ९३३ रुपैयाँ**

(सरकारले तलब समायोजन नगर्दा अहिले सभामुख र अध्यक्षले उपसभामुख र उपाध्यक्षभन्दा कम सुविधा पाउँछन्।)

■ **विपक्षी दलको नेता/उपसभामुख/राष्ट्रिय सभा उपाध्यक्ष**



केपी ओली, विपक्षी दलका नेता — भत्ता : ५८,०००



इन्दिरा राना, उपसभामुख — भत्ता : ७८,०००



उर्मिला अर्याल, उपाध्यक्ष — भत्ता : ५३,०००

मासिक पारिश्रमिक (सचिवालयसहित) **४ लाख ९५ हजार ४५५ रुपैयाँ**

■ राष्ट्रिय सभा : **विपक्षी दलको नेता, सत्ता पक्षको नेता र मुख्य सचेतक**

मासिक पारिश्रमिक (सचिवालयसहित) : **३ लाख ३७ हजार २४५**



देवेन्द्र दाहाल, विपक्षी दल (एमाले)का नेता — भत्ता : ४८,०००



रमेशजंग रायमाझी, सत्तापक्ष (काग्रेस)का नेता — भत्ता : ४७,०००



अनिता देवकोटा, मुख्य सचेतक (काग्रेस) — भत्ता : ५२,०००



भैरवसुन्दर श्रेष्ठ, मुख्य सचेतक (एमाले) — भत्ता : ४७,०००

■ **विपक्षी दलको प्रमुख सचेतक/सत्ता पक्षको प्रमुख सचेतक समिति सभापति**

मासिक पारिश्रमिक (सचिवालयसहित) : **३,२९,७४५**



पदम गिरी, विपक्षी दलका प्रमुख सचेतक — भत्ता : ६६,०००



हितराज पाण्डे, सत्तापक्षको प्रमुख सचेतक — भत्ता : ८७,०००



सन्तोष चालिसे, अर्थ समिति — भत्ता : ९७,०००



राजकिशोर यादव, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन — भत्ता : ८२,०००



अब्दुल खान, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता — भत्ता : ९५,०००



विमला सुवेदी, कानुन, न्याय तथा मानव अधिकार — भत्ता : १,०६,०००



डा. आरजु राणा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत — भत्ता : ५५,०००



किरणकुमार साह, महिला तथा सामाजिक मामिला — भत्ता : १,०५,०००



रामहरि खतिवडा, राज्यव्यवस्था तथा सुशासन समिति — भत्ता : १,१५,०००



दीपकबहादुर सिंह, पूर्वाधार विकास समिति — भत्ता : १,०९,०००



भानुभक्त जोशी, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि — भत्ता : ९६,०००



ऋषिकेश पोखरेल, सार्वजनिक लेखा समिति — भत्ता : ८७,०००



प्रकाश पन्थ, दिगो विकास तथा सुशासन समिति — भत्ता : ४३,०००



जयन्तीदेवी राई, विधान व्यवस्थापन समिति — भत्ता : ५२,०००



मायाप्रसाद शर्मा, प्रत्यायोजित व्यवस्थापन — भत्ता : ५२,०००



दिलकुमारी रावल, राष्ट्रिय सरोकार तथा समन्वय समिति — भत्ता : ५६,०००

■ **दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक**

मासिक पारिश्रमिक (सचिवालयसहित) : **२,८२,३७५**



रमेश लेखक, प्रमुख सचेतक, काग्रेस — भत्ता : ५८,०००



सन्तोष परियार, प्रमुख सचेतक, रास्वपा — भत्ता : ५८,०००



ज्ञानेन्द्र शाही, प्रमुख सचेतक, राप्रपा — भत्ता : ५८,०००



प्रदीप यादव, प्रमुख सचेतक, जसपा — भत्ता : ५८,०००



रूपा सोशी चौधरी, सचेतक (सत्तापक्ष) — भत्ता : ५८,०००



महेश बर्तौला, सचेतक (विपक्षी दल) — भत्ता : ५८,०००

■ **सांसद** मासिक तलब (सचिवालयसहित) : **१,३३,७५९** यसबाहेक संसद् र समितिमा उपस्थित भएका दिन प्रतिबैठक दुई हजार भत्ता पाउँछन्।

भ्रमणमा दुई करोडभन्दा धेरै खर्च

संघीय संसद्का पदाधिकारी तथा सांसदको वैदेशिक र आन्तरिक भ्रमणमा कम्तीमा दुई करोडभन्दा धेरै खर्च भएको छ। दोस्रो अधिवेशनका क्रममा भएका वैदेशिक भ्रमणमा एक करोडभन्दा धेरै खर्च भएको संसद् सचिवालयले जनाएको छ। पहिलो अधिवेशनमा भएको वैदेशिक भ्रमणको खर्च भने सचिवालयले लुकाएको छ। स्रोतका अनुसार दोस्रो अधिवेशनकै हाराहारीमा खर्च भएको छ। त्यस्तै, देशभित्रका भ्रमणमा पहिलो अधिवेशनमा ११ लाख र दोस्रो अधिवेशनमा २३ लाख ३१ हजार गरी ३४ लाख ३१ हजार खर्च भएको सचिवालयले जनाएको छ। आन्तरिक भ्रमणमा सभामुख र राष्ट्रिय सभा अध्यक्षले दैनिक तीन हजार र सांसदहरूले दैनिक २५ सय भ्रमण भत्ता पाउँछन्। त्यस्तै, विदेश भ्रमणमा जाँदा देश हेरेर दुई सयदेखि तीन सय अमेरिकी डलरसम्म भ्रमण भत्ता पाउँछन्।

संसद्मा बिजनेस धेरै, काम थोरै

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा १९ र राष्ट्रिय सभामा तीन विधेयक विचाराधीन छन्। संसदीय समितिमा मात्रै १४ विधेयक लामो समयदेखि थन्किएका छन्। संसद्मा पर्याप्त बिजनेस भए पनि सांसद भने पार्टीको कामलाई प्राथमिकतामा राखेर सदन छल्ने गर्छन्। संविधान कार्यान्वयनसम्बन्धी मात्रै ३९ वटा कानुन बनाउनुपर्नेछ। अन्य कानुन पनि संशोधन गरेर समयानुकूल बनाउनु आवश्यक भए पनि सांसदहरूले मुख्य कामै नगरी सुविधामा करोडौं खर्च भएको छ।

सांसदहरूमा हाजिर गरेर बैठकमै नबस्ने, बैठक सकिएपछि आएर हाजिरीपुस्तिकामा हस्ताक्षर गरेर भत्ता सुनिश्चित गर्ने प्रवृत्ति पनि कायम छ। यस्तो प्रवृत्ति रोक्न विद्युतीय हाजिरी लागू गर्ने भनिए पनि कार्यान्वयन हुन सकेको छैन। बर्खे अधिवेशन अन्त्य भएर सदन नचलेको अवस्थामा संसदीय समितिहरू चलायमान हुनुपर्ने हो। तर, प्रमुख दलहरूका बैठक, अभियान तथा अन्य कार्यक्रमका वेला पनि संसद् र समितिहरू स्थगित गरिने गरेका छन्। सभामुख तथा समिति सभापतिहरू पनि दलहरूकै अनुकूलतामा सहजै बैठक सारिदिन्छन्। सभामुख आफैं पनि अधिवेशन चलिरहेका वेला सदन स्थगित गरेर विदेश भ्रमणमा जाने गरेका उदाहरण छन्। तर, सांसदहरूले सेवा-सुविधा भने एक दिनको पनि छाडेका छैनन्।

रुसी सेनामा कार्यरत थप तीन नेपालीको मृत्यु

नयाँ पत्रिका

युक्रेनसँगको लडाइँमा रुसी सेनामा कार्यरत थप तीन नेपालीको मृत्यु भएको छ। यसअघि सात नेपालीको मृत्यु भएको जानकारी आएकोमा थप तीनजनाको मृत्यु भएको परराष्ट्र मन्त्रालयले अनौपचारिक जानकारी दिएको छ।

स्याङ्जाका हरिप्रसाद अर्याल, कैलालीका भरतबहादुर शाह र धादिङका राजकुमार गिरीको मृत्यु भएको मस्कोस्थित नेपाली राजदूतावासले परराष्ट्र मन्त्रालयलाई जानकारी दिएको छ। रुस-युक्रेन लडाइँका क्रममा शाह र गिरीको १७ मंसिरमा मृत्यु भएको थियो। तर, परराष्ट्र मन्त्रालयले उनीहरूको मृत्युबारे १२ पुसमा जानकारी पाएको थियो। तर, अर्यालको मृत्यु कहिले भएको भन्ने अझै यकिन छैन।

'थप तीनजना नेपालीको मृत्युका विषयमा रुसले औपचारिक रूपमा कूटनीतिक च्यानलमार्फत जानकारी दिएको छ,' परराष्ट्रमन्त्री एनपी साउदका प्रेस संयोजक केशव साउदले भने।

यसअघि रुसी सेनामा कार्यरत कुन्दनसिंह नागल, गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको जानकारी आइसकेको छ।

परराष्ट्रमन्त्री एनपी साउदले रुसी सेनामा कार्यरत सयजना नेपालीका परिवारले विवरणसहित खोजबिन र स्वदेश फिर्ताको प्रयासका लागि मन्त्रालयमा निवेदन दिएको सार्वजनिक गरिसकेका छन्। ती निवेदनका सम्बन्धमा परराष्ट्रले रुससँग जानकारी मागे पनि आइसकेको छैन।

चार नेपाली युक्रेनस्थित सैनिक नियन्त्रणमा रहेको सरकारले सार्वजनिक गरिसकेको छ। राजापुर- १ बर्दियाका विवेक खत्री, मण्डनदेउपुर- ६ काभ्रेका सिद्धार्थ ढकाल, लेटाङ- २ मोरङका विकास राई र रुन्टीगढी- ८ रोल्पाका प्रतीक पुन युक्रेनी सेनाको नियन्त्रणमा छन्। तर, युक्रेनले विवेक खत्री मात्रै युद्धबन्दीका रूपमा रहेको जानकारी दिएको छ। युक्रेनमा बन्दी नेपालीको रिहाइका लागि सरकारले अमेरिका र रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत प्रयास गरिरहेको छ।

■ **सहकारी बोर्डको सम्पत्तिमा मुद्दैमुद्दा**

कर्मचारीकै मिलेमतोको आशंकामा मन्त्रालयबाट छानबिनको तयारी

नवराज मैनाली/नयाँ पत्रिका

सहकारी क्षेत्रको विकासका लागि सरकारलाई नीतिगत रूपमा सहयोग गर्न स्थापना गरिएको राष्ट्रिय सहकारी विकास बोर्ड आफ्नै सम्पत्तिको संरक्षण गर्न नसक्ने अवस्थामा पुगेको छ।

कर्मचारीकै मिलेमतोमा व्यापारीहरूले बोर्डका सम्पत्ति न्यून भाडामा प्रयोग गर्दै आएका छन्। सम्पत्ति दुरुपयोग भइरहेको भन्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले विस्तृत अनुसन्धानको तयारी गरेको छ। प्रारम्भिक छानबिनमा कर्मचारीको भूमिका शंकास्पद देखिएपछि मन्त्रालयले विस्तृत अध्ययन गर्न लागेको हो।

असल नियतले बोलपत्र नहुँदा हाल बोर्डका घरजग्गामा मुद्दैमुद्दा परेका छन्। वर्षौंदेखि भाडा बढाउन नसक्दा करोडौं नोक्सानी व्यहोरिसकेको छ। जसको फाइदा व्यापारीलाई भएको छ भने बोर्डले आम्दानी गुमाउँदै आएको छ।

» पृष्ठ ११ मा क्रमशः



लगनखेलमा बसपार्कसँगैको ६ रोपनी १२ आना जग्गामा बोर्डको भवन

केही कर्मचारीको गतिविधि शंकास्पद देखिएको छ

● **मित्रराज दवाडी**, सहअध्यक्ष, राष्ट्रिय सहकारी विकास बोर्ड



बोर्डका सम्पत्तिमा मुद्दैमुद्दा छन्, केही कर्मचारीको पनि गतिविधि शंकास्पद देखिएकाले बोर्डबाट छानबिन गर्दा निष्पक्ष नहोला भनेर मन्त्रालयलाई आग्रह गरेका छौं, सायद मन्त्रालयले छानबिन अघि बढाउला।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

कर्नर किक

● रवि मिश्र



■ **१४ किलो सुन तस्करी प्रकरण**

१० प्रतिवादीविरुद्ध डेढ अर्ब बिगो र पाँच वर्षसम्म कैद माग दाबी गर्दै मुद्दा दर्ता



अभियुक्तविरुद्ध अख्तियार दुरुपयोग, क्रिप्टो तथा हुन्डी र मानव बेचबिखन कसुरमा पनि अनुसन्धान हुने

(विस्तृत पृष्ठ ३)

जनताले अवसर दिऊन्, हामी काम गरेर देखाउँछौं



अन्तर्वार्ता

नेत्रविक्रम चन्द

(पृष्ठ ७)

भोलि दीर्घकालीन विद्युत् व्यापार सम्झौता पत्रमा हस्ताक्षर हुँदै



नेपाल र भारतबीच बिहीबार परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठकका लागि परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा बिहीबारै भारतीय विदेशमन्त्री डा. एस जयशंकर आउँदै छन्।

(विस्तृत पृष्ठ ९)

मुसहर बस्तीको पाँच कट्ठा जग्गा हडप्न जालझेल

■ पीडितले गुहारे स्थानीय सरकार

सोनी गाउँको मुसहर बस्तीका पीडितलाई मिर्चैया नगरपालिकाका मेयर श्रवणकुमार यादवले भने-



मुसहर बस्ती कसैले हटाउन सक्दैन। तपाईंहरू आफ्नो थातथलो नछोड्नुस्, जनप्रतिनिधिहरू दलितहरूको बसोवासको अधिकारका लागि लड्छौं।

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको मिर्चैया नगरपालिका- ११ सोनी गाउँको मुसहर बस्ती उठाउन जमिनदारले जालझेल गर्न थालेपछि पीडितले स्थानीय सरकार गुहारेका छन्।

स्थानीय घुर्मी खोला किनारको खाल्डो जग्गा आफूहरूले माटो भरेर तीन पुस्तादेखि बस्न थाले पनि जमिनदार सुबेलाल अरगरियाले रातारात घर बनाएर बसेको भन्दै सिराहा जिल्ला अदालतमा मुद्दा दायर गरेपछि पीडितले स्थानीय सरकार गुहारेका हुन्।

हरवा-चरवा अधिकार मञ्चका अगुवा, दलित अधिकारकर्मीसहित पीडितहरूले मिर्चैयाका मेयर श्रवणकुमार यादवलाई ज्ञापनपत्र बुझाएका छन्। मेयर यादवले मुसहर बस्ती कसैले हटाउन नसक्ने

» पृष्ठ ११ मा क्रमशः



सिराहाको मिर्चैया नगरपालिका- ११ सोनी गाउँको मुसहर बस्ती

■ जमिनदारले बेचे गाउँब्लकको जग्गा

पूर्ववडासदस्यसमेत रहेका माझीका अनुसार गाउँब्लकको जग्गाको सट्टापट्टाअन्तर्गत अरगरियाको जग्गामा सरेर आएका मुसहरहरू जमिनदारको अगाडि बोल्न नसक्दा आजभोलि भन्दै जग्गा नामसारी भएको थिएन। 'खोला किनारको जग्गामा बस्ती बसेसँगै बाटो, बिजुलीजस्ता आधारभूत सुविधा पुगेपछि जग्गाको मूल्य त बढ्यो,' स्थानीय ७७ वर्षीय कुशवा सदायले भने, 'गाउँब्लकको जग्गा पनि जमिनदारले अन्यलाई बेचेछन्। खोला किनारको बसोवासको जग्गा आफूहरूको नाममा रजिस्ट्रेसन गराउन भैंसी, खसी, बाख्रा बेचेर रकम बुझाए, तर नामसारी भएको थिएन।' स्थानीय ६४ वर्षीय मगनिया मुखियाले जग्गा दलालहरूको सेटिङमा जमिनदारले विपन्न दलितलाई दुःख दिने नियतले मुद्दा हालेको बताए। 'हामी सानै छँदा मुसहर बस्ती थियो, प्रायः सबैजना जमिनदारकैमा काम गर्थ्यौं। मुसहर बस्ती रहेको गाउँब्लकको जग्गा पनि जमिनदारले नै बेचेर खाए, अहिले गरिब दलितलाई दुःख दिइरहेका छन्,' उनले भने।

Ratnanagar Municipality
Office of Municipal Executive
Ratnanagar, Chitwan, Nepal

Notice for Invitation of Bid

First Date of publication: 2080-09-18 (3rd Jan, 2024)

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the construction of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

SN	Name of Project	IFB No:	Estimated Amount in NRs (Without VAT & PS)	Bid security amount in NRs.	Bid Document fee amount in NRs.	Remarks
1	Maintenance of asphalt road at various location of Ratnanagar Municipality.(Shri Gades tol Road, Chisapani-Butter pul, Nipani-Chitrsari, Jirauna-kalika Simana, Bhim Bahadur chowak East North, Capital college Road, Tekraj Ariyal East Side and Panchakanya School-Salghari Chowak Road Maintenance Work ward no 3,4,8, 9, 11, 12, 13, 14 & 15)	RAT/ CHITWAN/ works/NCB/ 21/2080-81	17396623	555900	3,000.00	

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of Ratnanagar official website (http://www.Ratnanagarmun.gov.np). The Last date of submission of bid is 2nd Feb 2024 (2080-10-19) till 12:00 noon time and the completion date of this project is 12 April 2024.

Chief Administrative Officer

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिमम प्रदेश, नेपाल

ढुंगा, गिट्टी, बालुवा, भरान र ग्राभेलको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको सूचना

छैठौ पटक प्रकाशित मिती : २०८०/९/१८ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) बमोजिम यस धनगढी उप-महानगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने खुटिया, शिवगंगा र मोहना नदी/खोलामा प्रारम्भिक वातावरणीय परिक्षण (**IEE**) ले तोकेको घाटगद्दी स्थलमा धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन-२०८० को दफा १६, अनुसूची १४ बमोजिम ढुंगा, गिट्टी, वालुवा, भरान र ग्राभेल संकलन उत्खनन गरिदा बिक्रीकर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि सूचना बमोजिमको शर्तको अधिनमा रही विधुतीय बोलपत्र वा **HARD COPY** आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ साथै यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट **www.dhangadhimun.gov.np** वा **www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of Publication: 3rd January 2024 (2080/09/18 B.S.)

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

S. N.	Contract Identification Number	Description of Work	Estimate Amount (Ex. VAT)	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	53/DSMC/2080/081	Construction of Deep Tube Well at B Gaun Ward No. 12 DSMC	19,89,904.13	50,000/-	3,000/-	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
(साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभिएको)
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, Website : www.skbbl.com.np

२२ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/९/१८ गते)

यस वित्तीय संस्थाको मिति २०८० पौष ४ गते बसेको सञ्चालक समितिको २३ औं बैठकको निर्णयानुसार संस्थाको २२ औं वार्षिक साधारणसभामा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान

मिति : २०८० पौष २९ गते (January 14, 2024) आइतवार

समय : विहान ११:०० बजे ।

स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को ०.७५% ले हुने रकम रु. २,४९,८७,१३६।५३३ नगद लाभांश (लाभांश कर प्रयोजनको लागि) पारित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संस्थापक शेयरधनी समूहबाट ४ र सर्वसाधारण शेयरधनी समूहबाट २ जना समेत गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ३,३३,१६,१८,२०४।४४ को १४.२५% ले हुने रकम रु. ४७,४७,५५,५९४।१३३ बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अङ्क (fraction) लाई पहिलेको भिन्न अङ्कसँग समायोजन गरी बाँकी हुन आउने भिन्न अङ्कलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२. यस संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।
३. आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. १३,२०,१८३।७९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।
४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्था (हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिसन) गर्न उपयुक्त देखिएमा उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्य गर्न गराउन आवश्यक सम्पूर्ण कार्यहरु अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
५. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियामक निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउनको लागि निर्देशन अनुसार गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव,
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नोट : वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी र कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०८०/९/५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ । वार्षिक साधारण सभा सम्बन्धी सूचना www.skbbl.com.np को वेवसाइटमा हेर्न सकिनेछ ।

■ काठमाडौं महानगरका कर्मचारी नियुक्तिमा अनियमितता

छानबिनमा तानिएपछि तीन कर्मचारी निलम्बित

काठमाडौं / काठमाडौं महानगरपालिकाले तीनजना कर्मचारीलाई निलम्बन गरेको छ । महानगरपालिकाका मेयर बालेन साहका सचिवालय प्रमुख नुरनिधि न्यौपाने, स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेल र वरिष्ठ शाखा अधिकृत भगवती बिडारीलाई निलम्बन गरेको हो ।

कार्यपालिकाको निर्णयविपरीत कर्मचारी भर्ना गरेकामा उनीहरूलाई निलम्बन गरिएको प्रमुख साहका स्वकीय सचिव भूपदेव साहले बताए । 'कार्यपालिकाको निर्णयअनुसार पाँचजना कर्मचारी करारमा भर्ना गर्नुपर्ने थियो । तर, ६ जना भर्ना भएको जानकारी सचिवालयलाई प्राप्त भएपछि उहाँहरूलाई निलम्बन गरेर छानबिन थालेका हौं,' उनले भने, 'हामीले छानबिन समिति पनि बनाइसकेका छौं । उहाँहरूको कसुरमाथि छानबिन हुन्छ । कसुर प्रमाणित भएमा आवश्यक कारबाही पनि हुन्छ ।' महानगरका अनुसार सोमबार नै सहरी योजना आयोगका उपाध्यक्ष सुमनराज भण्डारीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समितिसमेत गठन भएको छ ।



गत ३० असोजमा बसेको कार्यपालिका बैठकले सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र वडा नं. १९ मा मेड्सा डु मोन्ड फ्रान्सको आर्थिक सहयोगमा सन् २०२२ देखि २०२३ अक्टोबर १४ सम्मका लागि सम्झौता भई सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन भइरहेकोमा सम्झौता समाप्त भएकाले त्यहाँबाट उपलब्ध हुने सेवा प्रवाहलाई निरन्तरता दिन सम्पत्ति, दायित्व जेजस्तो अवस्थामा छ, सोही अवस्थामा महानगरमातहत ल्याउने र जनशक्तिको हकमा कार्यसम्पादनको मूल्यांकनका आधारमा काममा लगाउने निर्णय भएको थियो ।

सोहीअनुसार पाँच केन्द्रमा पाँच कर्मचारीलाई निरन्तरता दिने निर्णय भएको थियो । तर, त्यसमा वरिष्ठ शाखा अधिकृत बिडारीले आफ्नी छोरी सुप्रिया ढुंगेलको नाम उल्लेख गरी ६ जना बनाएको आरोप छ । जसकारण उनीहरूलाई निलम्बन गरिएको हो । यो विवादमा प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीसमेत तानिएका छन् । स्रोतका अनुसार मेयर साहको निर्देशनपछि उनी हाल बिदामा छन् । स्वकीय सचिव साहले भने यो नियमित प्रक्रिया भएकाले ठूलो विषयका रूपमा लिनुनपर्ने बताए ।

व्याज छुट गर्ने बारेको अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१८

यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.का विभिन्न शाखा कार्यालयहरु मार्फत विभिन्न उद्देश्यमा कर्जा लिनु भएका केही ऋणी सदस्यहरुले कर्जा नियमितता नगरेको पाईएको तथा शाखा कार्यालयहरुबाट पटक-पटक प्रत्यक्ष भेटघाट, मौखिक तथा लिखित ताकेता गर्दा समेत कर्जा तिर्नेतर्फ कुनै चाँसो नदेखाई कर्जा लिँदाको बखत गरिएको शर्त सम्झौताहरुको समेत बेवास्ता हुन गएको हुँदा किस्ताको म्याद नाघेका सम्पूर्ण ऋणी सदस्यहरुले यहि मिति २०८० पौष मसान्तभित्र आफुले कर्जा लिएका शाखा कार्यालयहरुमा अविलम्व सम्पर्क गरी छ (६) महिना भन्दाबढी समय नियमित नभएको साँवा र व्याज रकम बुझाएमा तिर्नुपर्ने बाँकी व्याजमा पन्ध्र (१५) प्रतिशत व्याज छुट हुने व्यहोरा सम्बन्धित सबैमा यो सूचनाद्वारा जानकारी गराईन्छ ।

यस सूचना बमोजिम उक्त समयावधिभित्र बुझाउनु पर्ने कर्जाको साँवा तथा व्याज भुक्तान गर्न नआएमा वा वास्तविक समस्या सहित सम्बन्धित शाखा कार्यालयमा सम्पर्कमा नआएमा कर्जा असुलीको लागि आवश्यक कानूनी प्रकृया अगाडि बढाउन वित्तिय संस्था बाध्य हुने व्यहोरा समेत यसै सूचनाद्वारा ऋणी सदस्यहरुलाई जानकारी गराईन्छ ।

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
Cyc Nepal Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको)
ठेगाना: पोखरा महानगरपालिका वडा न. ८ सभागृहचोक पोखरा, नेपाल
सम्पर्क: ०६१-५९०८९४, ०६१-५९०८९५ ईमेल: info@cycnlbsl.org.np, वेभसाईट: www.cycnlbsl.org.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कावासोतीको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय कावासोतीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

१. **ऋणीहरुको विवरण:**

१. गोविन्द पौडेलको नाति, शिवराज पौडेलको छोरा, मन्जु आचार्यको पति चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. १२ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.०८ बस्ने **केशवराज पौडेल** (ना.प्र.प.नं. ७५४/०५८, जारी मिति २०५८/१२/०४, जिल्ला प्रशासन कार्यालय, चितवन) ।
२. श्री ५ को सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देही, भैरहवामा मिति २०६२/१२/०२ मा प्रा.फ.नं. १८६६६/०६१ दर्ता कायम रहि श्री ५ को सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, भरतपुरमा मिति २०६१/१२/०४ मा स्थाई लेखा नम्बर ३०१८५५०४८ कायम भई नवलपरासी जिल्ला, शिवमन्दीर गा.वि.स. वडा नं. ०३ (हाल कावासोती न.पा. वडा नं. ०८) स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु उपहार इम्पोरियम** (प्रोप्राइटर गोविन्द पौडेलको नाति, शिवराज पौडेलको छोरा, मन्जु आचार्यको पति चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. १२ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.०८ बस्ने **केशवराज पौडेल** (ना.प्र.प.नं. ७५४/०५८, जारी मिति २०५८/१२/०४, जिल्ला प्रशासन कार्यालय, चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गोविन्द पौडेलको नाति, शिवराज पौडेलको छोरा, मन्जु आचार्यको पति चितवन जिल्ला, रत्ननगर गा.वि.स. वडा नं. १२ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.०८ बस्ने **केशवराज पौडेल** (ना.प्र.प.नं. ७५४/०५८, जारी मिति २०५८/१२/०४, जिल्ला प्रशासन कार्यालय, चितवन) ।
२. शिवराज पौडेलको बुहारी, जगन्नाथ आचार्यको छोरी, केशवराज पौडेलको पत्नी, नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं.०८ बस्ने **मन्जु आचार्य** (ना.प्र.प.नं. ५४२३५, जारी मिति २०६३/०४/१७, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

धितो सुरक्षणको विवरण:

१. **केशव राज पौडेल**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ५क स्थित कित्ता नं. ३३०१ को क्षेत्रफल ०-०-५.२५ (वि.क.धु)को घर जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण**:

धन वहादुर बाह्रघरेको नाती, लाल वहादुर बाह्रघरेको छोरा, नवलपरासी जिल्ला, राकाचुली गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु नगरपालिका वडा नं.१४ बस्ने **श्रीलाल बाह्रघरे** (ना.प्र.प.नं. ३६३०३६/४९८, जारी मिति २०६३/१०/२२, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. लाल वहादुर बाह्रघरेको बुहारी, शेर वहादुर सारु मगरको छोरी, श्रीलाल बाह्रघरेको पत्नी, नवलपरासी जिल्ला, राकाचुली गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु नगरपालिका वडा नं.१४, बस्ने **भुमिसरा सारु मगर** (ना.प्र.प.नं. ३६२०३७/४९, जारी मिति २०६४/११/१९, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।
२. धन वहादुर बाह्रघरेको बुहारी, मान सिं भेंडीको छोरी, लाल वहादुर बाह्रघरेको पत्नी, नवलपरासी जिल्ला, राकाचुली गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु नगरपालिका वडा नं.१४ बस्ने **पारी सरा बाह्रघरे** (ना.प्र.प.नं. १२/१७४, जारी मिति २०४५/०२/२१, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।

धितो सुरक्षणको विवरण:

१. **पारी सरा बाह्रघरे**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, बेनीमाणिपुर गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ३६९, ६४० र १४४४ को क्षेत्रफल ०-४-१, ०-२-१३ र ०-४-१८ (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनी कुमारी बैंक लि. (साबिक एन.सी.सी.बैंक लि.) र ऋणी **श्रीलाल बाह्रघरे** कायम रहि लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय बुटवल रुपन्देहीमा दर्ता कायम रहेको चे.नं. MA1RU4TBKK3H89970, ई.नं. TBK4H84540, सवारी नं. लु २ च ८१५३ को महेन्द्रा बोलेरो गाडी थान १ ।

३. **ऋणीको विवरण**:

कुल वहादुर विरकट्टाको बुहारी, सर्वजित सारु मगरको छोरी, केश वहादुर विरकट्टाको पत्नी, नवलपरासी जिल्ला पिठौली गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं. ०२ बस्ने **तारा माया विरकट्टा मगर** (ना.प्र.प.नं. ३६२०१५/१०५९, जारी मिति २०६८/०७/१७, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. बुद्धिबल विरकट्टाको नाती, कुल वहादुर विरकट्टाको छोरा, तारा माया विरकट्टा मगरको पति, नवलपरासी जिल्ला जौवारी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती नगरपालिका वडा नं. ०२, बस्ने **केश बहादुर विरकट्टा** (ना.प्र.प.नं. ४१२४८, जारी मिति २०६१/११/२१, जिल्ला प्रशासन कार्यालय, नवलपरासी)

धितो सुरक्षणको विवरण

१. **तारामाया विरकट्टा मगर**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ४/४ढ स्थित कित्ता नं. १४२४ र १४४२ को क्षेत्रफल ०-०-३.२५ र ०-०-२ (वि.क.धु) को घर जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय कावासोती फोन नं. ०७८५४०१६५

१० करोड ठगीमा संलग्न लामा पक्राउ

काठमाडौं / आकर्षक तलबमा वैदेशिक रोजगारमा पठाउने प्रलोभन दिई १० करोड रुपैयाँ ठगी गर्ने सिस्टार ट्रेनिङ सेन्टरका सञ्चालक ४७ वर्षीय लालबहादुर लामालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई शंखमूलबाट पक्राउ गरेको हो । ललितपुर कोन्जोसोम गाउँपालिका-१ का लामाले सुवास वाइबा, राजेश तुम्सिङ मगर, दावा लामालगायत युवासँग पाँचदेखि १५ लाख रुपैयाँका दरले १० करोड रुपैयाँ असुलेका थिए । उनले युवालाई लिथोनिया, क्यानडा, सिंगापुरलगायतका मुलुक लैजाने प्रलोभन दिने गर्थे । केही युवालाई उनले सिंगापुरसमेत पुऱ्याएका थिए । तर, अलपत्र पारेपछि उनीहरू नेपाल फर्केका थिए । उनको कार्यालयबाट प्रहरीले नौ सय ९७ थान राहदानी बरामद गरेको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले जानकारी दिए ।

संक्षेपमा उपत्यका

गौशाला : वैदेशिक रोजगारीका लागि कुवेत पठाइदिन्छु भनी दुई लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक व्यक्तिलाई काठमाडौंको गौशालाबाट पक्राउ गरेको छ । तेह्रथुम जिल्ला म्याङ्लुङ नगरपालिका-२ घर भई काठमाडौं महानगरपालिका-८, गौशाला बस्ने ४३ वर्षीया जुनु तुम्बाहाम्फेलाई सोमबार प्रहरीले ठगी आरोपमा पक्राउ गरेको हो । उनले रश्मिता भुलोनलाई कुवेत पठाइदिन्छु, त्यसका लागि प्रतिव्यक्ति ६ लाख ५० हजार रुपैयाँ लाग्छ भन्दै पटक-पटक गरी दुई लाख रुपैयाँ लिई सम्पर्कविहीन भएकी थिइन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले तुम्बाहाम्फेलाई खोजतलास गर्ने क्रममा गौशालाबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाएको जनाएको छ ।

ठिमी : विभिन्न गरगहना र नगद चोरीको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले भक्तपुर ठिमी नगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-१३ बस्ने ४२ वर्षीय भुवन श्रेष्ठलाई पक्राउ गरेको छ । काभ्रेपलाञ्चोक जिल्ला तेमाल गाउँपालिका-३ घर भई ललितपुर महानगरपालिका-१७, ग्वार्कोमा डेरा गरी बस्ने २७ वर्षीया सुमित्रा तामाङको डेराकोठाबाट १८ मंसिरमा भएको चोरीमा उनको संलग्नता देखिएको हो । सिसिटिभी फुटेज तथा प्राविधिक विश्लेषणसमेतको अनुसन्धानबाट उनको संलग्नता खुल्न आएको प्रहरीको भनाइ छ । श्रेष्ठलाई १३ पुसमा काठमाडौंको बाफलमा भएको चोरीका विभिन्न सामानसहित पक्राउ गरिएको प्रहरीको भनाइ छ । यस्तै, चोरीको बिगो लिने-खाने तथा मास्ने कार्यमा संलग्न चितवन जिल्ला अयोध्यापुरी नगरपालिका-१२ घर भई काठमाडौं-१३, बाफलस्थित सुनचाँदीको पसल गरी बस्ने ५६ वर्षीय राजकुमार विश्वकर्मालाई पनि पक्राउ गरी बरामद सामानसहित आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

त्रिपुरेश्वर : काठमाडौं महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने ८३ वटा विद्यालयबीच विभिन्न खेलमा प्रतिस्पर्धा सुरु भएको छ । मंगलबार सुरु भएको तेस्रो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको दशरथ रंगशालामा राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेका छन् ।

■ १४ किलो सुन तस्करी प्रकरण

१० प्रतिवादीविरुद्ध डेढ अर्ब बिगो र पाँच वर्षसम्म कैद माग दाबी गर्दै मुद्दा दर्ता



● **सीताराम अर्याल**, प्रवक्ता, सरकारी वकिलको कार्यालय काठमाडौं

१४ किलो सुन तस्करीमा संलग्न १० जना अभियुक्तविरुद्ध एक अर्ब ४० करोड ५५ लाख रुपैयाँ बिगो दाबी गरिएको छ। कैद सजाय पनि कानुनबमोजिम नै माग दाबी गरिएको छ। उनीहरूले पटक-पटक गरी एक सय ३८ किलो सुन चोरी-पैठारी गरेको अनुसन्धानबाट देखिन्छ। त्यसैलाई आधार बनाएर अदालतमा मुद्दा दर्ता भएको हो।


टेकराज थामी/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको १४ किलो सुन तस्करीसम्बन्धी मुद्दा जिल्ला अदालत काठमाडौंमा दर्ता भएको छ। सोमबार दर्ता भएको मुद्दामा १० जनालाई प्रतिवादी बनाइएको छ। उनीहरूविरुद्ध एक अर्ब ४० करोड ५५ लाख रुपैयाँ बिगो तथा दुईदेखि पाँच वर्षसम्मको कैद सजाय माग दाबी गरिएको छ।

जिल्ला सरकारी वकिलको कार्यालयका अनुसार प्रतिवादीविरुद्ध भन्सार ऐन, २०६४ को दफा २ को (च)अनुसार कारबाही अघि बढाइएको छ। उक्त दफामा कसैले पनि चोरी-पैठारी गर्न नहुने भनिएको छ। चोरी-पैठारी भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु महसुल नतिरी, लुकाइछिपाइ वा बाटो छली वा महसुल नलाग्ने मालवस्तु भए पनि ऐनबमोजिम घोषणा नगरी नेपालभित्र ल्याउने भनी परिभाषित गरिएको छ।

घटनामा संलग्न हुने प्रतिवादीले पटक-पटक गरी एक सय ३८ किलो सुन चोरी-पैठारी गरेकाले एक अर्ब ४० करोड ५५ लाख रुपैयाँ बिगो तथा दुईदेखि पाँच वर्षसम्म कैद साजय माग दाबी गरिएको सरकारी वकिलको कार्यालय काठमाडौंका प्रवक्ता सीताराम अर्याललले बताए। '१४ किलो सुन तस्करीमा संलग्न १० जना अभियुक्तविरुद्ध एक अर्ब ४० करोड ५५ लाख रुपैयाँ बिगो दाबी गरिएको छ। कैद सजाय पनि कानुनबमोजिम नै माग दाबी गरिएको छ। उनीहरूले पटक-पटक गरी एक सय ३८ किलो सुन चोरी-पैठारी गरेको अनुसन्धानबाट देखिन्छ। त्यसैलाई आधार बनाएर अदालतमा मुद्दा दर्ता भएको हो,' उनले भने।

सरकारी वकिलको कार्यालयका अनुसार पत्राउ परेकामध्ये मीनबहादुर घले, चन्द्रबहादर घले, कृष्णकुमार श्रेष्ठ, शेरबहादुर बस्नेत, लोकबहादुर तामाङ, राधाकृष्ण श्रेष्ठ, रमेश देउला, अनिल श्रेष्ठ र डिबी भनिने दनबहादुर गुरुङविरुद्ध मुद्दा दर्ता भएको हो। शेरबहादुर, लोकबहादुर, राधाकृष्ण, रामेश र अनिल नागरिक उड्डयन प्राधिकरणका कर्मचारी हुन्। उनीहरूसँगै पत्राउ परेका सुशीला पाण्डे, कपिल ओझा र गणेश चेपाङविरुद्ध भने मुद्दा चलाइएको छैन। सुनगाभा सगरमाथा श्रेष्ठ जेभी सप्लायर्समार्फत उनीहरूले विमानस्थलमा सरसफाइको काम गर्दै आएका थिए। घटनामा संलग्नता नदेखिएपछि उनीहरूविरुद्ध मुद्दा नचलाउने निर्णय भएको वकिल कार्यालयका प्रवक्ता आर्याललले जानकारी दिए। 'घटनामा तीनजनाविरुद्ध मुद्दा नचलाउने निर्णय भएको छ। घटनामा संलग्नता नदेखिएकाले उनीहरूविरुद्ध मुद्दा नचलाइने भएको हो,' उनले भने।





मीनबहादुर गुरुङ



चन्द्र घले

गत २१ मंसिरमा विमानस्थलस्थित भन्सार कार्यालय र नेपाल प्रहरीको संयुक्त टोलीले १४ किलो सुनसहित चन्द्रबहादुर घलेलाई पत्राउ गरेको थियो। उनकै बयानका आधारमा प्रहरीले तस्करका मुख्य व्यवस्थापक मीनबहादुर घलेलाई धुम्बराहीबाट पत्राउ गरेको थियो। उनीहरूकै बयानका आधारमा घटनामा संलग्न अन्य पत्राउ परेका थिए। करिब १३ दिनको अनुसन्धानपछि उनीहरूले पटक-पटक गरी विमानस्थलबाट एक सय ३८ किलो सुन तस्करी गरेको खुलेका थियो।

■ सुनको रकम भुक्तानी क्रिप्टो र हुन्डीबाट

नेपालमा सुन तस्करीको मुख्य व्यवस्थापकको भूमिकामा थिए गोरखा बारपाक सुलीकोट गाउँपालिका- २ का मीनबहादुर घले। दुबईस्थित भारतीय नागरिक अंकित अग्रवाल र गुरुसँग उनको सीधा सम्पर्क थियो। उनीहरूमार्फत नै घलेले दुबईबाट नेपाल सुन ल्याउँथे। र, सुरक्षित भारत पुऱ्याउँथे। यसबापतको रकम उनले क्रिप्टो र हुन्डीमार्फत भुक्तानी गर्थे। यस धन्दामा उनलाई सघाउँथे, भारतीय व्यापारी विमल पोद्दार। पोद्दार तीनै व्यक्ति हुन्, जो पाँच वर्षअघि विमानस्थलबाट भएको ३८ क्विन्टल सुन तस्करीमा समेत संलग्न थिए। हुन्डी र क्रिप्टो कारोबारको ठूलो सञ्जाल चलाउने उनीविरुद्ध नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले समेत अहिले अनुसन्धान गरिरहेको छ। उनले खर्बौं रुपैयाँबराबरको कारोबार हुन्डी र क्रिप्टोमार्फत गरेको अनुसन्धानबाट खुलेको छ।

गत ६ मंसिरमा काठमाडौं बागबजारबाट पत्राउ परेका रूपेश श्रेष्ठमाथि अनुसन्धान गर्ने क्रममा सो गिरोहका नाइकेमध्ये एक पोद्दार भएको पुष्टि भएको छ। सिआइबीले उनीविरुद्ध जिल्ला अदालत काठमाडौंबाट पत्राउ पुर्जी लिइसकेको छ। श्रेष्ठ पत्राउ परेलगत्तै पोद्दार भागेका थिए। काठमाडौंको डिल्लीबजारमा एड्रेस लाउन्ज नामक रेस्टुरेन्ट चलाउँदै आएका पोद्दार पहिलेदेखि ठूला किसिमको आर्थिक अपराधमा मुछिँदै आएका व्यक्ति हुन्। सिआइबीले श्रेष्ठसहित सो गिरोहका मीनबहादुर जिसी, आशिष अग्रवाल र कुमार परियारलाई पत्राउ गरी अनुसन्धान गरिरहेको छ।

भारत र दुबईमा हुन्डीको कारोबारमा गर्दै आएका पोद्दारले १४ किलो सुन तस्करीमा संलग्न गिरोहसँग पनि साँठगाँठ रहेको र उनीहरूको कारोबार हुन्डी र क्रिप्टोमार्फत गरिदिएको विमानस्थलस्थित भन्सार कार्यालयको भनाइ छ। लामो समयदेखि नेपालमा बस्दै आएका पोद्दार यसअघि चूडामणि उप्रेती 'गोरे' समूहसँग मिलेर सुन तस्करी गरेको आरोपमा ०७५ मा पत्राउ परेका थिए। सो गिरोहमा सुनमा लगानी गर्नेमध्ये उनी प्रमुख व्यक्ति भएको खुलेको थियो। तत्कालीन सुन अनुसन्धान विशेष समितिले उनलाई पत्राउ गरेकोमा सुन र हुन्डीको कारोबार गरेको स्वीकार गरेका थिए। जिल्ला अदालत मोरङले उनलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा पछि उच्च अदालतबाट छुटेका थिए।

■ अभियुक्तविरुद्ध अख्तियार दुरुपयोग, क्रिप्टो तथा हुन्डी र मानव बेचबिखन कसुरमा पनि अनुसन्धान हुने

१४ किलो सुनसहित पत्राउ परेका गिरोहले पटक-पटक गरी एक सय ३८ किलो सुन तस्करी गरेको र त्यसबापतको रकम हुन्डी र क्रिप्टोमार्फत गरिएको देखिएपछि घटनाको बाँकी अनुसन्धान सिआइबीले गर्ने निर्णय सरकारी वकिल कार्यालय काठमाडौंले गरेको छ। अनुसन्धान प्रतिवेदनसहित सबै कागजात सिआइबीलाई दिन वकिल कार्यालयले सोमबार नै विमानस्थलस्थित भन्सार कार्यालयलाई निर्देशन दिएको छ।

घटनमा संलग्न हुनेविरुद्ध मानव बेचबिखन तथा ओसारपसार र अख्तियार दुरुपयोग गरेको अभियोगमा पनि अनुसन्धान गरिनुपर्ने सरकारी वकिल कार्यालयको निष्कर्ष छ। सोहीअनुसार गर्न वकिल कार्यालयले भन्सारलाई निर्देशन दिएको छ। पत्राउ परेकामध्ये कृष्णकुमार श्रेष्ठसँग विभिन्न व्यक्तिको पासपोर्ट बरामद भएको र उनले युवालाई अनेक प्रलोभन दिएर विदेश पठाउने गरेको अनुसन्धानबाट खुलेपछि प्रतिवादीविरुद्ध मानव बेचबिखन तथा ओसारपसार कसुरमा पनि अनुसन्धान गरिनुपर्ने सरकारी वकिल कार्यालयको निष्कर्ष छ।

पत्राउ परेकामध्ये नागरिक उड्डयन प्राधिकरणका कर्मचारी राधाकृष्ण श्रेष्ठ, अनिल श्रेष्ठ, लेकबहादुर तामाङ, रमेश देउला र शेरबहादुर बस्नेतले अख्तियारको दुरुपयोग गरेकाले उनीहरूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्नुपर्ने वकिल कार्यालयको निष्कर्ष छ। सोहीअनुसार प्रतिवेदन हस्तान्तरण गर्न भन्सार कार्यालयलाई निर्देशन दिइएको वकिल कार्यालयका प्रवक्ता अर्याललले बताए। '१४ किलो सुन तस्करीमा पत्राउ परेका अभियुक्तले एक सय ३८ किलो सुन तस्करी गरेको देखियो। त्यसबापतको रकम क्रिप्टो तथा हुन्डीबाट गरेको जस्तो देखिन्छ। यसमा अनुसन्धान गर्न सिआइबी भनेका छौं। पत्राउ परेकोबाट अख्तियारको दुरुपयोग र मानव बेचबिखनमा पनि संलग्न रहेको देखियो। सोहीअनुसार अनुसन्धान गर्न सम्बन्धित निकायमा फाइल पठाउन भन्सारलाई निर्देशन दिएका छौं,' उनले भने।

पूर्वप्रहरी नै मानव बेचबिखनमा पीडित

अध्यागमन अधिकृतसहित चारविरुद्ध मुद्दा दायर

नयाँ पत्रिका

भिजिट भिसामा मानव तस्करी गरेको आरोपमा पत्राउ परेका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका अधिकृत नरवीर खड्कविरुद्ध प्रहरीले मानव बेचबिखन तथा ओसारपसार मुद्दा दायर गरेको छ। अधिकृतसहित चारजनाविरुद्ध जिल्ला प्रहरी परिसर काठमाडौंले जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।

तेह्रथुमका शंकर लिम्बू, मोरङका गोविन्द रिमाल र काठमाडौंका रविन घिमिरेसहित अधिकृत खड्कविरुद्ध मुद्दा दायर भएको हो। एक पूर्वप्रहरी जवानलाई विमानस्थलमा सेटिङ मिलाई भिजिट भिसामा रसिया पुऱ्याई बेचबिखन गरेको अभियोग उनीहरूमाथि छ।

ती पूर्वप्रहरी जवानसँग लिम्बूले चार लाख ९० हजार रुपैयाँ लिएका थिए। गत १ असोजमा उनलाई मस्को लगिएको थियो। त्यहाँ आर्मी क्याम्पमा लगेर भर्ती गरी झुक्याएर युक्रेनसँगको युद्धमा लगाइएको पीडितको उजुरी छ। युद्धका क्रममा घाइते भएपछि ती युवक अस्पतालबाट भागेर नेपाली दूतावासको सम्पर्कमा पुगी नेपाल फर्किएका थिए। पत्राउ परेका शंकर लिम्बूले अध्यागमन अधिकृत खड्कासँग मिलेर भिजिट भिसामा आफूलाई रसिया पठाएको उनको दाबी छ।

यसरी भिजिट भिसामा पठाउँदा अध्यागमन अधिकृत खड्कालाई खातामै ५० हजार रुपैयाँ हालिएको प्रहरी निष्कर्ष छ। गिरोहका नाइके लिम्बूले गोविन्द रिमालमार्फत पैसा हाल्न लगाएका थिए। यो मुद्दामा पत्राउ परेका रविन घिमिरे ट्राभल एजेन्सी सञ्चालक हुन्। घिमिरेले बयानका क्रममा अध्यागमन अधिकृत राम स्वर्णकारलाई प्रतिव्यक्ति २८ हजार तथा एयर अरेबियाका कर्मचारी जीवन न्यौपानेलाई २० हजार दिने गरेको बताएका थिए। तर, उनीहरूको ठेगाना खुल्न नसकेको भन्दै मुद्दा दायर गरिएको छैन। तीन साताअघि प्रहरीले अध्यागमन अधिकृत खड्कालाई दुई लाख रुपैयाँ लिँदै गर्दा पत्राउ गरेको थियो।

■ पीडित भन्छन्- ड्रोनले हानेको बम लागेपछि अस्पतालबाट भाग्यौं

म ट्राफिक प्रहरी वृत्त गौशालामा कार्यरत थिएँ। त्यही क्रममा शंकर लिम्बूसँग भेट भएकोमा उनले भिजिट भिसामा रसिया पठाइदिन्छु, त्यहाँ औद्योगिक क्षेत्रमा मासिक तीन लाख कमाइ हुन्छ भनेपछि आकर्षित भएँ। उनलाई पटक-पटक गरेर चार लाख ९० हजार बुझाएँ। त्यसमध्ये अध्यागमनमा मिलाउन भनेर एक लाख ४० हजार रुपैयाँ लिएका थिए। १ असोजमा म रसिया उडें। लिम्बूले भनेका व्यक्ति मस्को विमानस्थलमा लिन आए। मलाई रसियन आर्मीको क्याम्पमा छिराएर उनी भागे। पछि थाहा भयो, म रसियन आर्मीमा भर्ना भएको रहेछु। त्यहाँ अन्य नेपालीसँग सोध्दा अब बाहिर जान पाइँदैन, युक्रेनसँग लड्न जानुपर्छ भनेपछि आश्चर्यचकित भएँ। बन्धक बनाई मलाई १५ दिन तालिम दिइयो।

युद्ध लड्ने क्रममा युक्रेनतर्फ अघि नबढ्दा आर्मी कमान्डरले गोली हान्छु भनी युद्ध लड्न बाध्य बनायो। असाध्यै चिसो ठाउँ थियो, लासहरू महिनौंदेखि अलपत्र थियो। खाने कुरा र बस्ने सुविधासमेत थिएन। खाली पेट युद्ध लड्नुपर्ने अवस्था थियो, कुनै पारिश्रमिकसमेत नपाएपछि विक्षिप्त भएँ। युद्धकै क्रममा युक्रेनी सेनाले ड्रोनबाट हानेको बम लागेर मलगायत आठजना साथी घाइते भयौं। उपचारका लागि रसियाले युक्रेनको कब्जा गरेको क्षेत्रमा रहेको लोहान्स अस्पतालमा भर्ना गरियो। उपचारपछि फेरि युद्धमा लैजाने तयारी थियो, त्यसकारण सादा पोसाक लगाई अस्पतालबाट भागेर चौथो दिन मस्कोस्थित नेपाली दूतावासको सम्पर्कमा गई १५ मंसिरमा नेपाल फर्किएको हुँ।

बस्तीमा रेलमार्गको नक्सांकन परेको भन्दै रोक्न भरतपुरवासी संघर्षमा

भरतपुर/ पूर्व-पश्चिम विद्युतीय रेलमार्गका लागि गरिएको नक्सांकन बस्तीमा परेको भन्दै भरतपुरमा संघर्ष समिति बनेको छ। रेलमार्गका लागि नक्सांकन गरिएको क्षेत्रका बासिन्दाको भेलाले भगीरथ पहाडीको संयोजकत्वमा ६७ सदस्यीय संघर्ष समिति बनाएको हो। बागमती प्रदेशका पूर्व श्रम तथा यातायातमन्त्री घनश्याम दाहाल सल्लाहकार संयोजक रहने गरेर वडाध्यक्षसहितको सल्लाहकार समिति पनि बनेको छ।

निजगढबाट हेटौंडा हुँदै चितवन प्रवेश गर्ने रेलमार्ग पूर्व-पश्चिम महेन्द्र राजमार्गभन्दा दक्षिणतर्फबाट अघि बढ्दै नवलपरासीको अमरापुरी पुग्ने गरी प्रारम्भिक नक्सांकन गरिएको छ। हाल अध्ययन गरिएको रेलमार्गले भरतपुरका वडा नम्बर ८, ७, ५ र ४ का बस्तीलाई प्रभाव पार्ने गरी आएको भेलामा उपस्थितले बताएका छन्। निजगढ-हेटौंडा-भरतपुर रेलमार्गसम्बन्धी सामाजिक आर्थिक घरधुरी सर्वेक्षण प्रश्नावलीको फाराम भर्न रेल विभागका कर्मचारी आएपछि भरतपुरका आक्रोशित स्थानीयले समिति गठन गरेका हुन्।

विनाआधार घना बस्तीबाट रेलमार्ग बनाउँदै आफूहरूलाई सुकुम्बासी बनाउने प्रयास गरिएकाले समिति बनाउन परेको पहाडीले बताए। 'हाल नक्सांकन गरिएको ठाउँबाट रेलमार्ग बने सयौं जनताको उठीवास लाग्छ,' उनले भने। पूर्वी चितवनबाट टिकौली जंगल हुँदै भरतपुर महानगरपालिका प्रवेश गर्ने मार्ग शरदपुर, गौरीगन्ज, कृष्णपुरस्थित एकीकृत बस्ती हुँदै शिवघाटनजिकैबाट नारायणी नदी पार गरेर नवलपरासीतर्फ पुग्छ। राष्ट्रिय गौरवको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग आयोजना ०६५/६६ बाट सुरु भएको हो। यो रेलमार्ग झापाको काँकडभिट्टाबाट सुरु भई सुदूरपश्चिमको कञ्चनपुरस्थित गड्डाचौकी टुंगिनेछ।

सडक विस्तारविरुद्ध परेका रिट सर्वोच्चबाट खारेज

मकवानपुर/ सर्वोच्च अदालतले हेटौंडा बजार क्षेत्रमा पर्ने पूर्व-पश्चिम राजमार्गअन्तर्गतको २५-२५ मिटर दायाँबायाँ सडक विस्तारको काम रोक्न परेको रिट खारेज गरेको छ। मंगलबार बसेको सर्वोच्च अदालतका न्यायाधीश सारंगा सुवेदी र न्यायाधीश सुनीलकुमार पोखरेलको संयुक्त इजलासले सडक विस्तार सम्बन्धमा दर्ता भएका सम्पूर्ण रिट खारेज गर्ने निर्णय गरेको हो। इजलासले गत ३१ असारदेखि २४ साउनसम्ममा दर्ता भएका हेटौंडा बजार क्षेत्रअन्तर्गत पर्ने राजमार्गको सडक विस्तारविरुद्धका तीन सयभन्दा बढी रिट निवेदन खारेज गर्ने निर्णय गरेको हो।

इजलासले गत ३१ असारमा सीता कार्की, ३ साउनमा मनीष श्रेष्ठ, सीता ढकाल, प्रमोद श्रेष्ठ, ७ साउनमा विजयलाल जोशी र भीमसेन श्रेष्ठ, ८ साउनमा कृष्णप्रसाद कँडेल, ९ साउनमा कृष्ण प्रणामी अतिथि सदन प्रालि, कृष्णगोपाल श्रेष्ठ, रविलक्ष्मी श्रेष्ठ, ज्योति नकर्मी, १० साउनमा धर्मकृष्ण श्रेष्ठ, उत्तम शर्मा ढकाल, केशव श्रेष्ठ, रिनाकुमारी दासलगायतले उत्प्रेषणसहित परमादेश माग गर्दै सर्वोच्चमा रिट दर्ता गराएका थिए। दायर गरिएका रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, जिल्ला प्रशासन कार्यालय मकवानपुर, सडक डिभिजन कार्यालय हेटौंडा र हेटौंडा उपमहानगरपालिकालाई प्रतिवादी बनाइएको थियो। डिभिजन सडक कार्यालय हेटौंडाले राजमार्ग क्षेत्र अतिक्रमण गरी निर्माण भएका भौतिक संरचना हटाउन गत १० असारमा ३५ दिने सूचना जारी गरेको भए पनि घर तथा जग्गाधनीले सर्वोच्चमा रिट दायर गरेपछि सडक विस्तारको काम रोकिएको थियो।

राष्ट्रिय सभा सिटबारे सत्ता गठबन्धनमा औपचारिक छलफल सुरु

एमालेले जितेका सिटमा बाँडफाँटको तयारी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सत्ता गठबन्धनमा राष्ट्रिय सभा निर्वाचनअघि औपचारिक रूपमा सिट बाँडफाँटबारे छलफल अघि बढेको छ। मंगलबार गठबन्धनका प्रमुख घटक कांग्रेस र माओवादीबीच यस विषयमा बालुवाटारमा छलफल भएको हो।

माओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग छलफलका लागि कांग्रेस सभापति शेरबहादुर देउवासहित कांग्रेसका नेताहरू मंगलबार बिहान बालुवाटार पुगेका थिए। छलफलमा सहभागी कांग्रेस प्रमुख सचेतक रमेश लेखकले औपचारिक रूपमा छलफल अघि बढेको बताए। उनले भेटमा समसामयिक विषय र सिटका विषयमा छलफल भएको बताए। भेटमा कांग्रेसका तर्फबाट कुनै प्रस्ताव पेस नभएको उनको भनाइ छ।

'राष्ट्रिय सभा निर्वाचनका विषयमा गठबन्धनमा औपचारिक रूपमा छलफल अगाडि बढेको छ। गठबन्धन दलको बैठक बोलाएर थप छलफल गर्ने कुरा भएको छ। बैठकमा सिट बाँडफाँटको कुनै प्रस्ताव गएको छैन,' लेखकले भने।

गठबन्धनमा राष्ट्रिय सभा अध्यक्षका विषयमा पनि छलफल भएको छ। अध्यक्षका लागि कांग्रेस र माओवादीको दाबी छ। १४ पुसमा सम्पन्न केन्द्रीय समिति बैठकबाट कांग्रेसले राष्ट्रिय सभा निर्वाचनमा गठनबन्धन गर्ने औपचारिक निर्णय लिइसकेको छ। यससँगै कांग्रेसले छलफल अघि बढाएको हो। प्रधानमन्त्रीसँगको छलफलमा कांग्रेसबाट सभापति देउवा, उपसभापति तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा र प्रमुख सचेतक रमेश लेखक सहभागी थिए।



● **रमेश लेखक**
प्रमुख सचेक, कांग्रेस

राष्ट्रिय सभा निर्वाचनका विषयमा गठबन्धनमा औपचारिक रूपमा छलफल अगाडि बढेको छ। गठबन्धनका सबै दलको बैठक बोलाएर थप छलफल गर्ने कुरा भएको छ। बैठकमा सिट बाँडफाँटबारे कुनै प्रस्ताव गएको छैन।

माओवादीका तर्फबाट अध्यक्ष प्रचण्ड, उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र वर्षमान पुन सहभागी थिए। नेताहरूका अनुसार गठबन्धन दलले जितेका स्थानमा सोही दलको सिट कायम गर्ने र एमाले र स्वतन्त्रले जितेका स्थानमा सिट बाँडफाँट गर्ने तयारी छ। कांग्रेसले सत्तागठबन्धनका दलहरूसँग सहमतिका आधारमा साझा उम्मेदवार बनाउने निर्णय गरेको थियो।

■ मतभारमा गठबन्धन बलियो

संसद् सचिवालयका अनुसार एमालेका आठ, कांग्रेसका चार, माओवादी तीन, एकीकृत समाजवादी दुई, जसपा एक र स्वतन्त्र दुई गरी अध्यक्षसहित २० को कार्यकाल सकिँदै छ। रिक्त सिटमा ११ माघमा निर्वाचन हुँदै छ। २० सिटमध्ये बागमतीमा चार, गण्डकी, कर्णाली र सुदूरपश्चिममा तीन-तीन र कोशी, मधेश र लुम्बिनी प्रदेशमा दुई-दुई सिट रिक्त छ। निर्वाचन आयोगले सार्वजनिक गरेको नयाँ मतभारमा पनि गठबन्धन अगाडि देखिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडलका अनुसार आयोगले ०७८ मा सम्पन्न राष्ट्रिय जनगणनाअनुसार जनसंख्याका आधारमा नयाँ मतभार कायम गरेको छ। मतभारमा एक प्रदेश सांसदको ५३ र एक पालिका प्रमुख-उपप्रमुख तथा अध्यक्ष-उपाध्यक्षको १९ मतभार कायम भएको छ। यसअघि प्रदेश सांसदको ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुखको १८ मतभार थियो। आयोगले सार्वजनिक गरेको प्रदेशगत दलीय मतभार हेर्दा सत्तागठबन्धनको पकड देखिन्छ।

■ कांग्रेसबाट ६२६ नाम सिफारिस

कांग्रेस केन्द्रीय कार्यसमितिले उम्मेदवार छनोटमा अवसरबाट वञ्चित र योग्य तथा लोकप्रिय व्यक्तिलाई प्राथमिकता दिने निर्णय गरेको थियो। 'भौगोलिक तथा जातीय क्षेत्रीय सन्तुलनसमेतलाई ध्यान दिई पार्टीमा योगदान गरेका, संसदीय क्षेत्रमा योगदान पुऱ्याउन सक्ने क्षमता भएका, पार्टीप्रति प्रतिबद्ध स्वच्छ छवि भएका हालसम्म कुनै पनि अवसर नपाएका वा विभिन्न कारणले अवसरबाट वञ्चित भएका योग्य तथा लोकप्रिय व्यक्तिलाई प्राथमिकता दिइनेछ,' निर्णयमा भनिएको छ। तर, प्रदेश कार्यसमितिले सबै आकांक्षीको नाम अन्तिम निर्णयका लागि केन्द्रमा पठाएको छ।

कोशी : कांग्रेस कोशी प्रदेशले कृष्णप्रसाद सिटौला, सुजाता कोइराला, महेश आचार्य, डा. मीनेन्द्र रिजाल, गुरुराज घिमिरे, उमेशजंग रायमाझी, तारामान गुरुङ, टंक राई, गिरीराज आचार्य, डा. डिला संग्रौला, रुक्मिणी कोइरालासहित ६३ नाम केन्द्रमा सिफारिस गरेको छ।

मधेश : कांग्रेस मधेश प्रदेशले राष्ट्रिय सभामा आनन्दप्रसाद ढुंगाना, फर्मुल्लाह मन्सुर, नागेन्द्र कुमार, राधेचन्द्र यादव, रामचन्द्र तिवारी, रजिन्द्रबहादुर अमात्य र हृदयनारायण गरी सातजनाको नाम केन्द्रीय कार्यसमितिमा पठाएको छ।

बागमती : प्रदेश कार्यसमितिले ९१ जनाको नाम सिफारिस गरेको छ। जसमा कलाकार नीर शाह, पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाल, केन्द्रीय सदस्य हरिशरण नेपाली, जिपछिरिङ लामा, गणेश लामा, टेकबहादुर गुरुङ, दिलमान पाख्रिन, राधा घले, मदनबहादुर अमात्य, जितजंग बस्नेत, मदनकृष्ण श्रेष्ठ र गंगा अवालेको नाम सिफारिस भएको छ। प्रदेश पदाधिकारीबाट महामन्त्री राजु श्रेष्ठ, सहमहामन्त्रीहरू जीवन डंगोल, चन्द्र महर्जन र हरिशरण श्रेष्ठको नाम सिफारिस भएको छ।

गण्डकी : पूर्वमन्त्री तथा उपसभापति गोपालमान श्रेष्ठ, पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, खुमा अर्याल, रामचन्द्र पोखरेल, रघु पौडेलसहित १६८ नाम सिफारीस भएको छ।

लुम्बिनी : पूर्वउपसभामुख पुष्पा भुसाल, चन्द्र केसी, डा. गोविन्दराज पोखरेल, भरत शाहलगायत १२३ नाम केन्द्रमा पठाएको छ।

कर्णाली : डम्बर जिसी, खड्क बस्याल, रवीन्द्रराज श्रेष्ठ, रंगबहादुर शाही, दीनबन्धु श्रेष्ठ, लाल हमाल, दीपकजंग शाह, भूपेन्द्रजंग शाही, कालीबहादुर सहकारी, मनबहादुर नेपाली, मोतीराज बम, टंक उपाध्यायलगायत ९२ नाम केन्द्रमा सिफारिस भएको छ।

सुदूरपश्चिम : केन्द्रीय सदस्य नैनसिंह महरसहित ८२ नाम केन्द्रमा पठाएको छ।

भारतीय विदेशमन्त्री जयशंकर भोलि आउँदै

परराष्ट्रमन्त्री साउदले लिए सुझाव, संयुक्त आयोगको बैठक र उच्चस्तरीय भेटवार्ता तय

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल र भारतबीच बिहीबार परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठक बस्दै छ। बैठकका लागि परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा भारतीय विदेशमन्त्री डा. एस जयशंकर दिल्लीबाट आउँदै छन्। संयुक्त आयोगको बैठक तथा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र समकक्षी साउदसँग बिहीबारै भेट सकेर उनी शुक्रबार दिल्ली फर्किने कार्यक्रम छ।



डा. एस जयशंकर

शुक्रबार बिहान त्रिभुवन विश्वविद्यालयमा भारतीय सहयोगमा निर्मित केन्द्रीय पुस्तकालय उद्घाटन गरेर जयशंकर स्वदेश फर्किनेछन्। 'राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्रमन्त्रीसँग उहाँको भेटघाट र संयुक्त आयोगको बैठक बिहीबारै हुनेछ। रात्रिभोजमा त्यही दिन प्रमुख पार्टीका शीर्ष नेता, पूर्वप्रधानमन्त्रीसँग उहाँको भेट हुनेछ,' परराष्ट्रका एक अधिकारीले नयाँ पत्रिकासँग भने।

०४४ मा गठित परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठक नेपालमा बस्न लागेको चौथोपटक हो। बैठकको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री साउदले मंगलबार पूर्वपरराष्ट्रसचिवहरू तथा भारतका लाग पूर्वराजदूतहरूसँग सुझाव लिएका छन्। छलफलका क्रममा पूर्वपरराष्ट्रमन्त्री, पूर्वपरराष्ट्रसचिव र भारतका लागि पूर्वराजदूतहरूबाट नेपाल-भारत सम्बन्धका विभिन्न कार्यसूचीमा सुझाव प्राप्त भएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ। उनीहरूले सम्बन्धलाई मित्रवत् सुमधुर र पारस्परिक हितमा आधारित साझेदारीका रूपमा अगाडि बढाउँदै लैजानुपर्ने सुझाब दिएका थिए।

परराष्ट्र मन्त्रालयमा भएको छलफलमा पूर्वपरराष्ट्रमन्त्री डा. भेषबहादुर थापा, पूर्वपरराष्ट्रसचिवहरू भरतराज पौड्याल, मधुरमण आचार्य, अर्जुनबहादुर थापा, दुर्गाप्रसाद भट्टराई तथा पूर्वराजदूत डा. दुर्गेशमान सिंह सहभागी थिए।

दुई देशबीच बढ्दो व्यापार घाटाका सम्बन्धमा भारतमा नेपालको निर्यात वृद्धिका उपाय पहिल्याउनुपर्ने, विद्युत् व्यापार थप विस्तार गर्नुपर्ने, सीमापार पूर्वाधार सुदृढ गर्नुपर्ने, विगतमा सम्झौता भएका योजना कार्यान्वयन गर्नुपर्ने, विगतमा सुरु भएका विकास आयोजना समयबद्ध रूपमा सम्पन्न हुनुपर्ने सुझाव दिएका थिए। उनीहरूले भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलका लागि हवाई प्रवेश अनुमतिका लागि प्रयास गर्नुपर्ने, इपिजी प्रतिवेदन बुझ्ने वातावरण बनाउनुपर्ने, सीमालगायत विषयमा छलफल गर्न गठित स्थापित संयन्त्रलाई सक्रिय बनाउनुपर्ने सुझाब दिएका थिए।

'दुई देशको बीचमा अविश्वासको तह बढेको छ। विगतका प्रतिबद्धता कार्यान्वयनमा भारत मात्र होइन, हामी पनि गम्भीर छैनौं, यसमा ध्यान दिनुपर्छ,' बैठकमा सहभागी एक पूर्वकूटनीतिज्ञले भने, 'पारस्परिक सुरक्षा चासो सम्बोधन गरेर अघि बढ्नुपर्छ। सम्बन्धका विषयलाई राजनीतीकरण गर्नुहुँदैन।' अधिकांशले सर्वपक्षीय सहमतिका आधारमा छिमेकी भारत र चीन तथा बाह्य मुलुकसँग सम्बन्ध सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए। अर्का सहभागी कूटनीतिज्ञले क्षेत्रीय संगठन सार्क र बिमस्टेकको भविष्य, इपिजी प्रतिवेदनको भविष्य के हुने भन्नेमा पनि ठोस छलफल गर्नुपर्ने सुझाव दिएको बताए।

परराष्ट्रमन्त्री साउदले भारतीय विदेशमन्त्रीको भ्रमण र संयुक्त आयोगको बैठकका एजेन्डाबारे बताएनन्। उनले सुझाव मात्रै सुनेका थिए।

चिनियाँ प्रतिनिधिमण्डल पनि आउँदै



सी युङगाङ

चीनको युनान प्रान्तस्थित चिनियाँ कम्युनिस्ट पार्टीका डेपुटी सेक्रेटरी सी युङगाङ तीनदिने भ्रमणका लागि बिहीबार नै काठमाडौं आउन लागेका छन्। कूटनीतिक स्रोतका अनुसार यो उनको पूर्वनिर्धारित भ्रमण हो। शनिबारसम्म नेपालमा रहँदा उनको उपराष्ट्रपति रामसहायप्रसाद यादव, पर

नयाँ वर्षमा घुम्न जाँदा लेक लागेर मृत्यु

ओखलढुंगा/ नयाँ वर्ष मनाउन घुम्न गएका एक पुरुषको लेक लागेर मृत्यु भएको छ। जिल्लाको खिजीदेम्बा गाउँपालिका- ३ खिजीचण्डेश्वरीका ५३ वर्षीय जितबहादुर सुनुवारको लेक लागेर मृत्यु भएको हो। अंग्रेजी नयाँ वर्ष २०२४ को पहिलो दिन घरबाट साथीहरूसँग घुम्न निस्केका सुनुवारलाई पिके जाने क्रममा सोलुखुम्बु र ओखलढुंगाको सिमानामा पर्ने खिजीदेम्बा- ९ भुलभुलेमा लेक लागेको थियो। लेक लागेर एक्कासि बेहोस भई ढलेका सुनुवारको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका सूचना अधिकारी प्रहरी निरीक्षक बालिस्टर सिंहले जानकारी दिए। सुनुवारसहित खिजीदेम्बाका युवाहरू नयाँ वर्षको अवसर पारेर यस क्षेत्रकै प्रमुख पर्यटकीय क्षेत्र थोलेदेम्बा, भुलभुले हुँदै पिकेडाँडासम्मको यात्रामा थिए।

■ मित्रमिलन सहकारी ठगी प्रकरण

पक्राउ परेका ६ पुर्पक्षका लागि कारागार चलान

कास्कीमा **रोहितराज पराजुली**

पोखरा महानगरपालिका- ९ नयाँबजारस्थित मित्रमिलन बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिनाको आरोपमा पक्राउ परेका ६ अभियुक्त मंगलबार पुर्पक्षका लागि कारागार चलान भएका छन्। कास्की जिल्ला अदालतले उनीहरूलाई पुर्पक्षका लागि कारागार चलान गरेको हो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता डिएसपी श्रवणकुमार विकले अदालतमा मंगलबार भएको थुनछेक बहसपछि न्यायाधीश क्रषिराम आर्चायको इजलासले उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो। कारागार चलान हुनेमा स्याङ्जा आँधीखोला गाउँपालिका- ४ घर भई पोखरा- ७ रत्नचोक बस्ने सहकारीका अध्यक्ष ३२ वर्षीय रमन पौडेल, स्याङ्जा वालिङ नगरपालिका- ११ धनपुरे स्थायी घर भई पर्वतको कुश्मा नगरपालिका- ५ बस्ने कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ५२ वर्षीय उदयबहादुर पराजुली, नुवाकोट तारकेश्वर गाउँपालिका- १ स्थायी घर भई हाल पोखरा- ८ रामघाट बस्ने सहकारीका सञ्चालक समिति सदस्य ३५ वर्षीय गोपाल खनाल, पोखरा- १७ विरौटा बस्ने सहकारीका सेयर सदस्य ४२ वर्षीय बुद्धिसागर पौडेल, पोखरा- ६ खहरे बस्ने सहकारीका सल्लाहकार ३९ वर्षीय राजु बराल र पोखरा- २३ खोरपाखा स्थायी घर भई पोखरा- ११ फूलबारी बस्ने सहकारीका कार्यकारी अधिकृत २८ वर्षीय किरण अधिकारी छन्।

कास्की प्रहरीले सहकारीमा ३१ करोड ७८ लाख रकम हिनामिना भएको प्रतिवेदनसहित ८ पुसमा जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान रिपोर्ट पेस गरेको थियो। प्रहरीले सहकारीमा भएको ठगीको अनुसन्धानसँगै बचतकर्ताले दिएको उजुरीका आधारमा सो रकमबराबरको बिगो दाबी गरेको छ।

Samsi Rural Municipality
Office of the Rural Municipal Executive
Samsi, Mahottari

Invitation of Bid (IFB)

Date of publication : 2080/09/16 or 1st Jan, 2024

1. Samsi Rural Municipality, Samsi invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.
2. The details of the project are as follows:

S. No.	Contract No.	Description of work	Bid Security	Bid Document Fee	Bid/Bid Bond Validity Period	Last date of Bid Submission
1	SRMUN 80/81-01	Hand Pump Installation Works all complete for poor and needy person for pure water supply	NRS. 320000.00	NRS. 3000.00	90 days/ 120 days from last date of bid submission	31st Jan 2024 before 12:00 noon

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०९/१८)

यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/१०/०३

बोलपत्र खोलिने मिति
२०८०/१०/०४ दिउँसो ३ बजे

क्र.सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको अचल सम्पत्तिहरुको विवरण
१.	अधिविकर्ष कर्जा	**ऋणी : पासाङ अटो पार्टस एण्ड वर्कसप** **प्रा.फ.नं.घ.उ.वि. : १०९०/०७४/०७५** ठेगाना : खाँडाचक्र ०३, कालिकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. अंक बहादुर गुरुङ्ग** (ना.प्र.नं. ५४९१३/२१९९, मिति २०५९/०४/०३ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) बाबु : कुसाङ्ग गुरुङ्ग बाजे : मतिलाल गुरुङ्ग **२. कमला गुरुङ्ग** (ना.प्र.नं. ६४-०१-७३-०३६९६, मिति २०७३/०७/०९ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : अंक बहादुर गुरुङ्ग ससुरा : कुसाङ्ग गुरुङ्ग	अंक बहादुर गुरुङ्गको नाममा सुर्खेत जिल्ला मालपोत कार्यालय सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोईली गा.वि.स./न.पा. वडा नं. ७(क) स्थित कि.नं. १४१० (०-०-१३-१ विगाहा) र कि.नं. ५२४ (०-०-१२-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२.	आवधिक कर्जा	**ऋणी : माँ वैष्णवी फर्निसिङ्ग शो रुम** प्रा.फ.र.नं. : ४५२३०/०७६/०७७ ठेगाना : सियारी-०७, रुपन्देही **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुमित्रा बानिया** (ना.प्र.नं. ३७३०३३/१०२, मिति २०६३/११/१८ मा जि.प्र.का. रुपन्देही बाट जारी भएको) पति : लोटन बनिया ससुरा : कृष्ण लाल बनिया **२. लोटन बनिया** (ना.प्र.नं. १५५३६, मिति २०६०/०८/१६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : कृष्ण लाल बनिया बाजे : रामधनी बनिया	लोटन बनियाको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आ.अमवा गा.वि.स./न.पा. वडा नं. ४(ख) स्थित कि.नं. ९८५ (०-०-७-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३.	विविध कर्जा	**ऋणीहरु :** **(क) डि वि किराना पसल** प्रा.फ.र.नं. : ६५४६/०६९/०७० ठेगाना : अन्नपूर्ण-०५, कास्की **(ख) एम.के.एम.टि.देवी कार्की कन्स्ट्रक्सन प्रा.लि.** दर्ता नं. : १३६४५५/०७१/०७२ ठेगाना : देउपुर-०२, पर्वत **व्यक्तिगत जमानीकर्ताहरु :** **१. देवी कार्की क्षेत्री** (ना.प्र.नं. ५११०१८/७८, मिति २०६५/०१/२३ मा जि.प्र.का. पर्वतबाट जारी भएको) बाबु : मोती बहादुर खत्री पति : बेल बहादुर कार्की ससुरा : गंगा बहादुर कार्की **२. बेल बहादुर कार्की क्षेत्री** (ना.प्र.नं. ५५०७, मिति २०४५/०१/०२ मा जि.प्र.का. पर्वतबाट जारी भएको) बाबु : गंगा बहादुर कार्की बाजे : जंग वीर कार्की	१. देवी कार्की क्षेत्रीको नाममा पर्वत जिल्ला मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, देउपुरकोट गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं.४९६ (३९-१४-०-१ रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. देवी कार्की क्षेत्रीको नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, सल्यान गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.नं. १८६९ (०-५-०-१ रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधनहरु : (क) कम्पनीको नाम : KOBELCO सवारीको मोडेल : Kobelco SK220XDLC-10 निर्माण वर्ष : 2018 ईन्जिन नं. : J05ETA-48909 च्यासिस नं. : YQ 15-B5908 सवारी दर्ता नं. : वा २ क ९४१४ (ख) कम्पनीको नाम : Mahindra and Mahindra सवारीको मोडेल : Mahindra and Mahindra Loader and Backhoe Earth Master SX(4WD) निर्माण वर्ष : 2017 ईन्जिन नं. : NHD5WAE0043 च्यासिस नं. : 17H5164 सवारी दर्ता नं. : ग १ क ४३३९

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
केन्द्रिय कार्यालय, दरबारमार्ग काठमाण्डौं
फोन नं. : ४-२४२५३०, ४-२२८२२९
ई-मेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०।०९।१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट २. डिमाण्ड कर्जा	**ऋणीको नामः पि. आर कोल्ड स्टोर** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा दर्ता रहेको) दर्ता नं.: ३३९१३/०७१ दर्ता मितिः २०७१/०६/२७ स्थायी लेखा नं.: ६०२६०७६०१ ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं.६। **प्रोप्राईटरः** **रुक्मागत चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): २७२२१ (२०६१/०८/०२/रुपन्देही) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामःलोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं.६ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. शोभा चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३००३/८३(२०६३/११/२७/रुपन्देही) बाबुको नामः रामचन्द्र न्यौपाने ससुराको नामः देउ भक्त चापागाई पतिको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं.१। **२. पदमनाथ चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८२३७(२०६३/०४/२१/बुटवल) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं.१। **३. भुमादेवी पाण्डे चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२३०४४/६८८(२०६३/१०/२१/रुपन्देही) बाबुको नामः नुरदेव पाण्डे ससुराको नामः लोक नाथ चापागाई पतिको नामः रुक्मागत चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ५। **४. जीव लाल चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२००३/६९९६८ (२०६८/०५/२८/रुपन्देही) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं. १। **५. लोक नाथ चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ५६९८(२०४२/१२/२०/स्याङजा) बाजेको नामः प्रमानन्द चापागाई बाबुको नामः देउ भक्त चापागाई ठेगानाः स्याङजा जिल्ला, पिडीखोला गा.वि.स., वडा नं. ३। **६. हुमकान्त चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): २७२२२(२०६१/०८/०२/बुटवल) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं. १।	१. प्रमानन्द चापागाईको नाति, देउ भक्त चापागाईको छोरा, स्याङजा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ बस्ने **लोक नाथ चापागाई**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ८/ग स्थित कि.न. १७९ को क्षेत्रफल ०-२-१४-० (बिघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. रामचन्द्र न्यौपानेको छोरी, देउ भक्त चापागाईको बुहारी, लोक नाथ चापागाईको पत्नि रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. १ बस्ने **शोभा चापागाई**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ९/ख स्थित कि.न. १८ को क्षेत्रफल ०-१३-०-० (बिघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ३. नुरदेव पाण्डेको छोरी, लोक नाथ चापागाईको बुहारी, रुक्मागत चापागाईको पत्नि रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बस्ने **भुमादेवी पाण्डे चापागाई**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा., वडा नं. ८/क स्थित कि.न. ५४१ र ५४२ को क्षेत्रफल ०-०-१५-० र ०-१-५-० (बिघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ४. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको स्वामित्व / नियन्त्रण मा रहेका सम्पूर्ण माल सामान / स्टकहरुको मौजदातहरु।
२.	आवास कर्जा	**ऋणीको नामः रुक्मागत चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): २७२२१ (२०६१/०८/०२/रुपन्देही) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं.६ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. शोभा चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३००३/८३(२०६३/११/२७/रुपन्देही) बाबुको नामः रामचन्द्र न्यौपाने ससुराको नामः देउ भक्त चापागाई पतिको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं.१। **२. पदमनाथ चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८२३७(२०६३/०४/२१/बुटवल) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं.१। **३. भुमादेवी पाण्डे चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ४२३०४४/६८८(२०६३/१०/२१/रुपन्देही) बाबुको नामः नुरदेव पाण्डे ससुराको नामः लोक नाथ चापागाई पतिको नामः रुक्मागत चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५। **४. जीव लाल चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२००३/६९९६८ (२०६८/०५/२८/रुपन्देही) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं.१। **५. लोक नाथ चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ५६९८(२०४२/१२/२०/स्याङजा) बाजेको नामः प्रमानन्द चापागाई बाबुको नामः देउ भक्त चापागाई ठेगानाः स्याङजा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं.३। **६. हुमकान्त चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): २७२२२(२०६१/०८/०२/बुटवल) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं.१।	नुरदेव पाण्डेको छोरी, लोक नाथ चापागाईको बुहारी, रुक्मागत चापागाईको पत्नि रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बस्ने **भुमादेवी पाण्डे चापागाई**को नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा., वडा नं. ८/क स्थित कि.न. ५४१ र ५४२ को क्षेत्रफल ०-०-१५-० र ०-१-५-० (बिघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	१. ओभरड्राफ्ट २. आवधिक कर्जा ३. चालुपुजी कर्जा ४. डिमाण्ड कर्जा	**ऋणीको नामः कृष्ण सुदामा गार्मेण्ट्स उद्योग प्रा.लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २४५७९८/०७७/०७८ दर्ता मितिः २०७७/०७/०३ स्थायी लेखा नं.: ६०९८३५८४९ ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ४। **सञ्चालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१. नुम कान्त खनाल** ना.प्र.प.नं (जारी मिति/स्थान): १०३३४(२०५८/०३/२७/रुपन्देही) बाजेको नामः डण्डपानी खनाल बाबुको नामः धनपती खनाल ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स., वडा नं. ६ । **२. भानुभक्त चपाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ६८३५३(२०५९/०६/१३/स्याङ्जा) बाजेको नामः नुक्तिराम चपाई बाबुको नामः धनपती चपाई ठेगानाः स्याङ्जा जिल्ला, रापाकोट गा.वि.स., वडा नं. ९। **३. कृष्ण प्रसाद चपाई** ना.प्र.प.नं (जारी मिति/स्थान): ९५९५(२०४५/०२/०७/स्याङ्जा) बाजेको नामः दामोदर चपाई बाबुको नामः नारायणदत्त चपाई ठेगानाः स्याङ्जा जिल्ला, रापाकोट गा.वि.स., वडा नं. ९ । **४. रुक्मागत चापागाई** ना.प्र.प.नं (जारी मिति/स्थान): २७२२१ (२०६१/०८/०२/रुपन्देही) बाजेको नामः देउ भक्त चापागाई बाबुको नामः लोक नाथ चापागाई ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं. ६ । **व्यक्तिगत जमानतकर्ताः** **हरि कला खनाल** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०२-७३-०४३५८(२०६३/०६/१२/रुपन्देही) बाबुको नामः प्रेम नारायण भण्डारी ससुराको नामः धनपती खनाल पतिको नामः नुम कान्त खनाल ठेगानाः रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं. ३।	१. डण्डपानी खनालको नाति, धनपती खनाल को छोरा, रुपन्देही जिल्ला, केरवानी गा.वि.स., वडा नं. ६ बस्ने **नुम कान्त खनाल**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ५/क स्थित कि.न. ६९४ को क्षेत्रफल २५०५.८५ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको स्वामित्व / नियन्त्रण मा रहेका सम्पूर्ण माल सामान / स्टकहरुको मौजदातहरु।
४.	१. आवधिक कर्जा २. डिमाण्ड कर्जा ३. बैक जमानत ४. ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः जय किसान प्रा.लि.** (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १४९२५६/७२/०७३ दर्ता मितिः २०७३/०२/०२ स्थायी लेखा नं.: ६०४२५९०८२ ठेगानाः पर्सा जिल्ला, विरन्चीवर्वा गा.वि.स., वडा नं २। **संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१. मुर्ली मनोहर तिवारी** ना.प्र.प.नं (जारी मिति/स्थान): १५९०१३३९ (२०५१/१०/०२/पर्सा) बाजेको नामः चन्द्रिका तिवारी बाबुको नामः गुणाकर मन्ने श्रीकान्त तिवारी ठेगानाः पर्सा जिल्ला, विरन्चीवर्वा गा.वि.स., वडा नं २। **२. बलराम तिवारी** ना.प्र.प.नं (जारी मिति/स्थान): १५९०१३३८ (२०५१/१०/०२/पर्सा) बाजेको नामः चन्द्रिका तिवारी बाबुको नामः गुणाकर मन्ने श्रीकान्त तिवारी ठेगानाः पर्सा जिल्ला, विरन्चीवर्वा गा.वि.स., वडा नं २। **३. शशिबाला तिवारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ३८३३ (२०५९/०२/१३/पर्सा) बाबुको नामः हंकार मणि तिवारी ससुराको नामः चन्द्रिका तिवारी पतिको नामः गुणाकर मन्ने श्रीकान्त तिवारी ठेगानाः पर्सा जिल्ला, विरन्चीवर्वा गा.वि.स., वडा नं २।	१. हंकार मणि तिवारीको छोरी, चन्द्रिका तिवारीको बुहारी, गुणाकर भन्ने श्रीकान्त तिवारीको पत्नी, पर्सा जिल्ला, विरन्चीवर्वा गा.वि.स., वडा नं २ बस्ने **शशिबाला तिवारी** को नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको जग्गाहरु क) पर्सा जिल्ला, पोखरिया गा.वि.स., वडा नं. ४ स्थित कि.न. २०८ को क्षेत्रफल ०१०५.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ख) पर्सा जिल्ला, श्रीसिया नौतज गा.वि.स. वडा नं. ९ स्थित कि.न. ५०३, ५०५, ५०७ को क्षेत्रफल क्रमशः ०-९-०, ०-०-७, ०-८-९½ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत प्लान्ट / मेशिनरी, मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७



यश कुमारको 'तिमी छौ र त' सार्वजनिक


गायक यश कुमारको शब्द, संगीत र स्वर रहेको गीत 'तिमी छौ र त' सार्वजनिक भएको छ। मंगलबार काठमाडौंमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले गीत सार्वजनिक गरेका हुन्। गीतको भिडियोमा यश कुमारसँगै अनु थापा, प्रेम सुब्बा, राजेश घतानीलगायतका कलाकारले अभिनय गरेका छन्।



'भक्षक'मा भूमि

अभिनेत्री भूमि पेडनेकरले फिल्म 'भक्षक'को सुटिङ पूरा गरेकी छिन्। यसमा उनी एक पत्रकारको भूमिकामा देखिएकी छिन्। भूमि र सञ्जय मिश्राको मुख्य भूमिका रहेको यो फिल्म एक सत्य घटनामामा आधारित छ। यस फिल्मलाई शाहरुख खानले निर्माण गरेका हुन्।

स्वर बस्न नदिन के गर्ने ?



डाक्टरको सल्लाह

अत्यधिक बोल्दा वा भाइरल, ब्याक्टेरियल संक्रमणका कारण स्वरयन्त्र सुन्निने गर्छ। गला दुख्ने, खसखस हुने, खानेकुरा निल्दा दुख्ने, स्वर धोद्रो हुने, स्वर बस्ने, अचानक बन्द हुनेलगायत समस्या देखिन्छ।

सामान्य अवस्थामा स्वरयन्त्र (लेरिंक्स) भित्रका भोकल कर्डस सहज रूपमा खुल्छन् र बन्द हुन्छन्, अनि त्यसको भाइब्रेसनबाट आवाज निस्कन्छ। तर 'लेरिन्जाइटिस' भएका वेला भोकलकर्ड सुन्निएको हुन्छ र दुखाइले आवाज कमजोर हुने वा बस्ने गर्छ। अत्यधिक बोल्दा वा भाइरल, ब्याक्टेरियल संक्रमणका कारण स्वरयन्त्र सुन्निने गर्छ। गला दुख्ने, खसखस हुने, खानेकुरा निल्दा दुख्ने, स्वर धोद्रो हुने, स्वर बस्ने, अचानक बन्द हुनेलगायत समस्या देखिन्छ।

शिक्षण, गायन, रेडियो वा टेलिभिजनमा कार्यक्रम प्रस्तोताको भूमिका निर्वाह गर्नेलगायत व्यावसाहिक रूपमा आफ्नो स्वर कलाको प्रयोग गर्नेहरूले अत्यधिक रूपमा गलाको प्रयोग गर्ने भएकाले उनीहरूमा जुनसुकै समय पनि यस्तो समस्या देखिन सक्छ। किनकि, उनीहरूको आवाज डिमान्डेड हुन्छ र त्यहीअनुसार उनीहरूले अत्यधिक रूपमा यसको प्रयोग गरेका हुन्छन्। उनीहरू आफ्नो स्वरलाई सुरक्षित राख्ने विषयमा पनि उत्तिकै सतर्क रहनुपर्छ। वेला-वेलामा चिकित्सकसँग परामर्श लिइराख्नुपर्छ। आममानिसका हकमा गर्मीको दाँजोमा जाडोमा यस्तो समस्या धेरै देखिने गर्छ। किनकि, यस मौसममा मानिसलाई भाइरल इन्फेक्सन तथा रुघाखोकी धेरै लाग्ने गर्छ, त्यस्तै हावा सुक्खा हुन्छ र धुलोधुवाँ बढी उड्छ।

लेरिन्जाइटिस दुई प्रकारका हुन्छन् : एक्युट वा क्रोनिक। एक्युट लेरिन्जाइटिस अस्थायी हुन्छ। चिच्याउने, बढी बोल्ने वा भाइरल-ब्याक्टेरियल इन्फेक्सनले निम्तिएको यस्ता अवस्था धेरै दिनसम्म रहँदैन। नाक, कान र घाँटीको जाँच गरेर समस्या पत्ता लगाउन सकिन्छ। तीन साताभन्दा बढी समयसम्म आवाज सुधार नभएको अवस्थालाई क्रोनिक मान्न सकिन्छ। केमिकलयुक्त धुवाँ, चुरोटको धुवाँ वा एलर्जी पैदा गर्ने र सासको माध्यमबाट शरीरभित्र पुगेर यस्तो अवस्था सिर्जना भएको हुन सक्छ। यस्तो अवस्थामा ब्लड टेस्ट, एक्स-रे वा अन्य परीक्षण पनि गर्नुपर्ने हुन सक्छ।



डा. स्वस्ति शर्मा

के गर्ने ?

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखराकी नाक, कान, घाँटी रोग विशेषज्ञ डा. स्वस्ती शर्मा एक साताभन्दा बढी समयसम्म घाँटीमा संक्रमण देखिएमा चिकित्सकसँग परामर्श गर्नुपर्ने बताउँछिन्। 'कतिपय मानिसहरू स्वर बिग्रनासाथ एन्टिबायोटिक प्रयोग गर्छन्। रुघाखोकी लाग्दा वा घाँटी दुख्दा औषधि लिने गर्छन्। तर, यसरी जथाभावी औषधि प्रयोग गर्नुहुँदैन। सुरुमा आराम गर्ने, कम बोल्ने, मनतातो पानी पिउने, मनतातो पानीले कुला गर्नुपर्छ। धुलो-धुवाँबाट जोगिनुपर्छ। ७-१० दिनसम्म पनि सुधार भएन भने चिकित्सकसँग परामर्श गरेर चेकजाँच गर्नुपर्छ,' उनले भनिन्।



डा. युगराज सापेकाटा

घरेलु विधि

आयुर्वेद क्याम्पस कीर्तिपुरका उपप्रधाध्यापक डा.युगराज सापेकाटा भान्छामै उपलब्ध केही जडीबुटीको प्रयोगले स्वर बसेको समस्या समाधानमा मद्दत गर्ने बताउँछन्। 'सबैभन्दा राम्रो औषधि बोजो हो। ससाना टुक्रा बनाएर यसलाई चुस्यो भने स्वर खुलाउन सहयोग गर्छ। खयर, जेठीमधुले पनि स्वर खुलाउन सहयोग गर्छ। त्यस्तै, सितोपलादीमा मह मिसाएर खान सकिन्छ। एकचोटिमा एक चिया चम्चा र धेरै मह मिसाएर त्यसलाई लेदोजस्तो बनाएर प्रयोग गर्न सकिन्छ। मनतातो बेसारपानीमा नुन मिसाएर कुला पनि गर्न सकिन्छ,' उनले भने।

स्याउले राख्छ निरोगी

अंग्रेजीमा एउटा भनाइ चर्चित छ, 'दिनमा एउटा स्याउ खानाले डाक्टर दूर रहन्छन्।' स्याउमा प्रशस्त मात्रामा फाइबर, क्यालिसियम र एन्टिअक्सिडेन्ट पाइन्छ। स्याउमा पाइने यी पोषक तत्त्वले मानिसलाई निरोगी बन्न सघाउँछ। साथै, रोगप्रतिरोधी क्षमतासमेत बढाउँछ। शरीरमा कोलेस्ट्रोलको मात्रा घटाउनुका साथै, सुगर नियन्त्रणमा राख्न मद्दत गर्छ। यसमा पाइने फाइबरले कब्जियत कम गर्छ। नियमित स्याउ खाएमा पायल्सको समस्या क्रमशः कम हुँदै जान्छ। स्याउ सेवनले अल्जाइमरको खतरालाई पनि कम गर्छ। नियमित स्याउ खाँदा मोटोपन हटाउन सहयोग गर्छ। साथै, मोटोपनबाट हुने हृदयाघात, डाइबिटिज, मुटुरोगजस्ता विभिन्न समस्याको जोखिम कम हुन्छ। मिर्गौलामा हुने पत्थरीबाट बच्न स्याउ सेवन लाभदायी हुन्छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०९/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

नेपालगञ्ज पुष्पलाल चोक शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बर्दियामा प्रा.फ.र.नं. १८२/३४२८/०७२/०७३ अन्तर्गत मिति २०७२/०८/०२ मा दर्ता कायम भएको **बसौला मेडिकल हल** फर्म दर्ता ठेगाना : कालिका - २, बर्दिया स्थायी लेखा नं. ३०५७२२७०८, मिति २०७०/१२/२४ **प्रोप्राइटर : किशोर प्रसाद बसौला** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**किशोर प्रसाद बसौला** ना.प्र.नं. २९४०/०३५ जारी मिति २०५१/०५/२९, जि.प्र.का. चितवन बाबुको नाम : कुबिर दत्त बसौला बाजेको नाम : पदम दत्त बसौला स्थायी ठेगाना : पटिहानी - २, चितवन हालको ठेगाना : कालिका - २, बर्दिया	**कृष्ण कुमारी श्रेष्ठ** ना.प्र.नं. ५०५४५, जारी मिति २०६१/०४/१२ जि.प्र.का. लमजुङ बाबुको नाम : शिवलाल श्रेष्ठ पतिको नाम : किशोर प्रसाद बसौला ससुराको नाम : कुबिर दत्त बसौला स्थायी ठेगाना : गाउँशहर - २, लमजुङ हालको ठेगाना : कालिका - २, बर्दिया

धितोको विवरण

घरजग्गाको विवरण

१. शिवलाल श्रेष्ठको छोरी, कुबिर दत्त बसौलाको बुहारी, किशोर प्रसाद बसौलाको पत्नी, कृष्ण कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय, गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेका बर्दिया जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. २१७३ को क्षेत्रफल १६९.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. पदम दत्त बसौलाको नाति, कुबिर दत्त बसौलाको छोरा, किशोर प्रसाद बसौलाको नाममा मालपोत कार्यालय, गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ११५८ र ११६२ को क्षेत्रफल क्रमशः ११५.०० र १५५.०० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

बुटवल मिलनचोक शाखा, रुपन्देही

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही, लुम्बिनी प्रदेशमा दर्ता नं. ३/१२२ अन्तर्गत मिति २०७७/११/०४ मा दर्ता कायम भएको **माता देउराली कलेक्शन** फर्म दर्ता ठेगाना : तिलोत्तमा न.पा. - ३, रुपन्देही स्थायी लेखा नं. ६१५१८४२१४, मिति २०७७/११/०४ प्रोप्राईटर : उर्मिला थापा **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**उर्मिला थापा** ना.प्र.नं. ३७४/०४४, जारी मिति २०५९/०२/२१ जि.प्र.का. चितवन बाबुको नाम : दल बहादुर थापा पतिको नाम : युव राज उपाध्याय ससुराको नाम : दयाराम उपाध्याय स्थायी ठेगाना : शिवनगर - ५, चितवन	**युव राज उपाध्याय** ना.प्र.नं. १४०२२, जारी मिति २०५६/०९/१७ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : दयाराम उपाध्याय बाजेको नाम : टिकाराम उपाध्याय स्थायी ठेगाना : कोपवा - ७, कपिलवस्तु

धितोको विवरण

घरजग्गाको विवरण

टिकारामको नाति, दयाराम उपाध्याको छोरा, युवराज उपाध्याको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ५ ख स्थित कित्ता नं. ३४४ र ३५२ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-४-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ठमेल शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
दुर्गा श्रेष्ठ ना.प्र.नं. ५०९१/६९८, जारी मिति २०५१/१०/०४, जि.प्र.का. सोलुखुम्बु बाबुको नाम : मुगाधन श्रेष्ठ बाजेको नाम : सार्के श्रेष्ठ स्थायी ठेगाना : गार्मा - ८, सोलुखुम्बु हालको ठेगाना : का.म.न.पा. - २९, ठमेल, काठमाडौं **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**रोशनी लामा** ना.प्र.नं. ३४/२३७३०, जारी मिति २०६२/०२/२६ जि.प्र.का. मकवानपुर बाबुको नाम : पुर्ण बहादुर लामा बाजेको नाम : विर बहादुर लामा स्थायी ठेगाना : मकवानपुर, हेटौंडा हालको ठेगाना : का.म.न.पा. - २९, ठमेल, काठमाडौं

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Fiat Avventura 1.4 Dynamic	Ba 16 Cha 2261	2016	7098282	MCA11847F07072741HGZ

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि सावीकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० पौष २४ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० पौष २५ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

फेसन

पृथक् देखिन बुटिक

बुटिकमा मानिसहरूको फेसन सेन्सलाई ध्यानमा राखेर विशेष डिजाइन तयार गरिन्छ। त्यसैले फेसन कन्ससको रोजाइमा बुटिक पर्ने गर्छ। बुटिकमा सबैका डिजाइनरले पहिले ग्राहकलाई मनपर्ने डिजाइनबारे बुझ्छन्। त्यसपछि उनीहरूकै रोजाइअनुसार आफ्नो सिर्जना प्रयोग गरेर कपडा बनाउँछन्। डिजाइनबारे अलमलमा परेका ग्राहकलाई बुटिकमा डिजाइनरले सुझाव पनि दिन्छन्।




हाइट, मोटाइ, शारीरिक डिजाइन, रुचि सबै हेरेर कपडा तयार गर्छन्। जसकारण, यस्ता कपडा निकै सिर्जनात्मक र पृथक् देखिन्छन्।

बुटिकमा संख्याभन्दा पनि गुणस्तरलाई ज्यादा महत्त्व दिइन्छ। बुटिकमा कपडा बनाउँदा धेरै खर्च हुन्छ भन्ने भ्रम पनि कतिपयमा छ, तर त्यस्तो होइन। मिडियम रेन्जका कपडा पनि बुटिकमा बन्छन्। डिजाइन र त्यसमा लाग्ने मिहिनेत हेरेर फरक-फरक मूल्य पर्ने गरेको छ। ग्राहकको चाहना हेरेर मिडियम र हाई रेन्जका डिजाइन बन्छन्।

कलर कम्बिनेसन मिलाएर लगाउँदा साधारण कपडामा पनि मानिसलाई स्टाइलिस देखिन्छ। महँगो लगाउँदैमा राम्रो देखिन्छ भन्ने होइन। ठिक्क रेन्जका डिजाइन पनि बुटिकमा पाइन्छन्। कलर कम्बिनेसन र फिनिसिङले ठिक्क रेन्जको कपडामा पनि मानिसलाई स्मार्ट देखाउँछ।

पढ्ने बानी यसरी बसाल्नुस्

कतिपयलाई अध्ययनमा जाँगर चल्दैन। तर, आफ्नो स्वभाव बदलेर उनीहरू राम्रो पाठक बन्न सक्छन्। त्यसका लागि केही पक्ष ख्याल गर्न जरुरी छ।



- **लक्ष्य निर्धारण** : सहज लक्ष्य निर्धारण गर्नुस्। एकै दिन धेरै पढ्नेभन्दा पनि थोरै-थोरै गरेर पढिरहने बानी बसाल्नुस्। प्रतिमहिना यति पुस्तक वा यस्ता विधाका पुस्तक वा यी लेखकका पुस्तक पढ्छु भनेर तय गर्नुस्। आफूलाई सहज लाग्ने पुस्तक, मनपर्ने विधा वा आफ्ना प्रिय लेखकको पुस्तक पढ्न थाल्नुस्।
- **रुटिन बनाउनुस्** : हरेक दिन यस समयमा पढ्छु भनेर रुटिन बनाउनुस्। बिहान, लन्च ब्रेक, साँझ वा सुत्ने समय जतिवेला सहज महसुस हुन्छ, त्यतिवेला केही पाना पल्टाउनुस्। बिस्तारै पढ्ने बानी पर्छ।
- **विविधता** : विभिन्न माध्यम र विधाका पुस्तक पढ्नुस्। पाना पल्टाउन जाँगर चल्दैन भने अडियो बुक पनि सुन्न सकिन्छ। पुस्तक पढिसकेपछि त्यसबारे छलफल गर्नुको मजा नै बेग्लै छ। यसका लागि अनलाइन वा सामाजिक सञ्जालमा उपलब्ध विभिन्न पठन समुदाय वा बुक क्लबमा जोडिन सकिन्छ। यसरी छलफल गर्दा पुस्तकबारे नयाँ दृष्टिकोण पनि पत्ता लाग्छ।
- **ध्यान** : मोबाइललगायतका डिभाइस र होहल्लाले ध्यान भंग गरिरहेका हुन्छन्। त्यसैले शान्त स्थानमा बसेर पढ्नु राम्रो हुन्छ।

घुमफिर

दार्चुला जान मन छ



● जितु नेपाल, मुन्द्रे

मैले नेपालका अधिकांश जिल्ला घुमिसकेको छु। तर, डोटी, दार्चुला, जुम्लालगायत केही जिल्ला अझै पुग्न बाँकी छ। यी जिल्ला घुम्न मन छ।

ओखलढुंगाबाट माथि गइसकेपछि सोलु झर्ने बाटोमा पर्ने 'बतासेडाँडा' घुम्दा निकै रमाइलो लागेको थियो। मुस्ताङ जाँदा पनि उत्तिकै मजा आयो। पोखरा, पाल्पा पनि निकै रमाइला ठाउँ हुन्। कर्णाली साइडमा चाँदनी-दोधारा घुम्नुको रमाइलो नै बेग्लै रह्यो।

नेपालका हरेक स्थानको आफ्नै मौलिक विशेषता छ, जहाँ पुग्दा नौलो महसुस हुन्छ। कतिपय ठाउँ जाडोमा घुम्नका लागि उपयुक्त छन् भने कतिपय ठाउँमा गर्मी मनाउन जान मजा छ।

म प्रायः आमा, श्रीमती, छोराछोरीलाई पनि आफूसँगै घुमाउन लैजान्छु। यसअघि केदारजी, दीपकजीसँग कोलकाता पनि गएका थियौं। आमालाई लिएर वृन्दावन पनि गएको थिएँ। मलाई घुम्न निस्किइसकेपछि त्यहाँको वातावरण हेर्न र फर्केर आउँदा केही न केही चिनो बोकेर ल्याउन मन लाग्छ।

यात्रामा आफूसँग कम्तीमा एउटा पुस्तक छुटाउँदिनँ। साथीभाइसँगै हुँदा गफ गरेरै इन्जोय हुन्छ। एक्लै भएका वेला पुस्तकका पाना पल्टाउँछु। अहिले भेषबहादुर थापाको 'राष्ट्र-पररराष्ट्र : एकतन्त्रदेखि गणतन्त्रसम्म' पढिरहेको छु। मलाई उपन्यासभन्दा पनि इतिहासमा आधारित पुस्तक पढ्न मन लाग्छ। धार्मिक पुस्तक पनि उत्तिकै मन पर्छ।

प्रशासनिक जडताको 'पुनः आविष्कार'

नेपालको निजामती संयन्त्रले आजसम्म गर्न नहुने राजनीतिचाहिँ गरेको छ, अनिवार्यतः गर्नैपर्ने 'पोलिसी पोलिटिक्स' भने गर्न जानेको छैन



● सुरेश प्राञ्जली

अग्रलेख

तत्कालीन बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरलाई बेलायती कर्मचारी प्रशासनको लोसेपन देखेपछि लागेछ कि आफ्नो सरकारको कार्यदक्षता अभिवृद्धि गर्ने हो भने सबैभन्दा पहिला 'भद्दा, अक्षम र प्रतिक्रियाशून्य' कर्मचारी संयन्त्रको रोग निदान र ओखतीमूलो अपरिहार्य छ। उनले तत्कालै कर्मचारीतन्त्रको नाडी छामिन् र उपचारजन्य कदम चालिन्। त्यो थियो- 'नेक्स्ट स्टेप रिफर्म'। उक्त सुधारमुखी प्रशासनिक उपचार पद्धति अपनाउने क्रममा कोर प्रशासनिक अधिकारको निक्षेपण मात्रै गरिनन् कि प्रशासनिक ढाँचालाई नै विकेन्द्रित संरचनामा ढालिन्, जुन उत्पादकत्वमुखी राज्य संयन्त्र बन्न धेरथोर कामयाब पनि भयो। सन् १९८० को दशकको सो अभ्यासपछि प्रशासन सुधारको क्षेत्रमा एकखाले बहसले विश्वव्यापी ठाउँ पाएको देखिन्छ। सन् नब्बेको दशक त यस्तो बनिदियो कि सरकारले 'निकम्मा' प्रशासनका कारण खेपिरहेको हैरानीबाट पार पाउने अवस्थाको आधार नै खडा हुने 'हरित संकेत' देखियो। प्रशासनका जानकारद्वय डेभिड ओसवर्न र टेड ग्याबलरले सन् १९९२ मा एउटा किताब लेखे- 'रिइन्भेन्टिङ गभर्नमेन्ट : हाउ द इन्टरप्रिनुअल स्पिरिट इज ट्रान्सफर्मिङ द पब्लिक सेक्टर'। सो किताबले सार्वजनिक प्रशासनमा 'निजी क्षेत्रको व्यवस्थापकीय आयाम' तथा कार्यकौशल आत्मसात् गर्ने सवाललाई 'अन्डरस्कोर' मात्रै गरेन, अस्वाभाविक तथा भद्दा प्रशासनिक संरचना, सेवा प्रवाहमा अटेरीलगायत 'रातो फित्तामोह'लाई लत्याएर अघि बढ्ने सामर्थ्य सरकारले राख्न सक्नुपर्ने चुनौतीसमेत थपिदियो। सार्वजनिक सेवाको तत्कालीन बढ्दो माग र सरकार सञ्चालनको आधारका रूपमा रहेको प्रशासन संयन्त्र 'रस्टेड आइरन' बन्दै गर्दाको पृष्ठभूमिमा आएकाले पनि होला, उक्त किताबलाई प्रशासन सुधारको क्षेत्रमा कोसेढुंगा मानिन्छ।

सन् १९८० को दशकमा सार्वजनिक प्रशासनलाई चुस्त तुल्याउनकै लागि निजी क्षेत्रको व्यवस्थापकीय गुणवेत्तालाई प्राथमिकीकरण गरेर त्यतिवेलाको म्याद गुज्रिइसकेको 'भुत्ते' सार्वजनिक प्रशासनको नवीकरण गर्ने पहल थालियो। पारम्परिक ढर्राबाट गरिँदै आएको नीति विश्लेषणको पाटोभन्दा कैयौं कदम अघि बढ्ने गरी कुनै न कुनै रूपले 'नागरिकप्रति राज्य जवाफदेहिता'को रचनात्मक ऊर्जाको खोजी गरेका डेभिड ओसवर्न र टेड ग्याबलरको 'रिइन्भेन्टिङ गभर्नमेन्ट' मार्फत् प्रस्तावित अवधारणाले राज्य साधनको अधिकतम उपयोग, खर्चको न्यूनीकरण र उपार्जनमुखी सरकारको अनुहारमै 'प्रतिस्पर्धात्मक गुणवेत्ता' झल्किने तथ्यको पहिचानसमेत गरिदियो।

यही तथ्यलाई प्राथमिकीकरण गर्दै सेवा प्रवाहमा प्रतिस्पर्धात्मक एवं प्रवर्द्धन-रणनीति अख्तियार गर्नुपर्ने मतलाई समेत अग्रभूमीकरण गरेको छ। सँगै, आन्तरिक स्रोतको परिचालन र बाह्य संसाधनको प्रवर्द्धनमा सघाउने कौशलको पैरवी गर्न सक्नुपर्ने मतलाई पनि स्थापित गर्छ। त्यसो त, सरकारले व्यवसाय गर्ने र मौद्रिक लाभ हासिल गर्ने प्राथमिकताभन्दा एक कदम अघि सरेर सीमित साधनस्रोतको परिचलान गरी अधिकतम उत्पादकत्व हासिल गर्न सक्नुपर्ने विचारले तत्कालीन शासकीय वृत्तमा तरंग त ल्याइदिने नै भयो।

सन् १९९७ मा ओसवर्नले अर्का प्रशासन-जानकार पिटर प्लास्त्रिकसँग सहलेखन गरेको किताब 'भ्यानिसिङ ब्युरोक्रेसी : द फाइभ स्ट्राटेजिज फर रिइन्भेन्टिङ गभर्नमेन्ट'ले प्रशासनिक क्षेत्र सुधारको मामिलामा 'रिइन्भेन्टिङ गभर्नमेन्ट'ले निर्देश गरेका अब्बल आयाममा थप टेको दिने काम गऱ्यो। त्यसपछिको विश्व-प्रशासनिक अभ्यासले यसै 'टर्निङ पोइन्ट'बाट सुधारको उकालो चढ्न कामयाब भएको ठहर गर्न सकिन्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने आज मुलुकको सार्वजनिक सेवा प्रवाहजन्य आधारभूत संरचनाको सुधार कसरी गर्न सकिन्छ भनेर पटकपटक राजनीतिक 'ट्रायल' गरिएका छन्। राज्य संरचनाको जगमा टेकेर प्रशासनिक पुनः संरचनाको मार्गचित्र त कोरियो तर त्यसको कार्यान्वयन गर्ने 'एजेन्डा' नै आजको मूल समस्या बनिदिनुको मुख्यमध्येको एक कारण हो, नेपालको 'पोलिटिकल क्लास'नै यसको तार्किक समाधानका निम्ति तत्पर नरहनु। किनभने, मुलुकको पछौटेपनको दोष खन्याउने एउटा संयन्त्रको आवश्यकता उनीहरूलाई परिरहन्छ। उनीहरूको अक्षमताको अपजस र 'निकम्मापनको' भारी अन्ततः कर्मचारी प्रशासनले नै बोकिदिनुपर्ने हुन्छ।

नेपालको सार्वजनिक प्रशासनले वि.सं. २०१३ सालमा औपचारिक स्वरूप पाएदेखि नै यसले अपेक्षित लय समात्न सकेको देखिँदैन। सारभूत रूपमा हेर्ने हो भने 'राजनीतिक सत्ता' र 'कर्मचारीतन्त्रीय सत्ता'बीच एकखालको शासकीय टकराव, वैमनस्य र द्वन्द्व देखिन्छ। फलतः प्रशासनिक विद्वता प्रवर्द्धन, 'स्कुलिङ' र 'ग्रुमिङ'को पाटो जहिल्यै समस्याग्रस्त हुने गरेको छ, त्यसको 'पोलिसी' र 'कल्चरल इम्प्याक्ट' नीति



अभ्यास पर्ने भइहाल्यो। सँगै, शासकीय निकृष्टताको छायामा प्रशासनिक भ्रष्टाचार प्रवर्द्धनको संस्थागत स्वरूप मौलाउने गरेको छ। दृष्टान्तका निम्ति मुलुकको सालबसाली पुँजीगत खर्चको संस्थागत क्षमता केलाए मात्रै पनि पुग्छ।

नेपालमा जबजब प्रशासनिक पुनः संरचनाको सवाल उठ्छ, त्यसले 'वास्तविकताको धरालतमा' ओर्लिएर आफ्नो परिचय नवीकरण गर्ने क्षमता नै राख्दैन। त्यसैले पनि होला, नेपालको मुलुकी प्रशासनले परिवर्तित वैश्विक प्रतिस्पर्धी सेवाप्रवाहको मूल्य आत्मसात् गर्नबाट चुक्यो र नागरिक अपेक्षाको सम्बोधन हुन सकेन। नेपालमा त यस्तो लाग्छ, आधारहीन 'हाइपोथेसिस'को जडतामा प्रशासनिक औचित्यको मूल्य सार्थकता खोजी गरिन्छ। हामी त अद्यापि प्रशासनको पर्यावरणलाई सेवाग्राहीमुखी बनाइनुपर्ने विमर्श र असमञ्जसमा अनिर्णित र बन्दी छौं। हामीकहाँ अझै पनि सार्वजिनक-निजी सहकार्यको अवधारणाको अन्तर्यमा सारभूत अन्योल छ। विश्व शासनलाई प्रविधिको उच्चता 'आर्टिफिसियल इन्टिलिजेन्स'ले निर्देश गरिरहँदा हामीचाहिँ सेवासम्बन्धी नागरिकका गुनासो व्यवस्थापन गर्न नसकेर कायल भएका मात्रै छैनौं, कर्मचारीको सरुवा व्यवस्थापन गर्नमै पनि संघर्षरत छौं। अलि तिखो स्वरमा भन्ने हो भने हामीले त फारम भर्ने केही हजार परीक्षार्थीको तथ्यांक नै पनि सम्हाल्न सकेका छैनौं। गत आर्थिक वर्षको लोकसेवा आयोगले निजामती सेवातर्फ लिने परीक्षाका निम्ति आवेदन दिएका आवेदकको तथ्यांक नै हराएर पुनः आवेदन माग गरेको उदाहरण अभिलिखित नै छ।

> विश्व शासनलाई प्रविधिको उच्चता 'आर्टिफिसियल इन्टिलिजेन्स'ले निर्देश गरिरहँदा हामीचाहिँ सेवासम्बन्धी नागरिकका गुनासो व्यवस्थापन गर्न नसकेर कायल भएका मात्रै छैनौं, कर्मचारीको सरुवा व्यवस्थापन गर्नमै पनि संघर्षरत छौं

सन् १८८३ मा अमेरिकामा 'पेन्डल्टन एक्ट'को तर्जुमा र कार्यान्वयनपश्चात् नै विश्वव्यापी रूपमा कर्मचारीको पेसागत निष्ठाको बहस तथा उच्च व्यावसायिकताको आधार र स्तरको खोजी हुँदै आएको हो। प्रशासनसम्बद्ध विभिन्न नयाँ अवधारणा र सिद्धान्तलाई नेपालको प्रशासन संयन्त्रमा पनि प्रयोग गर्न खोजियो। तर, त्यसको कामयाबीको स्तर भने शून्यप्रायः देखिन्छ। हामी त मौजुदा अवस्थामा सामयिक रूपमा कर्मचारीको परिचालन र व्यवस्थापन गर्ने एउटा कानुनको स्वीकारयोग्यता र पूर्वसर्वसामान्यताको खोजीमै पनि संघर्ष गरिरहेको अवस्था छ, यही अन्योलबीच निजामती कर्मचारीभित्र खास 'पोलिसी थिंक ट्यांक'को निर्माण र त्यसको औचित्य खोजी गर्नु धेरै परको सवाल भयो। त्यसो त, कर्मचारीतन्त्रभित्र 'बौद्धिक क्रिटिकल मास'को निर्माणले प्रशासनिक अनुशासनको स्वतः प्रवर्द्धन हुन्छ भन्ने चेतबाट राज्य नै विमुख देखिन्छ। हाम्रो प्रशासनिक अभ्यासमा त के देखिन्छ भने विदेशी ज्ञान हासिल गरेको वा विद्यावारिधि सकाएर त्यहाँको खास अनुभव आर्जन गरेको कोही व्यक्ति यदि निजामती कर्मचारीतन्त्रमा समाहित हुन चाह्यो भने पनि उसले लोकसेवाको घोकन्ते वा रटन्ते रुढ परीक्षा प्रणालीको अचानोमा आफूलाई उत्तानो पार्नुपर्ने हुन्छ। अर्थात्, यहाँको शासकीय सत्तालाई विज्ञतासँग कुनै सरोकार नभएको नीतिगत व्यवस्था मौजुदा निजामती सेवा ऐन, २०४९ ले बताउँछ।

त्यसो त, मुलुकको समृद्धिको कसीमा प्रशासनिक कौशल विकासको सवाल भने अलिक पेचिलो देखिन्छ। नेपालमा समृद्धिको एजेन्डा मूलधारको राजनीतिक बहसमा सामेल हुन थालेको दुई दशक हाराहारी भइसकेको छ, तर कर्मचारी प्रशासनले भने यसलाई आत्मसात् गर्न हिचकिचाइरहेको छ। यहाँनेर सवाल के पनि हो भने मुलुकी समृद्धि भनेको त्यस्तो 'प्राविधिक डिस्कोर्स' हो, जसलाई मुलुकको कर्मचारी प्रशासनले स्वीकार नगरेसम्म यसले मूर्त रूप प्राप्त गर्न सक्दैन। त्यसैले पनि होला अलि रुखो शैलीमा भन्ने गरिन्छ कि सार्वजनिक प्रशासनले अभ्यास गर्दै आएका ढिलासुस्तीजन्य हर्कत, कर्मचारीको प्रक्रियामुखी आदत तथा भ्रष्ट मनोवृत्ति अन्त्य जबसम्म हुँदैन, तबसम्म देश विकासको लयमा गतिशीलता प्रवर्द्धन हुन सक्दैन। सँगै, खास सुधारका लागि, यहाँनेर, निजामती संयन्त्रभित्र अब्बल 'अनुसन्धान विङ'को निर्माण गर्न सकिन्थ्यो। निजामती संयन्त्र भनेको विज्ञता प्रयोग गर्ने संयन्त्र पनि हो, तर त्यसको खास व्यावहारिक अभ्यास भने देखिएको छैन। नेपालको सन्दर्भमा त प्रशासन संयन्त्रको लोकतान्त्रीकरणकै आवश्यकता खड्किन्छ। यसको मानसिकतामा बदलाब अपरिहार्य छ। त्यसैले पनि होला, नेपालको निजामती संयन्त्रले आजसम्म गर्न नहुने राजनीतिचाहिँ गरेको छ, अनिवार्यतः गर्नैपर्ने 'पोलिसी पोलिटिक्स' भने गर्न जानेको छैन।

मुलुकको आर्थिक समृद्धिको निम्ति आवश्यक पर्ने कर्मचारीतन्त्रीय ज्ञान, सीप तथा दक्षताका निम्ति प्रशासनिक संरचनात्मक सुधार र सशक्तीकरण अनिवार्य सर्त हुन्। 'ट्यालेन्ट हन्ट' वा दक्ष व्यक्तिलाई सरकारी सेवामा आकर्षित गर्ने एजेन्डा जहिले पनि राजनीतिक र कर्मचारीको एकल हित वा सामूहिक स्वार्थ र 'रेन्ट सेकिङ' प्रवृत्तिको सिकार हुने गरेको तथ्य छिपेको छैन।

यहाँको 'प्रशासनिक एक्टिभिज्म' मूल्यमा आधारित मात्रै नभएको होइन, त्यो पश्चगामी नै देखिन्छ। सँगै, 'इनर्सिया'को रोगले थलिएको नेपालको कर्मचारीतन्त्रले पनि आफूलाई राजनीतिक सत्ताले जस्तै नागरिकको सेवक ठान्दैन। उनीहरूका निम्ति सेवाग्राही रैती हुन्, र आफूचाहिँ सबैभन्दा ठूलो शासक। दिगो र स्थायी सरकारको भूमिका निर्वाह गर्नुपर्ने 'कोर' शासकीय संयन्त्र नै सबैभन्दा बढ्दा अहंकारी र 'नार्सिसिस्ट' बन्दै गर्दा मुलुकी पछौटेपनको दोष खेप्न र शासकीय अक्षमताको भारी बोक्न को अघि सर्छ ?

---

३ प्रश्न

कांग्रेस सहमहामन्त्री **जीवन परियार**लाई



राजनीतिक तित्क्तताबीच मेलमिलाप दिवसले दलका शीर्ष नेतालाई एकै मञ्चमा ल्यायो, यसलाई कसरी हेरेको छ कांग्रेसले ?

०३३ सालमा बिपी कोइरालाले मुलुकको आवश्यकताका सन्दर्भमा मेलमिलापको नीति लिएर भारतस्वदेश फर्कनुभएको थियो। अहिले मुलकको राजनीति र व्यवस्थामाथि कालो बादल मडारिएको अवस्था छ। हिजो गणतन्त्रका लागि लडेका शक्तिहरू आज लोकतन्त्र र संविधान जोगाउन एक ठाउँमा अभिनुपर्ने अवस्था छ। यही अवस्थालाई मध्यनजर गरेर हामीले हिजो व्यवस्था परिवर्तनका लागि लडेका दलहरूलाई एक ठाउँमा उभ्याउने गरी मेलमिलाप दिवस तय गरेका थियौं। आपसमा विमति नहुने राष्ट्रिय हितका विषयमा हामी सबै दल एकै ठाउँमा आउन सक्छौं भन्ने राम्रो सन्देश पनि यसपटकको मेलमिलाप दिवसले दिएको छ।

रास्वपा, राप्रपालगायत दललाई नबोलाउँदा आलोचना पनि भयो नि ?

हामीले हिजोदेखि व्यवस्था परिवर्तनका हरेक मोर्चामा सँगै लडेका दलहरूलाई समेटने गरी कार्यक्रमको मोडालिटी बनाएका थियौं। हाम्रो मोडालिटीअनुसार केही दल मेलमिलाप दिवसमा सहभागी हुन नसक्ने अवस्था आएको हो। यसलाई अन्य अर्थमा लिनु उपयुक्त हुँदैन।

अबका दिनमा सबै दललाई अटाउन सक्ने अवस्था हुन्छ कि हुँदैन ?

आगामी दिनमा राष्ट्रिय सहमतिका लागि तयार सबै दललाई समेटेर लैजान हामी तयार छौं। मुलुकको हितलाई हेरेर सबैलाई समेटेर लैजाने कांग्रेसको नेतृत्वदायी भूमिका सदैव रहनेछ। हामी आगामी दिनमा सबैलाई साथमा लिएर अघि बढ्न तयार छौं।

प्रेरक प्रसंग

लिंकनको पुस्तक प्रेम

अब्राहम लिंकनको परिवार निकै गरिब थियो। त्यसैले उनको बाल्यकाल चर्को अभावमा बितेको थियो। उनी कठोर परिश्रम गर्थे। घाँस काट्थे, दाउरा बटुल्थे।

बाल्यकालमा उनी पुस्तक पढ्न औधि रुचाउँथे। तर, परिवारले उनलाई पुस्तक किनिदिन सक्दैनथ्यो। त्यसैले, उनी पढाइको भोक मेटाउन कहिले छिमेकबाट मागेर पुस्तक ल्याउँथे भने कहिले कसैको घरमा गएर काम गरेर पारिश्रमिकको बदलामा पुस्तक ल्याउँथे र पढेर पुनः जस्ताको तस्तै फिर्ता गरिदिन्थे। उनको स्मरण क्षमता बेजोडको थियो। एकपटक पढेका कुरा सितिमिती बिर्सदैनथे। एकपटक उनले छिमेकको एक घरबाट जर्ज वासिंटनको जीवनीसम्बन्धी एउटा पुस्तक मागेर ल्याए। उनले त्यो पुस्तक पढिसकेर फिर्ता गर्न नभ्याउँदै घनघोर वर्षा भयो। वर्षाका कारण उनले छिमेकीबाट ल्याएको पुस्तक भिजेर कामै नलाग्ने भयो। त्यो देख्दा उनलाई ज्यादै नरमाइलो लाग्यो। पानी रोकिएपछि उनी छिमेकीकहाँ पुगे। उनले हात जोडेर भने- मलाई माफ गर्नुहोला, मैले हजुरसित मागेर लगेको पुस्तक वर्षाका कारण काम नलाग्ने गरी भिज्यो। मैले त्यसलाई जोगाउन सकिनँ। मबाट निकै ठूलो अपराध भयो। म हजुरलाई नयाँ किताब किनेर फिर्ता गर्न पनि सक्दिनँ। त्यसैले, म हजुरको खेतमा काम गर्छु, मलाई काम दिनुहोस्। म किताब किन्न पुग्ने रकमबराबरको श्रम गर्छु। अनि, हजुरले सोही रकमबाट नयाँ पुस्तक किन्नुहोला।



लिंकनको प्रस्ताव सुनेर उनका छिमेकी प्रभावित भए। उनले भने- तिमीले जानीजानी पुस्तक भिजाएका होइनौ। भीषण वर्षाका कारण त्यो भिजेको हो। भैगो, तिमीले फिर्ता गर्नुपर्दैन, छाडिदेऊ। तर, लिंकनले काम नगरी नफर्किने जिद्दी गरिरहे। अन्त्यमा, केही नलागेर छिमेकीले उनलाई खेतमा काम दिए। लिंकनले किताब किन्न पुग्ने ज्याला आउनेजति काम एकै दिनमा पूरा गरे र सन्तुष्ट हुँदै घर फर्किए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रदेश सभाको बेहाल

सुदूरपश्चिम प्रदेश सभाले एउटै कानुन नबनाई एक वर्ष विनाकुनै उपलब्धि बिताएको समाचार पढ्दा दुःख लाग्यो। चौतर्फी रूपमा प्रदेश संरचनामाथि प्रश्न उठिरहेको समयमा एक वर्षमा तलबभत्तामा आठ करोड २७ लाख खर्चिने प्रदेश सभाले एउटै कानुनसमेत बनाउन नसक्ने अवस्था आउनु भनेको राजनीतिक दलहरूको असफलता र अक्षमताबाहेक केही होइन। दलहरूले भागबन्डा मिलाउनसमेत नसक्दा संसदीय समितिसमेत नेतृत्वविहीन रहेको सुन्दा हामी जनतालाई त लाज लागिरहेको छ भने हाम्रा राजनीतिक दलका हर्ताकर्तालाई चाहिँ लाज लाग्दैन होला ? अनि, प्रदेशको राजनीतिमा उदाएका सांसद, मन्त्री, सभामुख र मुख्यमन्त्रीचाहिँ के हेरेर बसिरहेका छन् ? प्रदेश सभाको मुख्य दायित्व नै कानुन बनाउनु हो ? त्यही काम नगर्ने प्रदेश सभा किन चाहियो यो देशलाई ?

● **गौरिका चौधरी**, अत्तरिया, धनगढी

प्राधिकरणको सकारात्मक पहल

नेपाल विद्युत् प्राधिकरणले महसुल तिर्न बक्यौता रहेका उद्योगलाई ६० किस्तासम्ममा बक्यौता तिर्न सुविधा दिने निर्णय गरेको रहेछ। यो उसको सकारात्मक पहल हो। सर्वसाधारणले एक-हजार महसुल तिर्न बाँकी रहेको अवस्थामा प्राधिकरणले लाइन काट्ने प्राधिकरणले उद्योगी, व्यवसायीले भने अर्बौंको बक्यौता नतिर्दा पनि लचिलो भएर किस्ताबन्दीको सुविधा दिनु सकारात्मक कदम हो। अब उद्योगीले छिटो बक्यौता तिरून्।

● **पवन यादव**
जनकपुरधाम, धनुषा

प्रदेश सरकारको राम्रो निर्णय

बागमती प्रदेश सरकारले प्रदेशभित्रका विभिन्न जिल्लामा रहेका प्रदेश सरकारमातहत रहेका १० अस्पतालको स्तरोन्नति गर्ने समाचार सुन्दा खुसी लाग्यो। खासगरी सामान्य उपचारका लागि पनि राजधानी नै धाउनुपर्ने बाध्यतामा रहेका विभिन्न जिल्लाका बासिन्दालाई यस निर्णयले खुसी दिएको छ। जिल्लामा रहेका यस्ता अस्पतालको स्तरोन्नतिसँगै अबका दिनमा विशेषज्ञ चिकित्सक, विशिष्ट प्रकारका सेवा र अत्यावश्यक उपकरणको समेत व्यवस्था गरिनुपर्छ।

● **सिद्धान्तकुमार श्रेष्ठ**
विदुर, नुवाकोट

संयुक्त बैठकमा उठ्नुपर्ने एजेन्डा

नेपाल-भारत संयुक्त बैठकमा भाग लिन भारतका परराष्ट्रमन्त्री एस जयशंकर दुईदिने भ्रमणमा बिहीबार नेपाल आउँदै छन्। परराष्ट्रमन्त्रीस्तरीय बैठक भनेको निकै उच्च तहको बैठक हो। त्योभन्दा माथि भनेको केवल दुई कार्यकारी प्रमुखबीचको बैठक मात्र हुने गर्छ। परराष्ट्र सचिव र परराष्ट्रमन्त्रीस्तरीय बैठकले गरेका सहमतिलाई सरकार प्रमुखले अनुमोदन मात्र गर्ने गर्छन्। त्यस अर्थमा अहिलेको बैठक निकै अर्थपूर्ण रहेको छ। परराष्ट्र मन्त्रीहरूले पनि देश र जनताको सरोकार, आवश्यकता र सरकार प्रमुखले दिएको निर्देशनको सीमाभित्र रही एजेन्डामा मात्र छलफल गर्छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको इच्छा र चाहानाविपरीत एस जयशंकरले कुनै पनि एजेन्डामा वार्ता गर्दैनन्। तैपनि, नेपालका तर्फबाट नेपालको वास्तविक समस्यामा आधारित भई आमजनताले अपेक्षा गरेका ऐजेन्डा उठाउनैपर्छ। त्यो हिम्मत र साहस परराष्ट्रमन्त्री एनपी साउदले राख्नैपर्छ। अनि मात्र देश र जनताको पक्षमा वर्तमान सरकारले काम गरिरहेको छ भन्ने आभास जनतालाई हुनेछ।

ऊर्जा र पूर्वाधार विकासको एजेन्डा आफ्नो ठाउँमा सही छ। नेपाललाई बिजुली नबेची सुख छैन र भारतलाई पनि नकिनी सुख छैन। विश्व नै अहिले हरित ऊर्जाको खपत बढाई ग्लोबल वार्मिङ घटाउने अभियानमा छ। यसका साथै भैरहवा र पोखराका अन्तर्राष्ट्रिय विमानस्थललाई चाहिने भारतीय हवाई रुट र नेपालको कालापानी, लिम्पियाधुरा, सुस्तालगायत क्षेत्रको अतिक्रमण, इपिजे प्रतिवेदन पनि बैठकमा एजेन्डाका रूपमा उठ्नुपर्छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

तालिबानी अफगानिस्तानमा गोप्य शिक्षक हुनुको अनुभव

राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय संस्थाले हाम्रो शिक्षालाई औपचारिक रूपमा स्विकारी विद्यार्थीलाई औपचारिक प्रमाणपत्र दिएर सघाउन सक्छन्

देश/विदेश

● मर्यम अहमदी

मैले आफ्ना विद्यार्थीलाई अंग्रेजी पढाउन जुमको लिंक पठाएकी छु। लिंक पठाएको केही समयमै मेरा विद्यार्थी मलाई कुरिरहेका छन् भन्ने नोटिफिकेसन पाउँछु। जब म विद्यार्थीसँग जोडिन्छु, तब मुस्कुराउँदै अंग्रेजीमा अभिवादन गर्छु। मलाई थाहा छ, मेरा विद्यार्थीले मेरो मुस्कुराहट देख्न पाउँदैनन्। किनभने, सुरक्षाका कारण म आफ्नो क्यामेरा खोल्दिनँ। तर, मेरा विद्यार्थी मेरो स्वर सुन्छन्। र, म मेरा विद्यार्थी र आफ्नै हौसला बढाउन सकेसम्मको प्रयत्न गर्छु। सन् २०२१ देखि हामीले बालिका एवं महिला शिक्षामाथि प्रतिबन्ध लगाउने तालिबान र मुलुकमा व्याप्त निराशा गरी दुई शत्रुविरुद्ध संघर्ष गरिरहेका छौं।

युनेस्कोका अनुसार तालिबानको प्रतिबन्धका कारण करिब २५ लाख बालिका र युवती विद्यालय जानबाट वञ्चित छन्। हाम्रा लागि विश्वविद्यालय बन्द हुनुभन्दा अगाडि तिनमा एक युवतीले उच्च शिक्षाको अवसर पाउँथे। अहिले झन्डै एक लाख युवती विश्वविद्यालयबाट वञ्चित छन्। हामी महिलालाई विदेशमा उच्च शिक्षा हासिल गर्नबाट पनि तालिबानले रोक लगाएको छ। विभिन्न इस्लामिक विद्वान्ले बारम्बार धर्ममा महिलालाई शिक्षाबाट वञ्चित गराउने कुनै आधार छैन भन्दै आएका छन्। आर्थिक कोणबाट हेर्ने हो भने पनि महिलामाथिको प्रतिबन्धको कुनै औचित्य देखिँदैन। युनिसेफका अनुसार बालिकालाई माध्यमिक शिक्षाबाट वञ्चित गराउँदा अफगान अर्थतन्त्रले वार्षिक करिब ५० करोड डलरबराबरको घाटा व्यहोर्छ। तालिबान सरकारले विभिन्न अन्तर्राष्ट्रिय संगठन एवं नियोगको आग्रहका बाबजुद महिलामाथिको प्रतिबन्ध हटाउन स्विकारेको छैन।

तमाम बन्देजका बाबजुद अफगान महिला र बालिकाले थोरै भए पनि हौसला जोगाएकै छन्। त्यसैले, शिक्षाको आवश्यकता एवं इच्छा पूरा गर्न केही शिक्षकले संगठित रूपमा अनलाइन कक्षा चलाउँदै आएका छन्। सुरुमा शिक्षक एवं विद्यार्थीको संख्या कम थियो। यसैक्रममा मैले शिक्षा अभियानमा करिब डेढ वर्षअघिदेखि सहभागिता जनाएकी हुँ। हामी अंग्रेजीलगायत अन्य उच्च-माध्यमिकस्तरका विषयको अध्यापन गराउँछौं। हाम्रो शिक्षा अभियानको चर्चा हुन थाल्यो र अफगानिस्तानभरिका विद्यार्थी बढ्दो रूपमा यसमा जोडिइरहेका छन्। सन् २०२३ मा अफगानिस्तानभरिका करिब चार सय विद्यार्थी हाम्रो शिक्षा अभियान जोडिएर अध्ययन गरिरहेका छन्।

म आफूलाई शिक्षिका भएकोमा भाग्यमानी ठान्छु। शिक्षिका भएका कारण मैले आफ्नो सानो परिवारलाई आर्थिक रूपमा टेवा मात्रै पुऱ्याइरहेकी छैन, मैले अन्य युवती र बालिकालाई पढ्न र सिक्न मद्दत पनि गरिरहेकी छु। सन् २०२१ मा शिक्षा अभियानमा जोडिनुअघि मैले शिक्षणसम्बन्धी तालिम लिएकी थिएँ। मलाई शिक्षिका हुने खासै रहर थिएन, तर मेरा बुबाको सल्लाहमा मैले तालिम लिएँ। हामीलाई तालिम केन्द्रमा सौहार्दपूर्ण रूपमा विद्यार्थीलाई कसरी र कुन विधिले पढाउने भनेर तालिम दिइएको थियो। हामीले सिकेको विधि शिक्षक र विद्यार्थी भौतिक रूपमा आमनेसामने हुने सामान्य अवस्थामा बढी उपयोगी थियो, तर कमजोर इन्टरनेट कनेक्सनको अनलाइन कक्षामा यसको उपयोगिता धेरै थिएन। अनलाइन माध्यमबाट अध्यापन गर्न थालेपछि भने मैले ठूलो चुनौती व्यहोर्नुपऱ्यो। कहिलेकाहीं पढाउनै छोडिदिऊँ जस्तो लाग्थ्यो। तर, विद्यार्थीको पढ्ने इच्छाले मलाई शिक्षिका बनिरहन प्रेरित गऱ्यो। र, मैले पढाउने नयाँ उपाय पनि पत्ता लगाएँ।

मेरा विद्यार्थीले प्रशंसामा पठाउने सन्देशले मलाई प्रफुल्लित बनाउँछन् र पढाउन प्रेरित गरिरहन्छन्। तर, कहिलेकाहीं भने असहज प्रश्नको पनि सामना



तस्बिर : सयेद हसिब/रोयटर्स

गर्नुपर्छ। उदाहरणका लागि एकजना विद्यार्थीले 'यदि मैले दुई वर्षयतादेखि विद्यालय जान पाएकी भए म विद्यालय शिक्षा पूरा गरेर विश्वविद्यालय जान पाउँथें। अहिले जान नपाउँदा पढेको कुरा काम लागेन। केही गरी मैले विश्वविद्यालयमा पढ्ने पाएकी भए पनि काम गर्न नपाउने भएपछि मेरो पढाइको के काम ? यस्तोमा मैले किन पढ्ने ? यो मुटु कुँड्याउने प्रश्न हो। यस्तो प्रश्न मुलुकभरका कति बालिका र युवतीले गरिरहेका होलान् ?

अफगान महिला र बालिकाले मुलुकमा 'जेल जीवन' व्यतीत गरिरहेका छन् र कैयौं मानसिक समस्याबाट प्रताडित छन्। विभिन्न स्वास्थ्य संस्थाको आँकडाअनुसार अफगानिस्तानमा महिला आत्महत्या र आत्महत्या प्रयास तीव्र रूपमा बढिरहेको छ। थुप्रै बालिका र युवतीले आफ्नो भविष्य सुरक्षित पाउँदैनन्। मेरा विद्यार्थीमा पनि छ यस्तो समस्या। यसैकारण कहिलेकाहीं म बाध्य भएर विद्यार्थीका लागि मनोपरामर्शदाताको काम गर्छु। विद्यार्थीका समस्या सुन्दा वा थाहा पाउँदा मलाई पढाउन निकै सकस हुने गर्छ। तर, म हार मान्न सक्दिनँ र म अनवरत रूपमा पढाइरहनेछु। म निरन्तर र नियमित रूपमा विद्यार्थीको मनोबल बढाउन प्रयास गरिरहन्छु। म विद्यार्थीलाई सपना साँच्न सिकाउँछु र प्रेरित भइरहन हौसला दिन्छु। हामी अफगान बालिका र युवतीको हौसला जगाउन हरदम प्रयास गरिरहन्छौं। तर, हामीलाई सहयोगको आवश्यकता छ। राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय संस्थाले हामीले पढाएको शिक्षालाई औपचारिक रूपमा स्विकारेर हाम्रा विद्यार्थीलाई औपचारिक प्रमाणपत्र दिएर सघाउन सक्छन्। यदि यसो हुन्छ भने अनलाइन शिक्षा लिइरहेका युवती र बालिका आफ्नो जीवन खेर गइरहेको भनेर चिन्तित हुने थिएनन्।

जीवन सोचेजस्तो हुँदैन। सुरुमा म शिक्षिका हुन चाहन्थें। तर, मैले अहिले विद्यार्थीलाई पढाइरहेकी छु। शिक्षण पेसा मेरो रोजाइको पेसा नभए पनि म अहिले विद्यार्थीलाई पढाउन पाउँदा खुसी छु।

(सुरक्षा जोखिमका कारण लेखकको वास्तविक परिचय गोप्य राखिएको छ। लेखिका अफगान शान्ति एवं महिला अभियन्ता हुन्)

अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

जनताले अवसर दिऊन्, हामी काम गरेर देखाउँछौं



संसद्भित्र र बाहिरका चार दल माओवादी, एकीकृत समाजवादी, जसपा र नेकपाले वाम-समाजवादी शक्ति ध्रुवीकरणको प्रयास गर्दै सडक, सदन र सरकारबाट आफ्ना मुद्दा स्थापित तथा कार्यान्वयन गर्ने रणनीतिसहित गत असार पहिलो साता समाजवादी मोर्चा निर्माण गरेका थिए। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव र नेकपा महासचिव नेत्रविक्रम चन्द विप्लव मोर्चाको मूल नेतृत्वमा छन्। नेता नेपाल अहिले मोर्चाको संयोजक छन्। चार-चार महिनामा संयोजक परिवर्तन गर्ने समझदारी भए पनि नेपाललाई नै निरन्तरता दिइएको छ। मोर्चाले यसबीच सातवटै प्रदेशमा सन्देश सभा गरेको छ। ४७ जिल्लामा संयोजन समिति गठन भएका छन्। पुसभित्र सबै जिल्लामा संयोजन समिति गठन गर्ने निर्णय मोर्चाले गरेको छ। साथै, बृहत् समाजवादी अन्तर्क्रिया गर्ने तयारी पनि छ। सुरुका दिनमा सक्रिय देखिएको मोर्चा पछिल्लो समय सुस्ताएको देखिन्छ। मोर्चाको एक घटक नेकपाका महासचिव **नेत्रविक्रम चन्द**सँग नयाँ पत्रिकाका **प्रेम गौतम** र **हरिकृष्ण न्यौपाने**ले गरेको संवाद।

> हामीले अगाडि बढाउन खोजेको नेपाली विशेषताको समाजवाद नै हो। यो भनेको परम्परागत संसदीय व्यवस्था, पुँजीवादी व्यवस्था होइन। जनताबाट निर्वाचित तर समाजवादी प्रवृत्तिको व्यवस्थाबारे हामी सोचिरहेका छौं।

चारदलीय समाजवादी मोर्चाका तीन दल संसद् र सरकार दुवैमा छन्, एउटा दल तपाईंहरू संसदीय राजनीतिबाहिर हुनुहुन्छ। एउटै मोर्चामा कसरी अटाउनुभयो ?

हामीले नेपालको राजनीतिक परिस्थितिलाई आधार बनाएका छौं। नेपालको राजनीति अहिले सामान्य ठाउँमा छैन, जटिल छ। त्यसलाई निकास दिन नयाँ सहकार्य चाहिन्छ। अर्कोतर्फ, नेपालमा राजनीतिक अन्तरविरोध नयाँ ठाउँमा पुगेको छ। खासगरी नेपालको सार्वभौमिकता, स्वाधीनतामाथि ठूलो संकट पैदा हुन थालेको छ। विदेशीहरूको चलखेल र हस्तक्षेप तीव्र बनेको छ। त्यसले देशभक्त र वामपन्थीहरूलाई अगाडि बढ्नका लागि नयाँ शिक्षा दिएको छ। निकासका लागि एउटा नयाँ राजनीतिक ध्रुवीकरण चाहिन्छ। देशमा संकट भयो, जनताको चाहना पूरा भएन। देश असफलतातिर गयो। यो व्यवस्था चलेन भन्ने अवस्थाबाट निकास दिने हो भने वामपन्थी, परिवर्तनकारी, अग्रगामी शक्तिहरूले मोर्चाबन्दी गर्नु जरुरी छ भन्ने निष्कर्षसहित नयाँ केही विश्लेषण र मान्यताबाट समाजवादी मोर्चा बनाएका हौं।

समाजवादी मोर्चा किन प्रभावकारी भएन ? औचित्यमाथि नै प्रश्न उठ्ने अवस्था कसरी आयो ?

मोर्चाले कामै नगरेकोचाहिँ होइन। प्रदेशहरूको सन्देश सभा सकिएपछि ४७ वटा जिल्लामा जिल्ला संयोजन समिति बनिसकेका छन्। कैयौं जिल्लामा माथिको निर्देशन नभए पनि पालिकास्तरमा समेत संयोजन समिति बनेका छन्। तर, नेपालको राजनीतिमा मोर्चाले जसरी भूमिका लिनुपर्थ्यो, हस्तक्षप गर्नुपर्थ्यो या बाटो देखाउनुपर्थ्यो त्योचाहिँ अपुग भयो भन्ने समीक्षा हामीले पनि गर्‍यौं। अब, मोर्चालाई गति दिनुपर्छ भन्ने निष्कर्षका साथ पुस महिनाभित्र सबै जिल्लामा संयोजन समिति गठन गरिसक्ने र सन्देश सभा गर्ने निर्णय गरेका छौं। यस्तै, जनपरिचालनमा जाने निर्णय पनि भएको छ। त्यसपछि अरू कार्यक्रम पनि गर्छौं।



> समाजवादी मोर्चा बनेपछि एकताको बहस अगाडि आयो। एकता हुँदा सैद्धान्तिक र नीतिगत कुरा हामीले बाहिर गरेका हौं। माओवादीहरूको एकता फेरि पनि जरुरी छ। देशलाई निकास दिने हो भने र परिवर्तन गर्ने हो भने माओवादी धारहरूको बीचमा एकता आवश्यक छ भनेर हामीले भनेकै हो।

मोर्चामा नेतृत्व आलोपालोको समझदारी थियो। तर, किन संयोजकमा माधव नेपाललाई नै निरन्तरता दिनुभयो ?

परिस्थिति अलिकति पाक्दै पनि छ। सहज पनि हुँदै छ। त्यस समयसम्मका लागि नेतृत्वमा नेपाललाई नै निरन्तरता दिने समझदारी भएको हो।

मोर्चाले कस्तो समाजवाद, कस्ता समाजवादी परिकल्पना गरेको हो ?

नेपाली विशेषताको समाजवाद हाम्रो लक्ष्य हो। यो कुरा हामीले अवधारणापत्रमै स्पष्ट गरेका छौं। त्यो भनेको अहिलेका उपलब्धिको रक्षा गर्नु पनि हो। गणतन्त्र, संघीयता, समावेशीजस्ता महत्त्वपूर्ण विषयको रक्षा गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ। त्यो अपूर्ण भयो। राज्यको नेतृत्वको विषय टुंगोमा पुगेन। त्यसकारण समाजवादमा लगेर देशलाई रूपान्तरण गरेर स्थिरता र समृद्धिको एउटा ठोस कार्यक्रम अघि सार्नुपर्छ भन्ने हाम्रो सोच छ। नेपाली विशेषताको समाजवाद के हो भन्ने बारेमा पनि गहन छलफल गरौं न त भन्ने कुरा भएको छ। राजनीतिक कार्यक्रम कस्तो हुने, आर्थिक कार्यक्रम कस्तो हुने, आन्दोलनात्मक कार्यक्रम कस्तो हुने, कुन कार्यविधिद्वारा काम गर्ने भन्ने कुराको पनि हामी निष्कर्ष निकाल्छौं।

अहिलेको व्यवस्थालाई ध्वस्त गरेर नयाँ व्यवस्थामा जानुपर्छ भन्दै विद्रोह गरेर आउनुभयो। अहिले फेरि प्राप्त उपलब्धिको रक्षा गर्दै अगाडि बढ्ने भन्दै हुनुहुन्छ। यसले जनतालाई अलमलमा पार्दैन ?

पार्दैन। जनयुद्ध हामीले लड्यौं। जनआन्दोलन पनि गर्‍यौं। त्यसैको परिणाम गणतन्त्र आएको हो। गणतन्त्र, समावेशी बनाउने वेलासम्म हामीसँगै थियौं। त्यसपछि नेपाललाई कस्तो व्यवस्थामा संश्लेषित गर्ने भन्नेमा हाम्रो कुरा मिलेन। त्यसमा धेरै कुरा छन्। त्यसबारे छुट्टै कुरा गरौंला। हामीले भनेको के थियो भने, नेपालमा संसदीय व्यवस्था अर्थात् दलाल पुँजीवादले जनताका आकांक्षा र चाहनालाई थेग्न सक्दैन। त्यो साबित पनि भयो। संकटको नाजायज फाइदा विभिन्न खालका खराब प्रवृत्तिका पश्चगामी, प्रतिगामीहरूले लिने हुन् कि भन्ने चिन्ता अहिले देखिन्छ। त्यसले हाम्रो विश्लेषण सही थियो भन्ने देखाएको छ।

अब फेरि अहिले समाजवादी मोर्चाको कुरा पनि यथास्थितिमा बस्ने भन्ने त छैन। गणतन्त्रलाई समाजवादी गणतन्त्रमा रूपान्तरण गर्ने समझदारीपछि मोर्चा बनेको हो। यसमा कुनै अलमलमा पर्नुपर्ने अवस्था छैन।

नामको अघि नेपाल कम्युनिस्ट पार्टी राख्ने कि नराख्ने भन्ने बहस पनि चलेको छ। कम्युनिस्ट त्यागेर समाजवादी आन्दोलनमा होमिन तयार हो ?

यसमा विचारधारात्मक र राजनीतिक विषय छन्। विचारधारात्मक ढंगले कम्युनिस्ट आन्दोलन छाड्ने कल्पना पनि गर्न सकिँदैन। कम्युनिस्ट पार्टीलाई भंग गर्ने कल्पना पनि गर्नुहुँदैन। सबैभन्दा एडभान्स, अग्रगामी, संसार, मानवजाति, समाजको बारेमा दृष्टिकोण बनाउन सफल विचारधारा भनेको कम्युनिस्ट विचारधारा नै हो। त्यसको राजनीतिक पाटोमा कैयौं कमी वा अपूरोपन छन्। त्यसलाई हामीले हल गर्नुपर्छ। राजनीतिक दृष्टिले नेपालमा वैज्ञानिक समाजवाद साम्यवादको कुरा कम्युनिस्टहरूको लक्ष्यको कुरा हो। तर, अहिलेको नेपालको परिस्थितिले के भन्छ भने सीधै वैज्ञानिक समाजवादको मात्रै कुरा गर्दा जनताकै कुरा हुँदाहुँदै पनि त्यो खालको मनस्थिति बनिसकेको छैन।

यो अभियान अहिलेका चार दलबाट मात्रै सम्भव छ कि अन्य दललाई पनि समावेश गर्नुहुन्छ ?

नेपाली विशेषताको समाजवादमा जान कम्युनिस्टहरू एक्लै अगाडि बढ्ने भन्ने कुरा होइन। त्यसमा समाजवादी विचारधारा राख्ने दलहरूबीच विश्वाससहितको सहकार्य चाहिन्छ। त्यसअर्थमा व्यापक समाजवादी आन्दोलनको सम्भावना छ। हामी त्यो दिशामा छौं। त्यसकारण अहिलेको चारदलीय मोर्चालाई अझ विस्तार गर्नुपर्छ भन्ने सोच छ।

कांग्रेससँगको सहकार्यले तपाईंहरूको लक्ष्य पूरा हुन्छ ?

नेपालको विशिष्ट परिस्थितिको उपज पनि हो यो। यद्यपि, त्यो माओवादीको कुरा हो। माओवादीसँगको हाम्रो सहकार्य समाजवाद निर्माण गर्ने कुरासँग सम्बन्धित छ। त्यसअर्थमा माओवादीले सोचेको कुरालाई हामीले प्रगतिशील नै ठान्छौं। अहिलेको सत्तारूढ दलहरूको सहकार्यको कुरा अलि फरक छ। फेरि, दलाल पुँजीवाद र लोकतान्त्रिक गणतन्त्रवादी प्रवृत्ति एउटै होइन। कांग्रेस वा अरू कुनै संसदवादी शक्तिहरूलाई सोलोडोलो दलाल पुँजीवादी, पश्चगामी शक्तिको रूपमा मात्रै बुझ्ने होइन कि, त्यहाँभित्र पनि प्रगतिशील, लोकतन्त्रवादी, गणतन्त्रवादी धार हुन्छन्। समाजवाद त कांग्रेसले पनि भन्छ। कांग्रेसको समाजवादको बारेमा पनि बहस गर्न जरुरी छ। त्यसअन्तर्गत कांग्रेस पनि आओस्।

तपाईंहरू र माओवादीबीच तत्काल एकताको सम्भावना छ कि छैन ?

माओवादीबीचको एकता आवश्यक छ। हामीले त अनिवार्य छ भनेका छौं। त्यो मात्रै होइन, नेपालको कम्युनिस्ट मुभमेन्टकै बारेमा एउटा नयाँ केन्द्रीकरण र एकताका बारेमा छलफल गर्न जरुरी छ। त्यसमा सकारात्मक छलफल पनि भइरहेका छन्। त्यो बाटोमा हामी आशावादी हुन सकिन्छ।

तपाईं माओवादीको महासचिव बनेर प्रचण्डको उत्तराधिकारी बन्दै हुनुहुन्छ भन्ने चर्चा पनि छ नि !

(हाँस्दै) समाजवादी मोर्चा बनेपछि एकताको बहस अगाडि आयो। एकता हुँदा सैद्धान्तिक र नीतिगत कुरा हामीले बाहिर गरेका हौं। माओवादीहरूको एकता फेरि पनि जरुरी छ। देशलाई निकास दिने हो भने र परिवर्तन गर्ने हो भने माओवादी धारहरूको बीचमा एकता आवश्यक छ भनेर हामीले भनेकै हो। त्यो भनेपछि विभिन्न प्रचार भए। आजै भइहाल्छ कि भन्ने ढंगले पनि कुरा चले। प्रचण्ड अध्यक्ष, विप्लव महासचिव भन्ने ढंगले पनि कुरा आए। तरंग नै देखापर्‍यो। तर, त्यो ठोस ढंगले छलफल भइसकेको विषय थिएन।

माओवादी अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारको एक वर्षको मूल्यांकन कसरी गर्नुभएको छ ?

हामी सापेक्षतामा यो एक वर्षको अवधिलाई प्रगतिशील

> हामी सापेक्षतामा यो एक वर्षको अवधिलाई प्रगतिशील कामको थालनी गर्न कार्यकारी प्रमुख प्रधानमन्त्रीले मिहिनेत गरेकै वर्षको रूपमा हेर्छौं। पूरै निराश हुनुपर्ने, पहिलेको भन्दा खत्तम भयो भन्ने कुरा सत्य होइन।

> जनताले अवसर दिऊन्, हामी काम गरेर देखाउँछौं। हामीले दुःख पनि धेरै गरेका छौं। गाउँघरका जनताको अँगेनुदेखि काठमाडौंका महलसम्मको जीवन हामीलाई थाहा छ। सबैका आ-आफ्नै दुःख छन्। अहिलेको अवस्थामा हामीले मात्रै भनेर हुँदैन, सबै परिवेश बुझ्नुपर्छ। सबै आ-आफ्नो हठमा उभिँदा नेपाल झन् पश्चगमनतिर जाने हो कि भन्ने चिन्ता छ। वामपन्थीहरूको मोर्चाबन्दी र एकतालाई सरल र फराकिलो बनाउनुपर्छ।

कामको थालनी गर्न कार्यकारी प्रमुख प्रधानमन्त्रीले मिहिनेत गरेकै वर्षको रूपमा हेर्छौं। पूरै निराश हुनुपर्ने, पहिलेको भन्दा खत्तम भयो भन्ने कुरा सत्य होइन। तर, जनताको अपेक्षा जति छ, त्यो लेबलमा भएको पनि होइन। प्रधानमन्त्री आफैं खरो ढंगले जोडतोडले लाग्न खोज्नुभएको छ। तर, प्रधानमन्त्रीको टिम, पार्टी, राज्य जसरी परिचालित हुनुपर्थ्यो, त्योचाहिँ निकै कमजोर देखियो।

प्रधानमन्त्री खटिन खोज्ने, तर अन्य संयन्त्रले साथ नदिनुको कारण के हुन सक्छ ?

नेपाली राजनीतिमा मान्छेहरूको सोच बिथोलिएको छ। माओवादी जनयुद्धको स्मरण हामी गर्छौं। एउटा आदर्श नभए राजनीति गर्न सकिँदैन। सरदर खालको राजनीतिले हाम्रो देशलाई नेतृत्व गर्न सक्दैन। जनताका अपेक्षा निकै ठूला छन्। बलिदान पनि जनताले हजारौंहजारको संख्यामा गरेका छन्। त्यसबाट हुने अपेक्षा स्वाभाविक छ। त्यसकारण गुणात्मक फड्को मार्न सक्ने, जनताको अपेक्षा र चाहनालाई हुत्याएर लान सक्ने, त्यसअनुसारको त्याग गर्न सक्ने, समर्पित हुन सक्ने नेतृत्व चाहिन्छ। एउटा मान्छेले मात्रै हुँदैन। त्यो खालको टिम चाहिन्छ। राज्यका निकाय चाहिन्छन्। कार्यकारी प्रमुखले स्विच थिच्दा एक-दुई बल्ब पनि मुस्किलले बल्नानजस्तो स्थिति छ यहाँ। यस्तो खालै राज्य संयन्त्रबाट धेरै गाह्रो छ। त्यो त संघर्ष गर्दै जाने कुरा हो।

मोर्चाकै तीन दल सरकारमा छन्, तपाईंहरू सडकमा हुनुहुन्छ। तर पनि प्रधानमन्त्री किन एक्लो ?

हाम्रो कुरा त हुन्छ। नेपाली समाजको विशेषता पनि हो। राजनीतिक आन्दोलनका अवशेष पनि छन्। सामूहिक ढंगले सोच्ने, निष्कर्ष निकाल्ने, परिणाममुखी काम गर्ने, जस पनि सामूहिक ढंगले लिने कुरामा कहीं न कहीं ग्याप छ।

प्रधानमन्त्रीले चाहेअनुसार काम नहुने, जनतामा आक्रोश बढिरहने भयो भने व्यवस्था नै खतरामा पर्दैन ?

व्यवस्था संकटमा परेको, एकप्रकारले गिजोलिएको छ। तर, एउटा निकास अझै बाँकी छ। त्यो गर्न दिइयोस् भन्ने हाम्रो प्रस्ताव छ। नेपाली जनताले धेरै समयदेखि लडिरहेको, संघर्ष गरिरहेको, बलिदान गरेको प्रणाली समाजवाद हो। समाजवाद प्रयोग गर्न दिइयोस् भन्ने हाम्रो प्रस्ताव छ। सामन्ती राजसंस्थाभन्दा गणतन्त्र प्रगतिशील हो। यसमा हामीले अन्यथा मान्नु हुँदैन। तर, यसले पनि जनताको चाहनालाई पूरा गर्न सकेको छैन। यसलाई समाजवादसम्म लैजाऔं भन्ने हाम्रो भनाइ हो। बरु समाजवादमा लैजाने विधि जनमतसंग्रह हुन सक्छ। चुनावले यथास्थितिकै संरचनालाई सञ्चालन गर्नेसम्मको फैसला गर्छ। जनमतसंग्रहमार्फत व्यवस्थाकै बारेमा एउटा धारणा, निर्णय, निष्कर्ष दिन सकोस् भन्ने हो। यसले धानिराखेको छैन भने योभन्दा पश्चगामी कदमबाट निकास हुने कुरा त कल्पना नै गर्नुहुँदैन।

समाजवादउन्मुख भनेर त संविधानमै उल्लेख गरिएको छ। यही प्रणालीबाटै समाजवादी यात्रामा जान केले रोक्यो ?

अहिले उन्मुखजस्तो मात्रै छ। अमूर्त विषयलाई मूर्त बनाऔं। समाजवादी व्यवस्थामा यस्तो-यस्तो संरचना हुन्छ। ती संरचना यसरी सञ्चालित हुन्छन्। यसरी परिणाम आउँछ। कार्यकारी प्रमुख, व्यवस्थापिका, न्यायपालिका यस्ता हुन्छन् भनेर किटान गरिनुपर्छ।

त्यस्ता परिभाषित संरचना त अहिले पनि छन् नि !

अहिलेका संरचना कुनै एक ठोस मान्यतामा सञ्चालित छैनन्। सानो उदाहरण हेर्नुस् न, प्रदेश सरकारहरू आएर संघ सरकारलाई घेराबन्दी गरिरहेका छन्। यो विचित्रको कुरा हो कि होइन ? प्रदेशले भन्छ- नेपालमा संघीयतै छैन। संघीयताअनुसार हामीलाई कामै गर्न दिइएको छैन। सरकारले सरकारलाई घेरा हालिरहेको अवस्था छ, जनताको कुरै छाडिदिऔं। स्थानीय तहहरू हामीलाई कामै गर्न दिएनन् भन्दै कराएर बसिरहेका छन्। प्रधानमन्त्रीलाई हेर्ने हो भने, संयन्त्रहरूले साथै दिएनन्। म काम गर्न खोजिरहेको छु, कोही चल्दै चल्दैन भनिराख्नुभएको छ। त्यसकारण समाजवादउन्मुख भनेर मात्रै पुग्दैन। कस्तो खालको राज्य, कस्ता खालका संरचना, कस्ता खालका एकाइ, कस्ता खालका अंग हामीले परिकल्पना गरेको हो, त्यसलाई मूर्त पारिदिनुपर्छ। त्यसपछि परिणाम पनि आउँछ।

तपाईंमाथि पनि संशोधनवादी भासमै पुगेको आरोप लाग्न थालेको छ। तपाईं थाक्नुभएको हो ?

यसबारेमा रमाइलो अनुभूति हुन्छ। एकथरी साथीहरू भन्नुहुन्छ- यो उग्रवादी, नेकपामा बन्दुके प्रवृत्ति अझै गएन। यसलाई छिटोभन्दा छिटो कानुनी दायरामा ल्याउनुपर्‍यो, मुद्दा लगाउनुपर्‍यो। अर्कोथरी भन्नुहुन्छ- विप्लव पनि संशोधनवादी भयो। यी भनेका सत्यतालाई नजिकबाट बुझ्न नसकेका अनुमानित तर्क हुन्, साँचो कुरो होइन।

साँचो के हो त ?

हामी कम्युनिस्ट आन्दोलन, समाजवादी आन्दोलनप्रति प्रतिबद्ध छौं। हामीले अगाडि बढाउन खोजेको नेपाली विशेषताको समाजवाद नै हो। यो भनेको परम्परागत संसदीय व्यवस्था, पुँजीवादी व्यवस्था होइन। जनताबाट निर्वाचित तर समाजवादी प्रवृत्तिको व्यवस्थाबारे हामी सोचिरहेका छौं। धेरै आत्तिएर सबैलाई गुटमुट्याएर समाजवादतिर हुल्न खोज्यो भन्ने कुरा पनि सत्य होइन। समाजवाद भनेको सचेतनापूर्वक अग्रगमन गर्ने कुरा हो। सत्य कुरा नबुझी त्यत्तिकै संशोधनवादी भयो भन्ने मनोगत निष्कर्षको कुरा हो। यी विषय सम्झाएर हामीले अगाडिको यात्रा गर्नुपर्छ।

समाजवादबारे बृहत् अन्तर्क्रियाको निष्कर्षमा मोर्चा पुग्नुको कारणचाहिँ के हो ?

हामीले अवधारणापत्र बनाएकै छौं। त्यसमा अझै केही विषयमा हामीले थप्नुपर्नेछ। राजनीतिक प्रणालीका बारेमा, प्रक्रियाका बारेमा, व्यवस्थाका बारेमा केही कुरा थप्नुपर्नेछ। त्यो हामी थप्छौं। कस्तो आर्थिक व्यवस्था हुन्छ, कस्तो राजनीतिक व्यवस्था हुन्छ, कस्तो सांस्कृतिक अवस्था, कस्तो सामाजिक अवस्था भन्ने कुरा हामी राख्छौं। शिक्षा, स्वास्थ्य रोजगारीमा के हुन्छ भन्ने कुरा पनि राख्छौं। बुद्धिजीवी, परिवर्तनकारी शक्ति र व्यक्तित्वहरूबाट आउने सुझावलाई पनि जोड्नुपर्छ भन्ने निष्कर्षका साथ बृहत् अन्तर्क्रिया गर्ने निर्णयमा पुगेका हौं। राष्ट्रिय-अन्तर्राष्ट्रिय अभ्यासबारे हामी सुन्न चाहन्छौं।

नेतृत्वको कार्यशैली नसच्चिएसम्म जनताले पत्याउने अवस्था छ त ?

जनताले अवसर दिऊन्, हामी काम गरेर देखाउँछौं। हामीले दुःख पनि धेरै गरेका छौं। गाउँघरका जनताको अगँनुदेखि काठमाडौंका महलसम्मको जीवन हामीलाई थाहा छ। सबैका आ-आफ्नै दुःख छन्। अहिलेको अवस्थामा हामीले मात्रै भनेर हुँदैन, सबै परिवेश बुझ्नुपर्छ। सबै आ-आफ्नो हठमा उभिँदा नेपाल झन् पश्चगमनतिर जाने हो कि भन्ने चिन्ता छ। वामपन्थीहरूको मोर्चाबन्दी र एकतालाई सरल र फराकिलो बनाउनुपर्छ। देशभक्त र लोकतान्त्रिक शक्तिलाई पनि हामीले थप्नुपर्छ। र, देशलाई अग्रगमनतिर लानुपर्छ। नयाँ प्रयोग र नयाँ सहकार्य गर्न पनि हामी तयार हुनुपर्छ। मान्छे आफैंमा गतिशील प्राणी हो। मान्छे रूपान्तरित हुन पनि सक्छ। माओले भन्नुभयो नि-मान्छे नमर्दासम्म राम्रो काम गर्न सक्छ। रूपान्तरित हुन सक्छ। एकचोटि गल्ती गर्‍यो भन्दैमा सधैंका लागि अन्त्य भयो भन्ने पुरानो जडसूत्रवादी कम्युनिस्टको धारणा छ। निषेधको निषेध गर्ने, पुरानोलाई नकार्नुपर्छ भन्ने, एकचोटि गल्ती भएपछि त्यसलाई स्विकार्नुहुन्न भन्ने अहिलेको समाज विज्ञानको नियमभन्दा पछाडि परिसकेको चेतना हो। हामीले अनिश्चय र सम्भावनालाई जोड्नुपर्छ। बदलिएर राम्रो बन्ने सम्भावना पनि हुन्छ।

निर्वाचनमार्फत नयाँ दल र स्वतन्त्र पनि आए, पुराना दललाई सोच्न बाध्य बनायो नि होइन ?

यसले विचारहरूलाई माझ्न, परिमार्जित गर्न पनि प्रेरित गरेको छ। हाम्रो कार्यशैली र जीवनशैलीबारे पनि सबैलाई घचघच्याएकै छ। त्यो मात्रै होइन, कमीकमजोरी जनताले बुझ्दै छन् भन्ने पनि देखिएको छ। फेरि निकासचाहिँ अहिले घुमिराखेको ठाउँमा भनिएका नयाँ होइनन्। रूप मात्रै नयाँ भएर हुँदैन, दृष्टिकोण पनि चाहिन्छ। जनता अग्रगमन चाहन्छन्, परिवर्तन चाहन्छन् भन्नेचाहिँ साँचो हो।

आगामी निर्वाचनमा तपाईं उम्मेदवार बन्न तयार हो ?

०८४ अलि टाढै छ। ०८४ अगाडि नै नेपालको राजनीतिमा ठुल्ठूला हेरफेर हुने सम्भावना छ। त्यसलाई पनि हामीले आत्मसात् गर्छौं। नेपाललाई निकास दिऔं भन्ने हाम्रो जोड छ। तर, संयोगले विभिन्न खालका त्यस्ता समय आए भने, त्यो परिस्थितिलाई उपयोग गरेर जानुपर्ने पनि हुन सक्छ। हामी खुला भएर जानुपर्छ।

तत्कालीन सरकारले तपाईंहरूसँग सहमति गर्‍यो, फेरि पक्काउपुर्जी पनि जारी भयो ? तादात्म्यता कहाँ मिलेन ?

यो एकदमै खेदजनक कुरा हो। राज्यको संरचना एउटा हार्मोनीमा हुनुपर्छ। एउटै लयमा चल्ने हुनुपर्छ। त्यो देखिँदैन। त्यसैले हामीले नेपाली विशेषताको समाजवादी व्यवस्थाको प्रयोग गर्न खोजेका हौं। केही पञ्चायतकालका कानुन र संरचना छन्। केही ०४७/४८ सालका कानुनअनुसारका छन्। केही ०६३ पछिका छन्। पुरानो तरिकाले चल्नेलाई त्यही ठीक लागिरहेको छ। बीचको किसिमले चल्नेलाई बीचकै ठीक लागिरहेको छ। त्यसैले मिलिरहेको छैन। राज्यका सबै अंगमा त्यसले प्रभाव पारिरहेको छ। सरकारलाई जसरी सहयोग गर्नुपर्छ। नयाँ बनेका राजनीतिक मान्यतालाई जसरी अंगीकार गर्नुपर्छ। त्योअनुसार राज्यका संरचना रूपान्तरित भएकै देखिएन। यसमा बाह्य शक्तिको चलखेल पनि एकदमै चर्को छ। नेपालको इतिहासमा हाम्रो देशको स्वाधीनता सबैभन्दा जोखिममा परेको समय हो यो। त्यसैले हामी नयाँ ढंगले सोचेर अगाडि बढ्न खोज्दै छौं।

सिएनआई र एमच्यामबीच लगानी बढाउन सहकार्य गर्ने सम्झौता

काठमाडौं/ नेपाल उद्योग परिसंघ (सिएनआई) र अमेरिकन चेम्बर अफ कमर्स (एमच्याम)बीच लगानी अभिवृद्धि तथा नेपाल-अमेरिकाबीच व्यावसायिक वातावरण सुदृढ गर्न र सहकार्य गर्न सम्झौता भएको छ। परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र अमेरिकन चेम्बर अफ कमर्सका अध्यक्ष निर्मलकाजी श्रेष्ठले मंगलबार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार दुई संस्थाल नेपाल-अमेरिकाका उद्यमीबीच सम्पर्क बिन्दुका रूपमा काम गर्नेछन्। साथै, संस्थाले नेपालमा लगानी गर्न इच्छुक अमेरिकी लगानीकर्तालाई लगानीसम्बन्धी जानकारी दिने, पारस्परिक उद्देश्य पूरा गर्न नीतिगत सुधारको वकालत गर्ने कार्यमा सहकार्य गर्ने



र नेपालमा अमेरिकी लगानी बढाउन रणनीति सञ्चालन गर्नेछन्। बजारमा आधारित वित्तीय र गैरवित्तीय सेवामा पहुँच बढाउन आइटी क्षेत्रका लागि लगानी र व्यवसाय वातावरण सुधारमा काम गर्ने पनि सम्झौतापत्रमा उल्लेख छ।

परिसंघ अध्यक्ष अग्रवालले यो सहकार्यले नेपाल र अमेरिकालाई व्यावसायिक रूपमा जोड्न पुलका रूपमा काम गर्ने बताए। 'सम्झौतापछिको सहकार्यले ज्ञान र सीपका आदानप्रदान, नवप्रवर्तन तथा नयाँ सहकार्यका बाटो खुला गर्ने, विश्वव्यापी बजारमा प्रतिस्पर्धा गर्ने, विदेशी लगानी आकर्षित गर्न औद्योगिक विकासका लागि योगदान गर्न मद्दत गर्छ,' अध्यक्ष अग्रवालले भने।

त्यस्तै, एमच्यामका अध्यक्ष श्रेष्ठले उद्योगीहरूको साझा संस्था परिसंघको सहकार्यले अमेरिकी लगानी अभिवृद्धि गर्दै मुलुकको अर्थतन्त्र विकासका लागि प्रभावकारी रूपमा काम गर्ने बताए।

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

चिकित्सक सेवा करारमा लिने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०५/१८)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश मातहतका स्वास्थ्य सेवा कार्यालयहरुको लोक सेवा आयोगबाट पदपुर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वत: नरहने गरी स्वास्थ्य सेवाका देहाय बमोजिमका नवौं तहका विभिन्न रिक्त पदहरुमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

क्र.सं.	विज्ञापन नं.	जिल्ला	पद	समूह/उपसमूह	माग संख्या	कैफियत
१	१/०८०/०८१	मुगु	क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
२	२/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
३	३/०८०/०८१		क.जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
४	४/०८०/०८१	कालीकोट	क. जनरल फजिसियन	मे./जनरल मे.	१	
५	५/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
६	६/०८०/०८१	रुकुम पश्चिम	क. जनरल फजिसियन	मे./जनरल मे.	१	
७	७/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
८	८/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
९	९/०८०/०८१	सल्यान	क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
१०	१०/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
११	११/०८०/०८१	दैलेख	क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
१२	१२/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
१३	१३/०८०/०८१		क.अर्थोपेडिक सर्जन	सर्जरी/अर्थोपेडिक सर्जरी	१	
१४	१४/०८०/०८१		क. एनेस्थेसियोलोजिष्ट	एनेस्थेसियोलोजी	१	
१५	१५/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
१६	१६/०८०/०८१	जाजरकोट	क.जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
१७	१७/०८०/०८१		क.अर्थोपेडिक सर्जन	सर्जरी/अर्थोपेडिक सर्जरी	१	
१८	१८/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
१९	१९/०८०/०८१		क. एनेस्थेसियोलोजिष्ट	एनेस्थेसियोलोजी	१	
२०	२०/०८०/०८१		क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
२१	२१/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
२२	२२/०८०/०८१	डोल्पा	क.जनरल फजिसियन	मे./जनरल मे.	१	
२३	२३/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
२४	२४/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
२५	२५/०८०/०८१	हुम्ला	क.जनरल फजिसियन	मे./जनरल मे.	१	
२६	२६/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
२७	२७/०८०/०८१		क. जनरल सर्जन	सर्जरी/जनरल सर्जरी	१	
२८	२८/०८०/०८१	मेहलकुना अस्पताल	क.पिडियाट्रिसियन	पेडियाट्रिक्स/पेडियाट्रिक	१	
२९	२९/०८०/०८१		क.अर्थोपेडिक सर्जन	सर्जरी/अर्थोपेडिक सर्जरी	१	
३०	३०/०८०/०८१		क. अब्स्ट्रेटिक्स एन्ड गाइनिकोलोजिष्ट	अब्स्ट्रेटिक्स एण्ड गाईनो	१	
३१	३१/०८०/०८१		क.जनरल फजिसियन	मे./जनरल मे.	१	
जम्मा					३१	

१. उम्मेदवारको योग्यता :

क. नेपाली नागरिक हुनुपर्ने।

ख. न्यूनतम योग्यता: माथि उल्लिखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ। कम्युनिटि मेडिसिनको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा एम.डि. वा सो सरहको उपाधि प्राप्त हुनुपर्ने छ।

ग. विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

घ. उमेर हद: अधिकृतस्तरको लागि न्युनतम २१ वर्ष पुरा भएको हुनुपर्ने।

ङ. सम्बन्धित स्वास्थ्य सम्बद्ध व्यवसायिक परिषद्मा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्ने छ।

च. स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनुपर्ने छ।

छ. समावेशीता (महिला, आदवासी जनजाती, मधेसी, पिछडिएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ।

ज. अपाङ्गताको हकमा अनिवार्य रुपममा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नुपर्ने छ।

झ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने छ।

२. दरखास्त दिने विधि: योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फारम भरेको सक्कलै फाइल पेश गर्नुपर्ने छ। चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना vaccancy.mosd@gmail.com मार्फत दरखास्त पेश गर्न सकिनेछ। अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ। दरखास्त फारम यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: दरखास्त फारम भरी फारममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसी देखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्नेछ। उम्मेदवारले सबै कागजातमा सक्कल बमोजिम नक्कल ठिक भएको प्रमाणित गरेको हुनुपर्नेछ।

४. छनौट प्रक्रिया: कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने कार्यविधि, २०७६ (संसोधन सहित)" अनुरुप छनौट कार्य हुनेछ।

५. सेवा सुविधा: छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई कर्णाली प्रदेशभरी जुनसुकै अस्पताल, स्वास्थ्य सेवा कार्यालयमा खटाउन सकिनेछ। पारिश्रमिक तथा सेवाका शर्तहरु कर्णाली प्रदेश सरकारको नियम अनुसार हुनेछ।

६. लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा यसरी करारमा नियुक्ति भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई जुनसुकै बेला हटाउन सकिनेछ।

७. म्याद नाघी आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन।

८. दरखास्त वापत कुनै शुल्क लाग्ने छैन।

९. यो सूचना र सूचनासंग सम्बन्धित अन्य जानकारीको जिल्ला स्थित सम्पर्क अधिकारिहरुको विवरण यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np र सूचना पाटी मार्फत हेर्न सकिनेछ।

NIC ASIA

एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५२ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	प्रदेश सरकार, (प्रदेश नं. २) उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा प्रा.फ.नं २८२७/२०७०/०७१ अर्न्तगत मिति २०७०/०८/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ साझेदारी ऐन २०२० बमोजिम दर्ता गरी सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. १ स्थित **रोशनी इलेकट्रीक केन्द्र** **प्रोप्राईटर तथा जमानीकर्ता : श्याम कुमार महतो**	

जमानीकर्ताहरुको विवरण

१) मिरा देवी महतो स्थायी ठेगाना: सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : शुकदेव महतो ससुरा : दशै महतो कोईरी पति : राम चन्द्र महतो कोईरी	**२) सरिता कुमारी महतो** स्थायी ठेगाना: सर्लाही जिल्ला, मलंजावा न.पा. वडा नं. १ हालको ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : योगेन्द्र महतो कोईरी ससुरा:राम चन्द्र महतो कोईरी पति : श्याम कुमार महतो	**३) रिन्की कुमारी महतो** स्थायी ठेगाना: सर्लाही जिल्ला, लक्ष्मीपुर सुक्चैना गा.वि.स. वडा नं. ५ हालको ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : राम कैलाश महतो ससुरा:राम चन्द्र महतो कोईरी पति:राम किशोर महतो कोईरी	**४) विणा कुमारी महतो कुशवाह** ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : वाल कृष्ण महतो ससुरा:राम चन्द्र महतो कोईरी पति: शुनिल कुमार महतो
५) श्याम कुमार महतो ठेगाना: सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : राम चन्द्र महतो कोईरी बाजे : दशै महतो कोईरी	**६) राम चन्द्र महतो कोईरी** स्थायी ठेगाना: सर्लाही जिल्ला, ववरगंज गा.वि.स. वडा नं. ८ हालको ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : दशै महतो कोईरी बाजे : दुखा महतो	**७) शुनिल कुमार महतो** स्थायी ठेगाना:सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ७ हालको ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : राम चन्द्र महतो कोईरी बाजे : दशै महतो कोईरी	**८) राम किशोर महतो कोईरी** स्थायी ठेगाना:सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ७ हालको ठेगाना:सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बाबु : राम चन्द्र महतो कोईरी बाजे : दशै महतो कोईरी

धितोको विवरण

१) शुकदेव महतोकी छोरी, दशै महतो कोईरीकी बुहारी, राम चन्द्र महतो कोईरीकी पत्नी, सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बस्ने मिरा देवी महतोको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९/ख (हाल लालवन्दी न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४४५८ को क्षेत्रफल ०-०-१-५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।

२) शुकदेव महतोकी छोरी, दशै महतो कोईरीकी बुहारी, राम चन्द्र महतो कोईरीकी पत्नी, सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बस्ने मिरा देवी महतोको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९/ख (हाल लालवन्दी न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३५२० को क्षेत्रफल ०-०-५ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।

३) दुखा महतोको नाति, दशै महतो कोईरीको छोरा, सर्लाही जिल्ला, ववरगंज गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालवन्दी न.पा. वडा नं. ११ बस्ने राम चन्द्र महतो कोईरीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६/ख (हाल लालवन्दी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४२६ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।

४) रोशनी इलेकट्रीक केन्द्रको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

	ऋणीहरुको विवरण	जमानीकर्ताको विवरण
२)	**माया राम चौधरी (थारु) (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : बाँके जिल्ला, बैजापुर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : बाँके जिल्ला, राप्ती सोनारी गा.पा. वडा नं. ४ बाबु : हिरालाल थारु बाजे : बैरागी थारु **तथा** **श्रीराम थारु** स्थायी ठेगाना : बाँके जिल्ला, धामपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, राप्ती सोनारी गा.पा. वडा नं. ४ बाबु : हिरालाल थारु बाजे : बैरागी थारु	**संगिता गिरी** स्थायी ठेगाना : बाँके जिल्ला, कचनापुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, राप्ती सोनारी गा.पा. वडा नं. ४ बाबु : लाल बहादुर गिरी ससुरा : हिरालाल थारु पति : माया राम चौधरी(थारु)

धितोको विवरण

बैरागी थारुको नाती, हिरालाल थारुको छोरा, बाँके जिल्ला, धामपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, राप्ती सोनारी गा.पा. वडा नं. ४ बस्ने श्रीराम थारुको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, बैजापुर गा.वि.स. वडा नं. ९/घ स्थित कित्ता नं. १७ र २७५ को क्षेत्रफल क्रमश: ०-१८-१७-० र ०-१-११-० (विगाहा) जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।

	ऋणीहरुको विवरण	धितोको विवरण
३)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय सुर्खेतमा प्रा.फ.र.नं. ७९३/०६५/०६६ अर्न्तगत मिति २०६५/०८/०८ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ स्थित **लेडिज एण्ड बेबी युनिभर्सल फेन्सी स्टोर** **प्रोप्राइटर तथा जमानीकर्ता: मन्जु गौतम (क्रेडिट कार्ड कर्जा समेत)**	१) उदय बहादुर गौतमकी छोरी, भुवन बहादुर थापाकी पत्नि, इन्द्र बहादुर थापाकी बुहारी, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने मन्जु गौतमको नाममा मालपोत कार्यालय सुर्खेतको लगातमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल वीरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७३९ को क्षेत्रफल १६५.३० (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) लेडिज एण्ड बेबी युनिभर्सल फेन्सी स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) मन्जु गौतम ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बाबु : उदय बहादुर गौतम पति : भुवन बहादुर थापा ससुरा : इन्द्र बहादुर थापा	**२) भुवन बहादुर थापा** ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बाबु : इन्द्र बहादुर थापा बाजे : हस्त बहादुर थापा	**३) विजेता थापा** ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ बाबु : भुवन बहादुर थापा बाजे : इन्द्र बहादुर थापा

	ऋणीको विवरण	धितोको विवरण
४)	**बुद्धिमान तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बाबु : लाल बहादुर तामाङ बाजे : कृष्ण बहादुर तामाङ	दिल बहादुर तामाङकी छोरी, लाल बहादुर तामाङकी बुहारी, बुद्धिमान तामाङकी पत्नी, धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बस्ने उजेली तामाङको नाममा मालपोत कार्यालय धादिङको लगातमा दर्ता कायम रहेको धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. २क (हाल धुनिबेशी न.पा. वडा नं. २) स्थित कित्ता नं. १६३ को क्षेत्रफल ५-१४-१-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।

जमानीकर्ताहरुको विवरण

१) उजेली तामाङ स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बाबु : दिल बहादुर तामाङ बाजे : लाल बहादुर तामाङ पति : बुद्धिमान तामाङ	**२) निता लामा** ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बाबु : बुद्धिमान तामाङ बाजे : लाल बहादुर तामाङ

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १८ पुस ०८०

भारतीय विदेशमन्त्रीको उपस्थितिमा भोलि दीर्घकालीन विद्युत् व्यापार सम्झौतापत्रमा हस्ताक्षर हुँदै

अर्थब्युरो/नयाँ पत्रिका

नेपाल र भारतबीच बिहीबार परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौँ बैठक बस्दै छ। बैठकका लागि परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा बिहीबारै भारतीय विदेशमन्त्री डा. एस जयशंकर दिल्लीबाट आउँदै छन्। उनको नेपाल भ्रमणको अवसरमा नेपाल-भारत मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अन्तरसरकारी सम्झौता हुने भएको छ।

परराष्ट्रमन्त्री एनपी साउद र भारतीय समकक्षी जयशंकरको रोहवरमा बिहीबार उक्त सम्झौतापत्रमा द्विपक्षीय हस्ताक्षर हुने भएको हो। सम्झौतापत्रमा नेपालका ऊर्जासचिव गोपाल सिग्देल र भारतीय ऊर्जासचिव पंकज अग्रवालले हस्ताक्षर गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले जानकारी दिए। यसको मस्यौदा गत जेठमा नेपालमा र गत भदौमा भारतीय मन्त्रिपरिषद्बाट स्वीकृति भएको थियो।

यस सम्झौताअन्तर्गत भारतले १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्नेछ। हस्ताक्षर भएपछि यसकै आधारमा नेपाल र भारतका विद्युत् व्यापार कम्पनीले मध्यकालीन तथा दीर्घकालीन विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न सक्नेछन्। दुवै देशका सरकारले आवश्यक निर्देशिका, निर्देशन, कार्यविधि, परिपत्रहरू जारी गर्न सक्नेछन्।

हाल नेपाल विद्युत् प्राधिकरणले भारतमा अल्पकालीन रूपमा विद्युत् व्यापार गर्दै आएको छ। त्यहाँको डे-अहेड मार्केट र रियल टाइम मार्केटमा प्रतिस्पर्धी मूल्यमा विद्युत् खरिद-बिक्री गर्दै आइएको छ। हालसम्म नेपालले भारतमा ६ सय ५७ मेगावाट विद्युत् बिक्री गर्न सक्ने स्वीकृत पाएको छ। १७ देखि २० जेठसम्म भएको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा गत जेठ १८ गते नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापारको समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। त्यसलाई टुंगोमा पुऱ्याउन सात महिनापछि सम्झौतापत्रमा हस्ताक्षर हुन लागेको हो।



■ तीन अन्तरदेशीय प्रसारणलाइनको उद्घाटन

यही अवसरमा एक सय ३२ केभी क्षमताका नेपाल-भारत तीन अन्तरदेशीय प्रसारणलाइन उद्घाटन गरिने भएको छ। भारतको बिहार प्रदेशसँग जोडिने रक्सौल-परवानीपुर र कुशाहा-कटैया तथा भारतको उत्तर प्रदेशसँग जोडिने नौतनवा-मैनाहिया गरेर तीन अन्तरदेशीय प्रसारणलाइनको उद्घाटन गर्न लागिएको हो। बिहीबार नेपालका परराष्ट्रमन्त्री साउद र भारतीय समकक्षी जयशंकरले काठमाडौंबाट संयुक्त रूपमा स्विच थिचेर उक्त प्रसारणलाइनको उद्घाटन गरिनेछ।

रक्सौल-परवानीपुर र कुशाहा-कटैयामा हालकै टावरमा एक सय ३२ केभी क्षमताको नयाँ सर्किट लाइन जोडिएको हो। यसअघि रक्सौल-परवानीपुरमा सिंगल र कुशाहा-कटैयामा डबल सर्किट लाइन थियो। अहिले दुवै प्रसारणलाइनमा थप ८०-८० मेगावाट विद्युत् प्रवाह गर्न मिल्ने गरी थप एक-एक सर्किट लाइन जोडिएको छ। यसअघि ८० मेगावाट विद्युत् प्रवाह गर्रिदै आइएको रक्सौल-परवानीपुरबाट अब एक सय ६० मेगावाट र यसअघि एक सय ४० मेगावाट विद्युत् प्रवाह गर्न सकिने कुशाहा-कटैयाबाट अब दुई सय २० मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ। नौतनवा-मैनाहिया भने पूर्ण रूपमा नयाँ प्रसारणलाइन हो। यसमा एक सय ३२ केभी क्षमताको डबल सर्किट लाइन छ, यसबाट दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सकिन्छ।

वाणिज्य सन्धि पुनरावलोकनका आधा दर्जन एजेन्डा

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले परराष्ट्र हुँदै पठाएको प्रस्तावमा वाणिज्य सन्धि संशोधन गरी नेपाल र भारतको व्यापार सहजीकरणको मुद्दालाई प्राथमिकतामा राखिएको छ। प्रत्येक सात वर्षमा नवीकरण हुने नेपाल-भारत वाणिज्य सन्धि गत कात्तिकमा स्वतः नवीकरण भएको थियो। त्यसैले भारतीय विदेशमन्त्री जयशंकर दुई देशको मन्त्रीस्तरीय बैठका भाग लिन आएका वेला वाणिज्य सन्धि पुनरावलोकन तथा संशोधनको विषयलाई प्राथमिकताका साथ उठाइने उद्योग मन्त्रालयका एक अधिकारीले बताए।

'हामीले एक-अर्कालाई कृषिजन्य उत्पादनमा भन्सार महसुल नलगाउने सन्धिमा उल्लेख छ। तर, अब यसलाई हटाउनुपर्ने एजेन्डा उठाइने छ,' ती अधिकारीले भने, 'भारत ठूलो अर्थतन्त्र भएको देश हो। उसको उत्पादनसँग हामीले प्रतिस्पर्धा गर्न सक्दैनौं। त्यसैले पनि कृषिजन्य प्राथमिक तहको उत्पादनमा भन्सार महसुल लगाउन पाउने विषय उठाउने एजेन्डा छ।' भारतबाट नेपालमा आयात हुने कृषिउपजमा 'काउन्टर भेलिङ ड्युटी' लगाउन सक्ने व्यवस्थाबारे नेपालले प्रस्ताव राख्ने भएको छ। त्यस्तै, नेपाली उत्पादन आयातमा भारतले लगाएको परिमाणात्मक बन्देज (कोटा प्रणाली) हटाउने एजेन्डा पनि राखिएको छ। यसमा वनस्पति घिउ, धागो, तामाको वस्तु र जिंक अक्साइड छन्।

यसैगरी, ३० प्रतिशत मूल्य अभिवृद्धि भएका वस्तु मात्रै नेपालले भारतमा निर्यात गर्न पाउने विद्यमान व्यवस्था संशोधनका लागि प्रस्ताव राखिएको छ। विश्व व्यापार संगठनले भने वस्तु निर्यात गर्दा उत्पत्तिको प्रमाणपत्रमा २५ प्रतिशत मूल्यअभिवृद्धि भएको हुनुपर्ने व्यवस्था छ। नेपालले भने तुलनात्मक रूपमा सानो अर्थतन्त्र भएकाले २० प्रतिशत मूल्य अभिवृद्धि भएका नेपाली उत्पादनलाई भन्सारविहीन सुविधा भारतमा दिनुपर्ने विगतदेखी नै उठाउँदै आएको एजेन्डा कार्यान्वयनमा जोड दिने भएको छ।

त्यस्तै, भारतले सन् २०१६ देखि नेपाली जुटमा लगाउँदै आएको एन्टिडम्पिङ ड्युटी हटाउनुपर्ने एजेन्डा पनि समावेश गरिएको छ। दुई देशबीचको अनौपचारिक व्यापारलाई नियन्त्रण गर्ने, नेपाल र भारतका एक-अर्काका गुणस्तरसम्बन्धी प्रमाणपत्रले मान्यता पाउनुपर्नेलगायतका एजेन्डासमेत राखिएको मन्त्रालयले जनाएको छ।

■ इनर्जी बैंकिङ ब्युँताउने एजेन्डा

यसै अवसरमा नेपाल-भारत ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी)को ११औँ बैठक हुने भएको छ। गत फागुनमा भारतमा १०औँ बैठक भएको थियो। ११औँ बैठक भने आगामी २० र २१ पुसमा चितवनमा ऊर्जासचिवस्तरीय जेएससी बैठक हुनेछ। सहसचिवस्तरीय ऊर्जा संयुक्त कार्यदल बैठक भने बुधबार काठमाडौंमा हुँदै छ। बैठकमा इनर्जी बैंकिङलाई ब्युँताउने एजेन्डासमेत बनाइएको छ। बुधबार हुने सहसचिवस्तरीय बैठकमा यसबारे छलफल हुँदै छ। सोही बैठकले यससम्बन्धी एजेन्डामा जेएससीको बैठकमा पेस गर्नेछ।

उड्डयन सहजीकरणमा भारतीय उपेक्षा

भारतको उपेक्षाका कारण अर्बौं खर्चिएर निर्माण गरिएका गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन अनिश्चित बनेका छन्। गौतम बुद्ध विमानस्थलमा जडान गरिएको इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) सञ्चालन, नयाँ हवाई प्रवेश विन्दुदेखि उडान अनुमति दिन भारतले अनिच्छा देखाउँदै आएको छ।

गत जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारत भ्रमणका क्रममा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जडान गरिएको आइएलएस सञ्चालनका लागि भारतले अनुमति दिएको बताएका थिए। यस विषयमा टेक्निकल कोअर्डिनेसन टिम बसेर टुंग्याउने भनिएको थियो। तर, यो विषयमा अहिलेसम्म कुनै बैठक हुन नसकेको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताए। उनले भने, 'सबै कुरा यथास्थितिमै छन्, कुनै प्रगति भएको छैन।' आइएलएसको फ्रिक्वेन्सी भारतीय आकाशमा परेपछि भारतले चलाउन अनुमति दिएको छैन।

यस्तै, अन्तर्राष्ट्रिय वायुसेवा नेपाल भित्रिने नयाँ प्रवेश विन्दुमा दिन पनि भारतले आनाकानी गर्दै आएको छ। नेपालले भैरहवासहित नेपालगन्ज, महेन्द्रनगरबाट प्रवेश विन्दु माग गर्दै आएको छ। वर्षौंदेखि नेपाल र भारतबीच नयाँ रुटका विषयमा छलफल भए पनि भारतले आश्वासन मात्रै दिँदै आएको छ। अहिलेसम्म ठोस प्रगति हुन सकेको छैन। नयाँ हवाई प्रवेश विन्दुका विषयमा पनि कुनै प्रगति हुन नसकेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याम)का सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। भैरहवा र पोखराबाट सीधै भारतका विभिन्न सहरमा उडान गर्ने सम्बन्धमा पनि भारतले अनुमति दिन मानेको छैन। बुद्ध एयरले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन गरेकै दिन १ जनवरी २०२२ बाट पोखरा-बनारस उडान अनुमति मागेको थियो। तर, भारतको उड्डयन नियामक निकायले अहिलेसम्म कुनै जवाफ पठाएको छैन। बुद्धले पोखराबाट बनारस, दिल्ली, देहरादुनलगायतका सहरमा उडान थाल्ने योजना बनाएको थियो।

यस्तै, भैरहवाबाट भारतमा उडान गर्न पनि अनुमति दिइएको छैन। नेपाल वायुसेवा निगम (नेवानि)ले नयाँदिल्लीबाट भैरहवामा उडान गर्ने गरी प्रक्रिया थालेकोमा भारतले अनुमति दिन मानेन। नवनिर्मित पोखरा र भैरहवा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान गर्न भारतको सहमति, स्वीकृति र सहजीकरण आवश्यक रहेको सूचना अधिकारी भुलको भनाइ छ। यस विषयमा भारतले नै अनिच्छा देखाउँदा दुई देशबीच टेक्निकल टिमको बैठक नै बस्न सकेको छैन।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दुग्ध विकास आयोजनामा मन्त्री भुसालको अनुगमन

काठमाडौं/ कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालले बालाजु दुग्ध वितरण आयोजनामा छड्के अनुगमन गरेका छन्। मंगलबार मन्त्री भुसाल, मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेलसहितले अनुगमन गरेका हुन्। अनुगमनका क्रममा आयोजनाका दुई सय ५१ कर्मचारीमध्ये ८३ जना अनुपस्थित रहेको पाइएको छ।

पछिल्लो समय किसानले दूधको भुक्तानी नपाएको गुनासोलगायतका समस्यालाई लक्षित गरेर मन्त्री भुसालले छड्के हानेका हुन्। अनुगमनका क्रममा आयोजनाले किसानको भुक्तानी दिन नसकेको, बजार व्यवस्थापन राम्रो नभएको, सरसफाइको अवस्था दयनीय रहेको पाइएको छ।

केही अगाडि खाद्य प्रविधि तथा गुणस्तर विभाग र जिल्ला प्रशासन कार्यालयले गरेको संयुक्त बजार अनुगमनमा भेटिएका अखाद्य वस्तु नष्ट गर्न दिएको निर्देशन पनि पालना नगरिएको पाइएको छ।

आयोजना भद्रगोल अवस्थामा सञ्चालन रहेको देखेपछि मन्त्री भुसालले प्रमुख गणेशकुमार यादवलाई तत्काल सुधार गर्न निर्देशन दिए। निरन्तर घाटामा गइरहेको दुग्ध विकास संस्थानमाथि मन्त्रालयमा उजुरीका चाङ छन्। पटक-पटक संस्थान सुधारका मौखिक र लिखित निर्देशन दिँदै आए पनि महाप्रबन्धक सञ्जिव झाले अटेरी गर्दै आएको भेटिएको छ।

किसानले भुक्तानी नपाउँदासम्म कर्मचारीले प्राप्त गर्दै आएको अतिरिक्त सेवालाई कटौती गर्न मन्त्री भुसालले दिएको निर्देशन कार्यान्वयन नभएको पाइएको छ।

विमानस्थलमा श्रम डेस्क राख्न तालिमप्रदायक संस्थाहरूको माग

मुना कुँवर/नयाँ पत्रिका

पूर्वप्रस्थान अभिमुखीकरण तालिम सेवाप्रदायक संस्थाहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क राख्न श्रम मन्त्रालयसँग माग गरेका छन्। वैदेशिक रोजगारीमा जाने श्रमिकले अभिमुखीकरण तालिम लिए-नलिएको सुनिश्चित गर्न श्रम डेस्क अनिवार्य भएको उनीहरूको भनाइ छ।

वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ। तर, श्रमिकले तालिम लिए-नलिएको यकिन गर्ने निश्चित निकाय भने छैन। जसका कारण तालिम सेवाप्रदायक संस्थाहरूले तालिम नै नलिएका श्रमिकलाई पनि प्रमाणपत्र बिक्री गरेको पाइएको अभिमुखीकरण तालिमप्रदायक महासंघका अध्यक्ष रामराजा गौतमले बताए।

श्रम मन्त्रालयले निर्माण गरेको अभिमुखीकरण तालिम कार्यविधिअनुसार श्रमिकले दुईदिने (११ घण्टा) तालिम लिनुपर्छ। कार्यविधिलाई संशोधन गरी अहिले तीनदिने (१८ घण्टा) तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। तर, नियमन गर्न निश्चित विन्दु नहुँदा श्रमिकले तालिम शुल्क भुक्तानी गर्ने, तर तालिममा सहभागी नहुने गरेको पाइएको छ। तालिम नै दिनुनपरेपछि तालिमप्रदायक संस्थाहरूको भने खर्च बचत हुने गरेको छ।

तर, अभिमुखीकरण तालिम नदिई वैदेशिक रोजगारीमा जाँदा श्रमिकले विभिन्न समस्या भोग्ने गरेका छन्। तालिममा श्रमिकलाई गन्तव्य मुलुकका बारेमा आधारभूत जानकारी दिइन्छ। त्यसैले तालिम लिए-नलिएको नियमन गर्न विमानस्थलमा श्रम डेस्क राख्न मन्त्रालयलाई आग्रह गरिएको संस्थाहरूले बताए। तालिम लिए-नलिएको सुनिश्चितता परीक्षाका लागि तालिमप्रदायक संस्थाहरूले श्रम डेस्कको प्रस्ताव गरेको श्रम मन्त्रालयका प्रवक्ता राजीव पोखेलले बताए। यस विषयमा मन्त्रालयमा छलफल नभइसकेको उनले बताए।

■ म्यानपावर व्यवसायीको दबाबमा हटाइयो श्रम डेस्क

श्रम मन्त्रालयले म्यानपावर व्यवसायीको प्रभावमा परेर विमानस्थलमा राखिएको श्रम डेस्क हटाएको पूर्वप्रस्थान अभिमुखीकरण तालिम सेवाप्रदायक संस्थाहरूले आरोप लगाएका छन्। श्रम डेस्कमा श्रम स्वीकृति, भिसा तथा तालिम लिए-नलिएको अन्तिम परीक्षण गरिन्थ्यो। जसले म्यानपावर व्यवसायीलाई चलखेल गर्न अप्ठ्यारो भएको उनीहरूको आरोप छ। तत्कालीन श्रममन्त्री कृष्णकुमार श्रेष्ठले श्रम डेस्कले श्रमिकलाई अनावश्यक दुःख दिएको भन्दै हटाएको तालिम केन्द्रका एक सञ्चालकले बताए। 'मन्त्री आफैं पनि म्यानपावर व्यवसायसँग आबद्ध हुनुहुन्छ। त्यसैले पनि उहाँ व्यवसायीको प्रभावमा परी श्रम डेस्क हटाउनुभयो,' उनले भने। श्रम डेस्क हटाइएपछि म्यानपावर व्यवसायीद्वारा खोलिएका तालिम केन्द्रले नै तालिमको प्रमाणपत्र बिक्री गर्न थालेको उनको आरोप छ।

मन्त्रालयले तालिम कार्यविधि संशोधन गरी आइरिस हाजिर मेसिन राख्नुपर्ने व्यवस्था गरेको छ। तर, श्रमिक आफैंले उपस्थित भएर हाजिर गरे वा नगरेको नियमन गर्ने निकाय नभएसम्म यो संरचनाले पनि सुधार नल्याउने उनको जिकिर छ। यसअघि तालिमप्रदायक संस्थाहरूले हातको औंलाबाट हाजिर गर्ने मेसिनको प्रयोग गर्थे। मेसिनलाई सीधै विभागको फेमिस सफ्टवेयरसँग जडान गरिएको दाबी गरे पनि श्रमिकको नाममा अरूले नै हाजिर गर्दै प्रमाणपत्र बिक्री गर्रिदै आएको थियो। आइरिस हाजिर मेसिनको प्रयोगमा पनि अनियमितता हुने गरेको तालिमप्रदायक संस्थाहरू नै बताउँछन्।

■ अव्यावहारिक स्मार्ट बोर्डको व्यवस्था

श्रम मन्त्रालयले संशोधन गरेको पूर्वप्रस्थान अभिमुखीकरण तालिम कार्यविधिमा अव्यावहारिक व्यवस्था गरिएको तालिमप्रदायक संस्थाहरूले गुनासो गरेका छन्। निश्चित व्यक्तिको फाइदाका लागि स्मार्ट बोर्ड अनिवार्य गरिएको उनीहरूको आरोप छ। यसअघिको कार्यविधिमा दुई सय वर्गफिटको तालिम कोठा र ३२ इन्चको टिभी हुनुपर्ने व्यवस्था थियो। तर, संशोधित कार्यविधिमा कोठाको साइज फेरबदल गरिएको छैन। तर, ८६ इन्चको स्मार्ट बोर्ड राख्नुपर्ने व्यवस्था गरिएको छ। कोठाको साइजअनुसार स्मार्ट बोर्डको साइज अत्यधिक ठूलो भएको तालिमप्रदायक संस्थाहरूले बताए। 'दुई सय स्क्वायर फिटको कोठामा ८६ इन्चको स्मार्ट बोर्ड राखिनु प्राविधिक रूपमा पनि नै गलत छ,' उनीहरूले बताए। तीन दिनसम्म दैनिक आठ घण्टा सानो कोठामा ठूलो साइजको स्मार्ट बोर्डमा पढाइनु स्वास्थ्यका दृष्टिकोणले पनि नकारात्मक भएको उनीहरूले बताए।

मन्त्रालयले १५ दिनको अवधि दिएर स्मार्ट बोर्ड र रेटिना हाजिर मेसिन राख्न निर्देशन दिएको छ। तीन महिनाअघि बनाइएको कार्यविधि लुकाएर मन्त्रालयले १५ दिनमा स्मार्ट बोर्ड र हाजिर मेसिन खरिद गर्न लगाउनुले मन्त्रालयले बजारमा सिन्डिकेट लागू गर्न खोजेको उनीहरूको आरोप छ। बजार मूल्यअनुसार ८६ इन्चको स्मार्ट बोर्डको मूल्य दुई लाख २५ हजार पर्छ। त्यस्तै, रेटिना हाजिर मेसिनको मूल्य पनि दुई लाख २५ हजार पर्छ। तालिमप्रदायक संस्थाहरूले तत्काल करिब सात लाख लगानी गर्नुपर्नेछ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैँकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५** (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

१. **ऋणीको विवरण:**

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा मकवानपुरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६०/०६/२३ मा दर्ता नं. १९४४०/०६०/०६१ कायम रहि आन्तरीक राजश्व कार्यालय हेटौंडा मकवानपुरमा मिति २०६०/०७/०३ मा स्थायी लेखा नं. ३०१४७४३६४ कायम रहेको मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहेका **जय कालिका हार्डवेयर एण्ड सप्लायर्स** (प्रोप्राईटर खड्क बहादुर कार्कीको बुहारी, आत्माराम थापाको छोरी, कृष्ण बहादुर कार्कीको पत्नी, मकवानपुर जिल्ला, नामटार गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ बस्ने **शान्ति कुमारी थापा** (ना.प्र.नं. २२९३३, जारी मिति २०४९/०५/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हस्त बहादुर कार्कीको नाति, खड्क बहादुर कार्कीको छोरा, शान्ति कुमारी थापाको पति, मकवानपुर जिल्ला, कैलाश गा.पा वडा नं. ०९, नामटार स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ मकवानपुर बस्ने **कृष्ण बहादुर कार्की** (ना.प्र.नं. २४१४७ जारी मिति २०४९/११/११, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. खड्क बहादुर कार्कीको बुहारी, आत्माराम थापाको छोरी, कृष्ण बहादुर कार्कीको पत्नी, मकवानपुर जिल्ला, नामटार गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ बस्ने **शान्ति कुमारी थापा** (ना.प्र.नं. २२९३३, जारी मिति २०४९/०५/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण

१. **शान्ति कुमारी थापा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा वडा नं. ०५ स्थित कित्ता नं. १६५५९ को क्षे.फ. ०-१-९-१४ (बि.क.धु.क) जग्गा र सो जग्गामा निर्माणाधिन घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणी **जय कालिका हार्डवेयर एण्ड सप्लायर्स** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

२. **ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०५४/०५/१७ मा प्रा.फा.र.नं. ८११७/२०५४/५५ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३००८८२८४९ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ०५ स्थित रजिस्ट्रर्ड कार्यालय रहेको **कृति इटरप्राईजेज** (प्रोपाईटर हस्त बहादुर कार्कीको नाति, खड्क बहादुर कार्कीको छोरा, शान्ति कुमारी थापाको पति, मकवानपुर जिल्ला, कैलाश गा.पा वडा नं. ०९, नामटार स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ मकवानपुर बस्ने **कृष्ण बहादुर कार्की** (ना.प्र.नं. २४१४७ जारी मिति २०४९/११/११, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. हस्त बहादुर कार्कीको नाति, खड्क बहादुर कार्कीको छोरा, शान्ति कुमारी थापाको पति, मकवानपुर जिल्ला, कैलाश गा.पा वडा नं. ०९, नामटार स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ मकवानपुर बस्ने **कृष्ण बहादुर कार्की** (ना.प्र.नं. २४१४७ जारी मिति २०४९/११/११, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

२. खड्क बहादुर कार्कीको बुहारी, आत्माराम थापाको छोरी, कृष्ण बहादुर कार्कीको पत्नी, मकवानपुर जिल्ला, नामटार गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ मकवानपुर बस्ने **शान्ति कुमारी थापा** (ना.प्र.नं. २२९३३, जारी मिति २०४९/०५/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण

१. **कृष्ण बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०५ (हाल हेटौंडा उ.म.न.पा वडा नं. ०५) स्थित कित्ता नं. ६७७ र ११६१२ को क्षे.फ. क्रमश ०-०-१५.५० र ०-०-११ (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **कृष्ण बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स वडा नं. ०९ (हाल हेटौंडा उ मा न.पा वडा नं. १५) स्थित कित्ता नं. २४२९ को क्षे.फ. ०-१-०.२५(बि.क.धु) जग्गा र भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माण कार्य लगायत सम्पूर्ण लिगलगापातहरु समेत।

३. ऋणी **कृति इटरप्राईजेज**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं.०५७-५२४१४३

सहरी जनसंख्या २७.०७ प्रतिशत पुग्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका

पछिल्लो १० वर्षमा सहरी जनसंख्या बढेर कुल जनसंख्याको २७.०७ प्रतिशत पुगेको छ। ०६८ को जनगणनाको तुलनामा ०७८ मा सहरी जनसंख्या बढेको राष्ट्रिय तथ्यांक कार्यालयले जानकारी दिएको छ। कार्यालयले ग्रामीण तथा सहरी क्षेत्रमा वर्गीकरणको प्रतिवेदन सार्वजनिक गर्दै जनगणना ०६८ र ०७८ को बीचमा सहरी जनसंख्या २२.३१ प्रतिशतबाट बढेर २७.०७ पुगेको बताइएको छ।

त्यसैगरी, सहरोन्मुख जनसंख्या ३९.१९ प्रतिशतबाट बढेर ३९.७५ प्रतिशत पुगेको तथ्यांकले देखाएको छ। प्रतिवेदनमा भनिएको छ, 'पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८.५ प्रतिशतबाट ३३.१९ प्रतिशतमा झरेको देखिन्छ।'

प्रतिवेदनअनुसार विशेषताका आधारमा सहरोन्मुख क्षेत्र मानिएको स्थानमा अझै पनि जनसंख्याको ठूलो हिस्सा बसोवास गरेको देखिन्छ। ग्रामीण जनसंख्या अझै पनि एकतिहाइ छ। प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले व्यवस्थापन गर्न कठिनाइ भएको प्रतिवेदनमा जनाएको छ। त्यस्तै, ग्रामीण क्षेत्रमा बसाइँसराइ कम गर्न दबाब परेको देखिएको उल्लेख छ।



भौगोलिक क्षेत्रका आधारमा ग्रामीण जनसंख्या पहाडमा ६६ प्रतिशत छ। हिमालमा १६ प्रतिशत जनसंख्या रहेको प्रतिवेदनमा उल्लेख छ। सहरोन्मुख जनसंख्या तराई क्षेत्रमा ८५ प्रतिशत रहेको उल्लेख छ। पोखरा महानगरपालिका र काठमाडौंका उपत्यकाका कारण असन्तुलित हुँदै सहरी जनसंख्या पहाडमा ५३ प्रतिशत र त्यसपछि तराईमा ३९ प्रतिशतमा केन्द्रित भएको देखिएको छ।

महानगरपालिकाको २.३ प्रतिशत जनसंख्या अझै ग्रामीण क्षेत्रमा

महानगरपालिकामा १७ प्रतिशत सहरोन्मुख क्षेत्र रहेको तथा २.३ प्रतिशत ग्रामीण विशेषताको र ८०.७ प्रतिशत सहरी क्षेत्र रहेको तथ्यांकमा उल्लेख छ। गाउँपालिकाको दुई हजार चार सय १२ वडामा ५८ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्र रहेको देखिन्छ। जबकि, अधिकतम सहरोन्मुख ६ सय ६४ वडामा ३६.१ प्रतिशत र सहरकेन्द्रित एक सय ३९ वडामा ५.९ प्रति

टाटा मोटर्स फन कार्निभल

काठमाडौं/ नेपालका लागि टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले टाटा मोटर्स फन कार्निभल ३.० आयोजना गर्ने भएको छ। कम्पनीले जुनसुकै ब्रान्डका पुराना गाडीसँग टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभीलगायतका गाडी साट्न सकिने योजना ल्याएको हो।

ग्राहकको परिवर्तित जीवनशैली र अत्याधुनिक सवारीप्रतिको रुचि तथा चाहनालाई मध्यनजर गर्दै मेलाको आयोजना गरिएको कम्पनीले जनाएको छ। २० देखि २२ पुससम्म आयोजना हुने मेला उपत्यकाभित्र टाटा मोटर्सको सोरुम थापाथली, वेस्टर्न मोटर्स महाराजगन्ज, जेबी मोटर्स बालकुमारी, सिप्रदी ट्रेडिङ प्रालि राधेराधे, भक्तपुर र उपत्यकाबाहिर इटहरी र धनगढीमा आयोजना गर्न लागिएको कम्पनीको भनाइ छ।

फन कार्निभल ३.० मा टाटाका गाडी किन्ने ग्राहकले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क रूपमा इभी गाडीका लागि फास्ट चार्जर, एक वर्षको अटोप्लस इन्स्योरेन्स, एक वर्षको सवारी कर, एक्सेसरिज, सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिकल स्कुटर प्राप्त गर्ने जनाइएको छ। एकैसाथ पाँच स्थानमा आयोजना हुने यस फन कार्निभलले टाटा इभीप्रति ग्राहकको आकर्षण अझ बढ्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

स्थानीय तहले आफूखुसी कर मागेको भन्दै इप्पानले गरायो मन्त्रीको ध्यानाकर्षण

काठमाडौं/ स्थानीय तहले जलविद्युत् आयोजनासँग मनोमानी कर मागेको भन्दै स्वतन्त्र ऊर्जा उत्पादकहरूले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीको ध्यानाकर्षण गराएका छन्। सोलु करिडोरमा निर्माणसम्पन्न भएका तथा निर्माणाधीन अवस्थामा रहेका आयोजनासँग सोलु दूधकुण्ड नगरपालिकाले कानुनविपरीत पत्र काटेर कर मागेको भन्दै करिडोरका आयोजना प्रवर्द्धक कम्पनीका प्रतिनिधि र इप्पान अध्यक्ष गणेश काकीसहितको टोलीले मन्त्री अनितादेवी साहलाई भेटेर ध्यानाकर्षण गराएका हुन्।

इप्पान अध्यक्ष गणेश कार्कीले जलविद्युत् आयोजना विद्युत् ऐन, २०४९ अनुसार विद्युत् विकास विभागबाट अनुमति लिएर सञ्चालनमा आउने र प्राकृतिक स्रोत प्रयोग गरेबापत क्षमताअनुसारको रोयल्टी र व्यवसायअनुसारका अन्य कर संघीय सरकारलाई एकैपटक तिर्दै आएको बताए। स्थानीय तहले नियमविपरीत दोहोरो कर मागेकाले कानुनअनुसार स्पष्ट पारेर निर्देशन गरिदिन मन्त्री अनितादेवीलाई आग्रह गरको उनको भनाइ थियो।



इप्पान वरिष्ठ उपाध्यक्ष मोहन डाँगीले जलविद्युत् आयोजनाले तिरेको रोयल्टी संघीय सरकारले ५० प्रतिशत राखेर बाँकी ५० प्रतिशत स्थानीय र प्रदेश सरकारलाई २५-२५ प्रतिशत बाँडफाँट गरिरहे पनि स्थानीय सरकारले थप कर माग्नु नियमविपरीत भएको बताए। केही समयअघि दोलखाका स्थानीय तहले पनि यसैगरी पत्र काटेको र मन्त्रालयले त्यसरी कर लिन नमिल्ने भनी स्पष्ट पारेपछि स्थानीय तह पछि हटेको इप्पानले जनाएको छ। अहिले सोलु करिडोरका आयोजनामा पनि त्यही समस्या दोहोरिएकाले मन्त्रालयले गाउँपालिका संघ र नगरपालिका संघ सबैलाई बोधार्थ गरी स्पष्ट निर्देशन दिन इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले आग्रह गरे।

इप्पानको ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री अनितादेवीले संघीय र स्थानीय सरकारसँग सम्बन्धित कानुनको गहिरो अध्ययन गरेर आवश्यक निर्णय लिने बताइन्।

समस्या समाधानका लागि समयमै गम्भीर होऔं : सचिव सिंह

मन्त्रालयमा भएको भेटका क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले अहिले एक ठाउँमा समस्या आउँदा सानो देखिए पनि यो ठूलो इस्यु भएकाले समाधानका लागि समयमै गम्भीर हुनुपर्ने बताए। देशभर सयौं जलविद्युत् आयोजना निर्माण भइरहेका वेला एउटा करिडोरबाट सुरु भएको यो समस्या अरू आयोजनामा सरेको खण्डमा जलविद्युत्को विकासक्रममै धक्का लाग्ने भन्दै यो विषयमा प्रधानमन्त्रीको पनि ध्यानाकर्षण गराउन सचिव सिंहले सुझाव दिएको इप्पानले जनाएको छ।

टिभिएस आइक्युबको नेपालमा एक लाख किलोमिटर पूरा



काठमाडौं/ टिभिएसको विद्युतीय स्कुटर आइक्युबले नेपालमा एक लाख किलोमिटरको यात्रा पूरा गरेको छ। नेपालका लागि टिभिएस मोटरको आधिकारिक वितरक जगदम्बा मोटर्सले आफ्नो नयाँ इलेक्ट्रिक स्कुटर टिभिएस आइक्युबले एक लाख किलोमिटरको यात्रा सम्पन्न भएको जानकारी दिएको हो।

सिंगल चार्जमा नै धेरैभन्दा धेरै माइलेज दिने दाबी गरिएको यो स्कुटर राइडिङ कम्फर्ट, इको फ्रेन्डलिनेस, आकर्षक मूल्यजस्ता विशेषताले गर्दा लन्च भएको चार महिनाभन्दा कम समयमा नै यो उपलब्धि हासिल गर्न सफल भएको कम्पनीको भनाइ छ। यो ग्रिन रिभोलुसन राइडमा अन्य पेट्रोल स्कुटर राइडको तुलनामा तीन हजार पाँच सय किलो कम कार्बनडाइअक्साइड उत्पादन भएको कम्पनीले दाबी गरेको छ। यो करिब एक सय ७५ वटा रूख रोपेबराबर हुने कम्पनीले जनाएको छ। साथै, अन्य पेट्रोल स्कुटर राइडको तुलनामा लगभग दुई सय ५० लिटर कम इन्धन खपत भएको कम्पनीको भनाइ छ। सम्पर्कमा ग्राहकको इन्धन लागतमा चार लाख ६० हजार रुपैयाँ बचत भएको कम्पनीले जनाएको छ।

विश्वव्यापी रूपमा टिभिएस आइक्युब दुई लाख २५ हजारवटा बिक्री भइसकेको कम्पनीको भनाइ छ। यी स्कुटरहरू एक अर्ब २५ करोड किलोमिटरभन्दा बढी दूरी गुड्दा यसले एक करोड ५० लाख लिटर इन्धन बचत गरेको र ४३ हजार सात सय ६५ टन कार्बन उत्सर्जन घटाएको कम्पनीको दाबी छ। टिभिएस आइक्युबले सिंगल चार्जमा एक सय किलोमिटर रेन्ज प्रदान गर्ने जनाइएको छ। ४.६ किलोवाट हब माउन्टेड मोटरद्वारा सञ्चालित यो स्कुटरले ७० किलोमिटर प्रतिघण्टाको टप स्पिड दिनुका साथै मात्र ४.२ सेकेन्डमा ०-४० किलोमिटर प्रतिघण्टासम्म एक्सेलेरेसन दिने उल्लेख छ।

एक लाख किलोमिटरको कोसेढुंगा पार गरेको अवसर पारेर टिभिएस मोटर कम्पनीले जगदम्बा मोटर्स प्रालिको सहकार्यमा टिभिएस आइक्युबका ग्राहकसँग ग्रिन रेभोलुसन राइड सञ्चालन गर्दै मनाएको जनाइएको छ। नक्सालको टिभिएस सोरुमबाट सुरु भई भक्तपुरमा समाप्त भएको राइडमा ३० जना राइडरको सहभागिता रहेको थियो।

राइडको मुख्य उद्देश्य वातावरणीय प्रदूषणविरुद्ध लड्ने, रूख बचाउने र ध्वनि प्रदूषण रोक्नमा पहल गर्नु रहेको कम्पनीको भनाइ छ। कार्यक्रममा सेफ राइडिङको तालिम र सवारीसाधनको मेन्टेनेन्ससम्बन्धी सुझाव प्रदान गरिनुका साथै सहभागी सबैलाई उपहार र प्रमाणपत्र प्रदान गरिएको कम्पनीले जनाएको छ।

सातै प्रदेशमा ग्लोबल आइएमईको रक्तदान



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले १७औं वार्षिकोत्सवको अवसर पारेर देशका सातै प्रदेशमा एकैसाथ बृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ। बैंकले मंगलबार स्थापनाको १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसर पारेर रक्तदानका साथै निःशुल्क आँखा जाँच, रक्तचाप परीक्षण, मधुमेह परीक्षणलगायतको कार्यक्रम गरेको हो।

बैंकले कोशी प्रदेशको सुनसरीमा रहेको इटहरी शाखा, मधेश प्रदेशको सिराहामा रहेको गोलबजार शाखा, बागमती प्रदेशको काठमाडौंमा रहेको कान्तिपथ र चितवनमा रहेको नारायणगढ शाखा, गण्डकी प्रदेशको कास्कीमा रहेको पोखरा न्युरोड शाखा, लुम्बिनी प्रदेशको रुपन्देहीमा रहेको बुटवल मिलनचोक शाखा र बाँकेको नेपालगन्ज शाखा, कर्णाली प्रदेशको सुर्खेतमा रहेको वीरेन्द्रनगर सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशको कैलालीमा रहेको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरेको जनाएको छ। रक्तदान कार्यक्रमबाट देशभरमा कुल नौ सय २७ युनिट रगत संकलन भएको उल्लेख छ। कार्यक्रममा निःशुल्क सात सय ८३ जनाको आँखा जाँच तथा एक हजार ४८ जनाको रक्तचाप तथा मधुमेह परीक्षण तथा परामर्श प्रदान गरिएको बैंकले जनाएको छ।

Pokhara University
Office of the Controller of Examinations
Pokhara-30, Dhungepatan, Kaski

Notice of Intent to Award the Contract

Date of Publications : 2080/09/18

As per Section 27(2) of Public Procurement Act, 2063 of Nepal, this is to notify all the concerned bidders that it is our intention to award the following sealed Quotations as per SQN02/2080/2081 and 03/2080/2081to the following bidder selected as lowest evaluated substantially responsive bid.

SQN.	Description	Selected Bidder's Name and Address	Quoted price including VAT (NRs.)
02/ 2080/ 2081	The Printing and Supply of Certificate Folder.	Rojina Offset Press, Pokhara	Rs.5,90,425/- (Five Lakhs Ninty Thousand Four Hundred Twenty Five rupees only)
03/ 2080/ 2081	The Sewing and Supply of Convocation Dress (Gown and Scarf).	N.S. Trade and Suppliers, Kathmandu	Rs.15,52,507/- (Fifteen lakhs Fifty two thousand five hundred Seven rupees only)

निर्मल कृषि सहकारी संस्था लि.

महालक्ष्मी न.पा.-६ सिद्धिपुर

पान. नं. ६०१७५२७१७
दर्ता नं. १०५१/०७०/७१

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१८

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको कर्जाको समय समयमा बुझाउनु पर्ने साँवा ,ब्याज र किस्ता रकम तिर्नु बुझाउनका लागि यस अघि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बेवास्ता गरि ऋण कर्जा नबुझाई अटेर गरी बस्नु भै तपाईले संस्थालाई लेखिदिनु भएको तमसुक तथा शर्त सम्झौताको उल्लंघन गर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि आफुले लिएको कर्जाको सम्पुर्ण साँवा , ब्याज, हर्जाना तथा अन्य दै–दस्तुर रकम चुक्ता गर्न आउनु होला। तोकिएको समय अवधिभित्र बुझाउनु पर्ने ऋण रकम चुक्ता नगरे संस्थाको नियम अनुसार तथा प्रचलित ऐन कानुन बमोजिम यस सहकारी संस्थाको नाममा कर्जा सुरक्षण अर्न्तगत लेखिएको धितो लिलाम बिक्री तथा अन्य आवश्यक व्यवस्था गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरिनेछ। यो ३५ दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ।

ऋणीहरुको तीन पुस्ते विवरण

नाम : राजेश महर्जन	नाम : चित्र बहादुर नहर्की	नामः अजय महर्जन
बुबा : दश बहादुर महर्जन	बुबा : अम्बर बहादुर नहर्की	बुबा : प्रेम गोबिन्द महर्जन
बाजे : जोगमान महर्जन	बाजे : कर्ण बहादुर नहर्की	बाजे : कुमाचा महर्जन
पत्नी : न्हुसी महर्जन	पत्नी : मैयाँ नहर्की	पत्नी : कुमारी महर्जन
ठेगाना : ल.पु सिद्धिपुर हाल महालक्ष्मी न.पा. ६, धसी	ठेगाना : दोलखा, सुनखानी ९ हाल सिद्धिपुर, महालक्ष्मी न.पा. ६	ठेगाना : ल.पु सिद्धिपुर हाल महालक्ष्मी न पा. ६ रामढोका
ना.प्र.नं. ५१२०१	ना.प्र.नं. ७३२१	ना.प्र.नं. १०३६३६
जारी मितिः २०४७/१२/५ (जिल्ला प्रशासन कार्यालय ललितपुर)	जारी मिति : २०४५/०१/१९ (सुनखानी दोलखा)	जारी मिति : २०५६/०९/२८ (जिल्ला प्रशासन कार्यालय ललितपुर)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
कलंकी शाखा, काठमाण्डौको

यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर ३५ (पैतिस) दिने हकदाबी सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/०९/१८

श्री तारानाथ धिमिरे को नातिनी बेनि माधव धिमिरे/बसुन्धारा धिमिरेको छोरी, राम प्रसाद लुइटेल को पत्नि चितवन जिल्ला गुन्जनगर गा.वि.स.वडा नं ०३ को स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला कीर्तिपुर नं.पा./गा.पा. ०१ बस्ने श्रीमती सारदा देवी लुइटेल को नाममा यस बैंकको कलंकी शाखा कार्यालयमा **सेफ डिपोजिट लकर न १६४८५** लिई प्रयोग गरी आउनु भएकोमो मिति २०८०/०२/२६ गते निज लकरवाला सारदा देवी लुइटेलको मृत्यु भएको भनी निज मृतकको हकवाला श्रीमान् राम प्रसाद लुइटेलले यस बैंकमा रहेको उक्त सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति २०८०/०८/२४.गते मा आवश्यक कागजात सहित यस बैंकको कलंकी, शाखा कार्यालयमा निवेदन दिनु भएको हुँदा निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदावी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८० तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकका कलंकी, शाखा कार्यालय, काठमाडौंमा हकदाबी गर्न आउनु होला। अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति
२०८०/१०/०३ गते/स्थान : शाखा कार्यालय सुर्खेत

बोलपत्र खोलिने मिति/समय
२०८०/१०/०५ गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : बलि सप्लायर्स** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, विरेन्द्रनगर, सुर्खेत प्रा.फ.र.नं. ४८३९, दर्ता मिति : २०७१/११/१३, पान नं. ६०३०३७५९९, दर्ता मिति : २०७१/११/१३ ठेगाना : सुर्खेत जिल्ला, सहारे वडा नं. ८, **प्रोप्राईटर : याम बहादुर बलि** **जमानतकर्ताको विवरण** **१. नाम : याम बहादुर बलि** ना.प्र.नं. ६४३०४७/८४, जि.प्र.का. सुर्खेत जारी मिति : २०६३/११/२० बाबुको नाम : नवलसिं बलि, बाजेको नाम : कतु बलि ठेगाना : सुर्खेत जिल्ला, मलारानी वडा नं. ९ हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ **२. नाम : ममता बलि** ना.प्र.नं. ६४३०४७/१२०, जि.प्र.का. सुर्खेत जारी मिति : २०६३/११/२१ पतिको नाम : याम बहादुर बलि, ससुराको नाम : नवलसिं बलि ठेगाना : सुर्खेत जिल्ला, मलारानी वडा नं. ९ हाल : सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. ९ **धितोको विवरण** १. ममता बलिको नाममा मालपोत कार्यालय सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा वडा नं. ४ क स्थित कित्ता नं. १७३६ को क्षेत्रफल १४३.९० व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. ममता बलिको नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कोटमाझखर्क वडा नं. ६ ड स्थित कित्ता नं. ३४८ को क्षेत्रफल ३६१.६८ व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. याम बहादुर बलिको नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, मलारानी वडा नं. २ ख र १ क स्थित कित्ता नं. ४३ र १५९ को क्षेत्रफल क्रमशः २८१९.८९ व.मि. र २६४७.०४ व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ४. याम बहादुर बलिको नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कोटमाझखर्क वडा नं. ६ ड स्थित कित्ता नं. ४७७ र ५६२ को क्षेत्रफल क्रमशः २८६.१७ व.मि. र ४७.६९ व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सुर्खेत, फोन नं. ०८३-५२१७९४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कुमारी बैक लिमिटेड शाखा कार्यालय चन्द्रगढी, झापाको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेडको शाखा कार्यालय चन्द्रगढी, झापाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीहरुको विवरण:

ऐन्द्र सिंह कार्की/नेत्र कुमारी कार्कीको नाति, मोहन सिंह कार्की/दुर्गादेवी कार्कीको छोरा, स्वस्तीका न्यौपानेको पति, झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १० बस्ने **सुरज कार्की** (ना.प्र.नं. १८६०२६६१, जारी मिति २०५५/०९/०८, जिल्ला प्रशासन कार्यालय झापा)...१ र रण बहादुर न्यौपाने/पवित्रा देवी न्यौपानेको नातिनी, प्रशुराम न्यौपाने/माण्डवी न्यौपानेको छोरी, मोहन सिंह कार्की/दुर्गादेवी कार्कीको बुहारी, सुरज कार्कीको पत्नी, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १० बस्ने **स्वस्तीका न्यौपाने** (ना.प्र.नं. ६६९०८, जारी मिति २०५९/०२/०५, जिल्ला प्रशासन कार्यालय मोरङ्ग)...१ समेत जना २।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. कर्णबिर कार्की/तारा देवी कार्कीको नाति, ऐन्द्र सिंह कार्की/नेत्र कुमारी कार्कीको छोरा, दुर्गादेवी कार्कीको पति, झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १० बस्ने **मोहन सिंह कार्की** (ना.प्र.नं. १८६०३९००, जारी मिति २०४४/०५/०९, जिल्ला प्रशासन कार्यालय झापा)।
२. नर बहादुर विष्टको नातिनी, भिम बहादुर विष्ट/लोकमाया विष्टको छोरी, ऐन्द्र सिंह कार्की/नेत्र कुमारी कार्कीको बुहारी, मोहन सिंह कार्कीको पत्नी, झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १० बस्ने **दुर्गादेवी कार्की** (ना.प्र.नं. १८६०३९०१, जारी मिति २०३८/०९/२६, जिल्ला प्रशासन कार्यालय झापा)।

धितो सुरक्षणको विवरण

१. **दुर्गादेवी कार्की**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ८६८९ र ८६८६ को क्षे.फ. क्रमशः ०-१-३.५-० र ०-०-१२.५-० (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **मोहन सिंह कार्की**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा., वडा नं. ६ स्थित कित्ता नं. २८८४ को क्षे.फ. ०-०-१८ (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय चन्द्रगढी, झापा फोन नं.०२३-४५३०६२

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/०९/१८ गते

यस बैंकको शाखा चापागाउँबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालयः शाखा चापागाउँ, ललितपुर

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा	२०८० पौष १७ गतेसम्मको ब्याज	जम्मा	धितो मञ्जुरीनामा दिने/ जमानत दिनेको नाम
१.	सहयात्री एकिकृत कृषि फर्म (प्रो. सविना लामा)	बागमती ०४ प्युटार, ल.पु.	लाल बहादुर भोम्जन/ दुर्गाचन्द्र लामा	बिरबहादुर भोम्जन	सरल कृषि कर्जा	१६,००,०००	२,१२,२७६	१८,१२,२७६	दुर्गा चन्द लामा दिपशिखा लामा थिङ
२.	आर.के. पोल्ट्री फर्म (प्रो. कल्पना थापा लामा)	बागमती ०४ प्युटार, ल.पु.	शम्भु बहादुर थापा/ राज कुमार लामा	मेग बहादुर थापा	सरल कृषि कर्जा	१९,००,०००	२,२०,१००	२१,५०,१००	रत्न बहादुर लामा/ राज कुमार लामा

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

सम्झौता पत्र रद्द गरिएको सम्बन्धी सूचना

मिति २०८०/०७/२५ गते प्रथम पक्ष का.जि.का.म.पा. वडा नं. १६ बस्ने वर्ष ६० को शशि विक्रम थापा क्षेत्री र दोस्रो पक्ष का.जि.का.म.पा. वडा नं. २५ घर भई ह

नौबस्तास्थित बाल सुधारगृहबाट १५ जना फरार

बाँकेमा **विश्वराज पछ्लडङ्गया**



बाँकेको नौबस्तास्थित बाल सुधारगृहबाट १५ जना फरार भएका छन् । बालबिज्याईंको आरोपमा बाल सुधारगृहमा सजाय भोगिरहेका उनीहरू आइतबार राति फरार भएका हुन् ।

'सुरक्षा करबाहीका क्रममा सुधारगृह पूर्ण रूपमा खाली गराएर चेकजाँच गर्दा चार थान मोबाइल र १५ जना फरार भएको फेला परेका छन्,' बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले भने ।

सुधारगृहमा बालबिज्याईं अभियोगमा सजाय भोगिरहेका १८-२७ वर्षका एक सय १६ जनालाई राखिएको छ । पोखरेलले सुधारगृहको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको बताउँदै १८ वर्षमाथिकालाई पनि सुधारगृहमा राख्ने कानुन परिमार्जन गर्न आवश्यक रहेको औंल्याए ।

'१८ वर्ष कटिसकेकालाई पनि सुधारगृहमा राख्ने प्रचलनले द्वन्द्वको स्थिति सिर्जना हुने गरेको छ । बाँके जिल्लामा रहेको एक सुधारगृहमा विगतमा आफ्नै साथीमाथि आक्रमण गरी हत्या गरेको इतिहास साक्षी छ,' उनले भने, '१८ वर्षमाथिका बालबिज्याईंकर्तालाई अलग गरेर राख्दा झडपको स्थिति सिर्जना भएको छ । नौबस्ता बाल सुधारगृहमा पनि वेला-वेलामा झडप हुने गरेको छ ।'

आइतबार रातिबाट सुरु भएको झडप सोमबार रातिदेखि समाधान भए पनि झडपको अवस्था अझै आउन सक्ने औंल्याएका छन् । तीन दिनअघिदेखि अशान्त देखिएको बाँकेको नौबस्तास्थित सुधारगृहमा भएको झडप, वार्ता, संवाद र सुरक्षा कारबाहीको माध्यमबाट समाधानपछि शान्त भएको छ,' सिडिओ पोखरेलले भनेका छन्, 'वार्ताको माध्यमबाट उनीहरूको जायज माग पूरा गर्ने सहमति भएको छ, तर कतिखेर के हुन्छ भन्न सकिने अवस्था छैन ।'

सुधारगृहमा रहेकाले सफा पानी, उपचार, शिक्षा, सीप विकास, मनोरञ्जनजस्ता माग सम्बोधन गर्ने मौखिक सहमति भएको उनले बताए । सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाइएको बताउँदै उनले सुधारगृह अहिले शान्त रहेको जानकारी दिए ।

आइतबारदेखि आपसी झडपले अशान्त बनेको बालगृहमा तोडफोडमा उत्रिएका बालबन्दीले भित्र प्रवेशमा समेत रोक लगाएका थिए । आइतबार दिउँसोदेखि झडप र तोडफोड भए पनि प्रहरीसमेत बाहिर बस्न परेको थियो ।

करिब दुई महिनाअघि बाँकेको डुडुवा गाउँपालिका- ६ हिरमिनियास्थित जयन्दु सुधारगृहमा झडप हुँदा एकजनाको मृत्यु भएको थियो भने १० जना घाइते भएका थिए । उक्त झडपमा ३५ जना फरार भएका थिए । सुधारगृहमा रहेका युवाको समूहले कार्यालय, गाडी र मोटरसाइकल तोडफोडसमेत गरेका थिए ।

जयन्दु बाल सुधारगृहमा झडप गर्ने समूहलाई नौबस्तास्थित क्षेत्रीय कारागारमा बाल सुधारगृह स्थापना गरी स्थानान्तरण गरिएको हो । सोही समूहले त्यहाँ पनि झडपको स्थिति सिर्जना गरेको बाँकेका प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले बताए ।

पदाधिकारी...

पृष्ठ १ बाट क्रमशः

छ । जसमध्ये पदाधिकारीको मात्रै १२ करोड ८४ लाख ४० हजार ५७२ र सांसदका लागि ४४ करोड १४ लाख चार हजार सात सय खर्च भएको छ । यसबाहेक सांसदहरूले संसदीय समितिको बैठकमा उपस्थित भएको छुट्टै प्रतिबैठक दुई हजार भत्ता पाउँछन्, जुन यो खर्चमा जोडिएको छैन ।

त्यस्तै, संघीय संसद्का पदाधिकारी तथा सांसदको वैदेशिक र आन्तरिक भ्रमणमा कम्तीमा दुई करोडभन्दा धेरै खर्च भएको छ । दोस्रो अधिवेशनका क्रममा भएका वैदेशिक भ्रमणमा एक करोडभन्दा धेरै खर्च भएको संसद् सचिवालयले जनाएको छ । पहिलो अधिवेशनमा भएको वैदेशिक भ्रमणको खर्च भने सचिवालयले लुकाएको छ । स्रोतका अनुसार दोस्रो अधिवेशनकै हाराहारीमा खर्च भएको छ ।

त्यस्तै, देशभित्रका भ्रमणमा पहिलो अधिवेशनमा ११ लाख र दोस्रो अधिवेशनमा २३ लाख ३१ हजार गरी ३४ लाख ३१ हजार खर्च भएको सचिवालयले जनाएको छ ।

संसद् सचिवालयको प्रशासनिक खर्च मासिक करिब दुई करोड हुन्छ । त्यस्तै, बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई वार्षिक १५ करोड भाडा तिर्नुपर्छ । पदाधिकारी र सांसदको तलब-भत्ता तथा सचिवालयको प्रशासनिक खर्च जोड्दा एकवर्षे कार्यकालमा एक अर्बभन्दा धेरै खर्च भएको छ ।

संसद् सचिवालयका एक पदाधिकारी भन्छन्, 'संसद्का पदाधिकारी र सांसदका लागि गरेको खर्चबाहेक प्रशासनिकलगायत संघीय संसद्को सिंगो खर्च जोड्ने हो भने एक अर्ब नाघ्छ । कानुन निर्माणको हिसाबले हेर्ने हो एक अर्बमा एउटा मात्रै कानुन बन्नु लज्जास्पद छ । यो त संविधानसभाले अर्बौं खर्चेर संविधान बनाएजस्तै भयो ।'

संसद् सचिवालयका प्रवक्ता एकराम गिरी भने संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनअनुसार संसद् सञ्चालनमा खर्च भएको बताउँछन् । 'ऐनअनुसार संसद्का पदाधिकारी, सदस्यको सुविधा र प्रशासनिक कार्यमा बजेट खर्च हुन्छ । यो सदन सञ्चालनको नियमित प्रक्रिया हो,' उनले भने ।

प्रतिनिधिसभाका निर्वाचित सदस्यले ७ पुस ०७९ मा शपथ लिएपछि संघीय संसद्ले औपचारिक रूपमा काम थालेको थियो । पहिलो अधिवेशन २५ पुस ०७९ देखि १५ वैशाख ०८० सम्म एक सय १० दिन चलेको थियो । तर, प्रतिनिधिसभाका २८ र राष्ट्रिय सभाका १९ बैठक मात्रै बसे । पहिलो अधिवेशनमा संघीय संसद्ले एउटा पनि कानुन बनाउन सकेन । २४ वैशाख ०८० देखि १६ कात्तिकसम्म एक सय ८० दिन अवधिको दोस्रो अधिवेशन पनि बजेट पारित र मिटरब्याजसम्बन्धी कारोबारलाई अपराधमा सामेल गर्दै मुलुकी संहितासम्बन्धी ऐनलाई संशोधन गर्नमै सीमित रह्यो । एक सय ८० दिनको उक्त अधिवेशनमा जम्मा ६२ दिन मात्रै बैठक बसेको थियो ।

संसद्कै अध्ययनले संविधानलाई कार्यान्वयन गर्न मात्रै अतिआवश्यक ३९ कानुन नबनेको देखाएको छ । प्रदेश र स्थानीय तहसँग सम्बन्धित साझा अधिकारका कानुनसमेत संविधान निर्माणको आठ वर्षमा पनि बन्न नसक्दा राज्यको सबै क्षेत्रमा असर परिरहेको छ । 'संविधान कार्यान्वयनसम्बन्धी मात्रै ३९ वटा कानुन बनाउनुपर्नेछ । अन्य कानुन पनि संशोधन गरेर समयानुकूल बनाउनु पनि आवश्यक छ । तर, सदन नियमित चल्न नसक्दा राज्य सञ्चालन प्रभावकारी हुन सकेको छैन । यसको असर समग्र सेवा प्रवाहमा परेको छ,' जसपाकी सांसद रञ्जु झाले भनिन् ।

बर्खे अधिवेशनमा सकियो ४६ करोड

संसद् सचिवालयका अनुसार संघीय संसद्को गत बर्खे अधिवेशनमा सांसदको तलब-भत्ता र संसद् भवनको भाडामा ४६ करोड खर्च भएको छ । यो प्रशासनिकबाहेकको खर्च हो ।

सांसद सुविधा व्यवस्थापन महाशाखाको तथ्यांकअनुसार बर्खे अधिवेशनमा संघीय संसद्का पदाधिकारी तथा सांसदको पारिश्रमिकसहितको सुविधामा ३३ करोड २४ लाख ९ हजार ७४२ रुपैयाँ खर्च भएको छ । यसमध्ये पदाधिकारीका लागि सात करोड ४९ लाख २३ हजार ६६७ रुपैयाँ र सांसदका लागि २५ करोड ७४ लाख ८६ हजार ७५ रुपैयाँ खर्च भएको हो ।

त्यस्तै, पदाधिकारी तथा सांसदको बैठक भत्तामा दुई करोड ८९ लाख २९ हजार सकिएको छ । जसमा समिति बैठकभत्ता जोडिएको छैन । पदाधिकारी तथा सांसदको भ्रमण भत्तामा (वैदेशिकसमेत) एक करोड २३ लाख ३१ हजार खर्च भएको छ । संसद् भवनको भाडा वार्षिक १५ करोडका दरले बर्खे अधिवेशनको सात महिनाको आठ करोड ७५ लाख खर्च भएको छ ।

यसरी, तलब-भत्ता र भाडाखर्च जोड्दा बर्खे अधिवेशनमा कुल ४६ करोड ११ लाख ६९ हजार ७४३ रुपैयाँ खर्च भएको तथ्यांकले देखाएको छ ।

बिजनेस धेरै, काम थोरै

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा १९ र राष्ट्रिय सभामा तीन विधेयक विचाराधीन छन् । संसदीय समितिमा मात्रै १४ विधेयक लामो समयदेखि थन्किएका छन् । संसद्मा पर्याप्त बिजनेस भए पनि सांसद भने पार्टीको कामलाई प्राथमिकतामा राखेर सदन छल्ने गर्छन् । संविधान कार्यान्वयनसम्बन्धी मात्रै ३९ वटा कानुन बनाउनुपर्नेछ । अन्य कानुन पनि संशोधन गरेर समयानुकूल बनाउनु आवश्यक भए पनि सांसदहरूले मुख्य कामै नगरी सुविधामा करोडौं खर्च भएको छ ।

रास्वपा सभापति रवि लामिछानेले वर्षमा एउटा मात्रै कानुन बन्नु सिंगो संसद्कै लागि लाजमर्दो भएको बताए । 'विधायिकी कामको गति र मति टिठलाग्दो छ । शीर्ष ठानिएका नेताको लहडमा संसद् बन्धक बनाइँदा वर्ष दिनमा बजेटबाहेक संघीय संसद्ले एउटा मात्र कानुन बनाउने अवस्था बन्नु दुःखद छ,' उनले भने । सांसदहरूमा हाजिर गरेर बैठकमै नबस्ने, बैठक सकिएपछि आएर हाजिरीपुस्तिकामा हस्ताक्षर गरेर भत्ता सुनिश्चित गर्ने प्रवृत्ति पनि कायम छ । यस्तो प्रवृत्ति रोक्न विद्युतीय हाजिरी लागू गर्ने भनिए पनि कार्यान्वयन हुन सकेको छैन ।

बर्खे अधिवेशन अन्त्य भएर सदन नचलेको अवस्थामा संसदीय समितिहरू चलायमान हुनुपर्ने हो । तर, प्रमुख दलहरूका बैठक, अभियान तथा अन्य कार्यक्रमका वेला पनि संसद् र समितिहरू स्थगित गरिने गरेका छन् । सभामुख तथा समिति सभापतिहरू पनि दलहरूकै अनुकूलतामा सहजै बैठक सारिदिन्छन् । सभामुख आफैं पनि अधिवेशन चलिरहेका वेला सदन स्थगित गरेर विदेश भ्रमणमा जाने गरेका उदाहरण छन् । तर, सांसदहरूले सेवा-सुविधा भने एक दिनको पनि छाडेका छैनन् ।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले संसद्को वर्ष दिन सन्तोषजनक नरहेको बताए । 'हामीले गर्नुपर्नेजति काम गर्न सकेनौं, कानुनहरू पारित गर्न सकेनौं । सदनको प्रभावकारिता देखिएन,' उनले भने, 'संवाद, सहमति र सहकार्यको माध्यमबाट संसद्लाई प्रभावकारी बनाउनुपर्छ । यसका लागि आगामी अधिवेशनमा क्यालेन्डर बनाएर जानुपर्छ ।'

एमाले उपाध्यक्ष विष्णु पौडेल वर्ष दिनमा एउटा मात्र कानुन बनाउने लाचार अवस्थामा संसद् पुगुमा सरकारलाई दोष दिन्छन् । 'वर्षको समीक्षा गर्दा एउटा अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी कानुनमा संशोधन गर्नेबाहेक अरू एउटा पनि कानुन हामीले टुंगोमा पुऱ्याउन सकेनौं । आउनेपर्ने कानुनहरू पनि अहिलेसम्म सदनमा आएका छैनन्, आएका विधेयक पनि अघि बढाउनै नसकिने गरी थला परेका छन् । यसरी हेर्दा वर्ष दिनको उपलब्धि अत्यन्तै निराशाजनक छ,' उनले भने, 'यो अवस्था आउनुमा सरकार नै दोषी छ ।

सभामुख देवराज घिमिरे संसद् प्रभावकारी बनाउने दायित्व सरकार, संसद्को नेतृत्व, राजनीतिक दल र सदस्यहरूको भएको बताउँछन् । 'हामीले पछिल्ला अधिवेशनबाट प्राप्त गरेका अनुभव र अभ्यासबाट शिक्षा लिँदै आगामी दिनका संसदीय गतिविधिहरू प्रभावकारी बनाउनैपर्छ,' उनले भने ।

पदाधिकारी र सांसदको सुविधा

सभामुख र अध्यक्षले प्रतिमहिना तलब ६७ हजार तीन सय २०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, निजी सचिवालय बन्दोबस्त दुई हजार, गार्डघर दुई हजार, अतिथि सत्कार दुई हजार पाँच सय, विद्युत् दुई हजार, सवारी इन्धन दुई सय ५० लिटर र १० लिटर मोबिल पाउँछन् । यसका अलावा प्रतिबैठक एक हजार भत्ता र दैनिक भ्रमण भत्ता तीन हजार पाउँछन् ।

विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्षले प्रतिमहिना तलब ७२ हजार सात सय ३०, विशेष भत्ता एक हजार, सञ्चार सुविधा तीन हजार, घरभाडा २५ हजार ६ सय आठ, निजी सचिवालय बन्दोबस्त एक हजार सात सय ५०, गार्डघर एक हजार सात सय ५०, अतिथि सत्कार दुई हजार, बिजुली-धारा दुई हजार, सवारी इन्धन दुई सय ३० लिटर र पाँच लिटर मोबिल पाउँछन् । यसका अतिरिक्त प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता दुई हजार पाँच सय पाउँछन् ।

राष्ट्रिय सभामा विपक्षी दलका नेता, सत्तापक्षको नेता र मुख्य सचेतकले प्रतिमहिना तलब ७२ हजार सात सय ३०, विशेष भत्ता एक हजार, सञ्चार सुविधा तीन हजार, घरभाडा २५ हजार ६ सय आठ, निजी सचिवालय बन्दोबस्त एक हजार सात सय ५०, अतिथि सत्कार दुई हजार, बिजुली-धारा दुई हजार र सवारी इन्धन दुई सय ३० लिटर र पाँच लिटर मोबिल पाउँछन् । यसका अतिरिक्त प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता दुई हजार पाँच सय पाउँछन् ।

प्रतिनिधिसभाको सत्ता र विपक्षी दलको प्रमुख सचेतक र दुवै सभाका समिति सभापतिले प्रतिमहिना तलब ६९ हजार ३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २५ हजार ६ सय आठ, निजी सचिवालय बन्दोबस्त एक हजार सात सय ५०, गार्डघर एक हजार सात सय ५०, अतिथि सत्कार १७ सय, बिजुली-धारा दुई हजार, सवारी इन्धन दुई सय लिटर र पाँच लिटर मोबिल पाउँछन् । यसका अतिरिक्त प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता दुई हजार पाँच सय पाउँछन् ।

प्रतिनिधिसभामा दलको प्रमुख सचेतक, सत्ता र प्रतिपक्षी दलको सचेतकले प्रतिमहिना तलब ६९ हजार ३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २४ हजार दुई सय ६८, निजी सचिवालय बन्दोबस्त एक हजार दुई सय, अतिथि सत्कार एक हजार पाँच सय, बिजुली धारा दुई हजार, सवारी इन्धन एक सय ५० लिटर र पाँच लिटर मोबिल प्राप्त गर्छन् । सुविधा शाखाका अनुसार प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय पनि पाउँछन् ।

सांसदहरूले पारिश्रमिक ६६ हजार ७०, घरभाडा १८ हजार (उपत्यकामा घर भएकाले नौ हजार), सञ्चार तीन हजार, विद्युत् दुई हजार, विविध एक हजार पाउँछन् । यससँगै बैठकभत्ता पनि पाउँछन् । सदन वा समिति बैठकमा सहभागी भएमा प्रतिदिन दुई हजार भत्ता र दैनिक भ्रमण भत्ता दुई हजार पाँच सय रुपैयाँ सांसदले पाउँछन् ।

पदाधिकारी र सांसदको सचिवालय

सचिवालयतर्फ सभामुख र अध्यक्षले एक सहसचिव, एक उपसचिव र एक शाखा अधिकृतसरहको स्वकीय सचिव पाउँछन् । यसबाहेक नासुसरहको एकजना कम्प्युटर अपरेटर, दुई सवारीचालक र दुई कार्यालय सहयोगी पाउँछन् । दुवैजनाको सचिवालयले मासिक तीन लाख २२ हजार ८६३ रुपैयाँका दरले तलब पाउँछन् ।

विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्षले उपसचिवसरहको एक स्वकीय सचिव पाउँछन् । साथै, नासुसरहको एक कम्प्युटर अपरेटर, दुई सवारीचालक र दुई कार्यालय सहयोगी पाउँछन् । उनीहरूको सचिवालयको दुई लाख २२ हजार ३८७ का दरले मासिक तलब पाउँछन् ।

राष्ट्रिय सभामा विपक्षी दलका नेता, सत्तापक्षको नेता र मुख्य सचेतक तथा प्रतिनिधिसभाको सत्ता र विपक्षी दलको प्रमुख सचेतक र दुवै सभाका समिति सभापतिले उपसचिवसरह एक स्वकीय सचिव, नासुसरहको एक कम्प्युटर अपरेटर, दुई सवारीचालक र एक कार्यालय सहयोगी पाउँछन् । मासिक एक लाख ८७ हजार ६५७ रुपैयाँका दरले उनीहरूको सचिवालयमा खर्च हुन्छ ।

प्रतिनिधिसभामा दलको प्रमुख सचेतक, सत्ता र प्रतिपक्षी दलको सचेतकले उपसचिवसरह एक स्वकीय सचिव, नासुसरहका दुई सवारीचालक र एक कार्यालय सहयोगी पाउँछन् । उनीहरूको सचिवालयका लागि मासिक एक लाख ५२ हजार ९२७ रुपैयाँका दरले खर्च हुन्छ ।

दुवै सभाका सांसदहरूले शाखा अधिकृतसरह एक स्वकीय सचिव पाउँछन् ।

कर्मचारीकै...

पृष्ठ १ बाट क्रमशः

ललितपुरको लगनखेलमा बसपार्कसँगैको ६ रोपनी १२ आना जग्गामा बोर्डको भवन छ । जहाँ एउटा भवनमा साझा किनमेल केन्द्रका व्यवसायीसँग ०६९ मै सम्झौता सकिएकोमा अझै नयाँ बोलपत्र हुन सकेको छैन । जसकारण बोर्डले न्यून मात्र भाडा पाएको छ । जहाँ व्यापारी र बोर्डका कर्मचारी मिलेको जस्तो देखिएको मन्त्रालयका एक अधिकारी बताउँछन् ।

लगनखेलमा रहेको एउटा भवनमा ०७४ देखि भाडा बढेको छैन । यसमा कर्मचारीको भूमिका पनि शंकास्पद देखिएको छ । २ वैशाख ०७८ मा बोर्डले प्रतीक ढकालसँग मासिक सात लाख १८ हजार पाँच सय रुपैयाँ भाडा तिर्ने गरी लिज सम्झौता गऱ्यो । तर, त्यो सम्झौता कार्यान्वयन हुन सकेन ।

ढकालले नै सम्झौता रद्द गर्नका लागि बोर्डमा निवेदन दिएका थिए । सम्झौता रद्द गर्दा उनले बोर्डलाई दिनुपर्ने क्षतिपूर्ति हालसम्म बुझाएका छैनन्, उल्टै बोर्डविरुद्ध जिल्ला अदालत, ललितपुरमा मुद्दा दिएका छन् । उनलाई बोर्डका अन्य कर्मचारीले नै अप्रत्यक्ष रूपमा सघाएको स्रोत बताउँछ । कतिसम्म भने त्यतीबेला बोर्डले आफैं भाडा उठाएको रसिद खडा गरेर ढकाललाई बुझाएका छन् । त्यस्तै, २ बैशाखमा सम्झौता गरेर २७ बैशाखदेखि लागू हुने बुँदा रोकियो । साना व्यवसायीसँग सम्झौता गर्नका लागि व्यापारीलाई फाइदा हुने र बोर्डलाई घाटा हुने बुँदा सम्झौतामा राखिएको थियो । यो बीचमा ढकालले केही व्यवसायीसँग सबलिजमा दिने सम्झौता पनि गरेका थिए । तर, योजनाअनुसार सम्झौता हुन नसकेपछि उनले रद्द गर्ने निवेदन दिएका थिए । यी प्रक्रियामा कर्मचारीको भूमिकाको विषयमा सहकारी मन्त्रालयले छानबिन गर्न लागेको हो ।

बोर्डका सहअध्यक्ष मित्रराज दवाडीले छानबिनका लागि मन्त्रालयलाई आग्रह गरिएको बताए । 'बोर्डका सम्पत्तिमा मुद्दैमुद्दा छन्, केही कर्मचारीको पनि गतिविधि शंकास्पद देखिएकाले बोर्डबाट छानबिन गर्दा निष्पक्ष नहोला भनेर मन्त्रालयलाई आग्रह गरेका छौं, सायद मन्त्रालयले छानबिन अघि बढाउला ।'

बोर्डकै पूर्वकर्मचारीका दाइ ढकाललाई लगनखेलका सटरको ठेक्का दिइएको थियो । ढकाललाई अघि सारेर बोर्डका कर्मचारीले आफैं लिजमा लिने र व्यापारीलाई भाडामा लगाएर नाफा कमाउने योजना बनाएको स्रोत बताउँछ । 'तर, योजनाअनुसार सटर भाडामा नगएपछि एक महिनामै सम्झौता रद्द गर्न प्रस्ताव गरिएको हो,' मन्त्रालयका एक अधिकारीले बताए । बोर्डको बैठकले २ भदौ ०७८ बाट सम्झौता रद्द गर्ने निर्णय गरेको थियो । सो अवधिको ५३ लाख बुझाउन पत्राचार भएको थियो । जुन ढकालले बुझाएका छैनन्, बोर्डविरुद्ध क्षतिपूर्ति माग गरी मुद्दा दायर गरेका हुन् ।

सो मुद्दामा पनि बोर्डका प्रशासन तथा लेखाका कर्मचारीको भूमिका शंकास्पद देखिएको छ । ढकाललाई फाइदा हुने गरी कर्मचारीहरूले अदालतमा कागजपत्र बुझाएको स्रोत बताउँछ । सो बोलपत्रसँग सम्बन्धित टिप्पणी आदेश, बोलपत्रको सूचना, बोर्डका निर्णयलगायतका बलिया प्रमाण हटाएर अदालतमा कागजपत्र पठाइएको छ । साथै सम्झौता रद्द नहुँदै बोर्डले नै भाडा उठाएको रसिद खडा गरेरसमेत बोर्डविरुद्धकै गतिविधिमा कर्मचारीको संलग्नता देखिएको छ । केही कर्मचारीले त व्यक्तिगत रूपमा आफैं भाडा उठाएका थिए ।

विगतमा पनि लेखा शाखाबाट बदमासी भएको खुलेपछि बोर्डका उपनिर्देशक टाइन्द्रप्रसाद अधिकारी नेतृत्वको छानबिन समिति बनाइएको थियो भने लेखा अधिकृत विनिता धितालललाई केही समयका लागि जिम्मेवारीबाट हटाइएको थियो । कर्मचारीका कारण बोर्डको सम्पत्तिमा हिनामिना बढेपछि मन्त्रालयले छानबिन गर्न लागेको एक अधिकारीले बताए । कतिसम्म भने विगतमा बोर्डकै कानुन व्यवसायीले समेत विपक्षीलाई फाइदा हुने गरी सहयोग गरेकोसमेत खुलेको थियो ।

लगनखेलको मात्र होइन, पुल्चोकको जग्गामा पनि मुद्दाका कारण बोर्डले लाखौं भाडा गुमाएको छ । यहाँको १४ रोपनी जग्गा बुट मोडलमा बुटिक होटेल बनाउन ४ माघ ०७१ सिजी डेभलपर्स प्रालिले लिएको थियो । सिजीलाई फाइदा हुने गरी बोर्डले नक्सा पास भएको एक सय २० दिनपछि लिज अवधि गणना हुने प्रावधान राख्यो । जसकारण सिजीले नक्सा पासमा चासो नदिई तीन वर्षभित्र भवन बनाउनुपर्नेमा पाँच वर्षसम्म पनि काम सुरु नगरेपछि बोर्डले २८ फागुन ०७७ मा सम्झौता रद्द गरेको थियो । त्यसविरुद्ध सिजी अदालत गएकोमा १२ चैत ०७९ मा अदालतले धरौटी जफत गर्ने बोर्डको निर्णयलाई मान्यता दिएको थियो । यद्यपि, अहिलेसम्म यो मुद्दा टुंगिएको छैन ।

सर्वोच्चले किनारा लगाएको मुद्दा जिल्लाले उल्ट् याएपछि लगनखेलका भवन नयाँ भाडादरमा लगाउन सकिएन

लगनखेलको मुख्य भवनमा बोर्डले १ साउन ०६२ देखि सटरहरू भाडामा दिएको थियो । सुरुमा सात वर्षका लागि सम्झौता गरी भाडामा लगाइएको थियो । जुन ०६९ को असार अन्तिममा सकियो । व्यवसायीकै आग्रहमा बोर्डले एक वर्षका लागि सम्झौता अवधि थपेको थियो ।

थपिएको सम्झौता अवधि पनि सकिएपछि १५ साउन ०७० मा बोर्डले नयाँ टेन्डर प्रक्रियामार्फत पसल भाडामा दिने प्रक्रिया अघि बढायो । त्यसविरुद्ध केही व्यवसायीले तत्कालीन पुनरावेदन अदालत पाटनमा रिट दायर गरे । २३ भदौ ०७० मा पुनरावेदनले रिट खारेज गरेपछि व्यवसायी त्यसविरुद्ध सर्वोच्च गए । सर्वोच्चले पनि पुनरावेदन अदालतकै आदेश सदर गऱ्यो ।

त्यसपछि बोर्डले नयाँ टेन्डरका लागि सटर खाली गर्न भनेकोमा गत वर्ष ५ माघमा ललितपुर जिल्ला अदालतका न्यायाधीश धर्मराज पौडेलको इजलासले नयाँ टेन्डर प्रक्रिया रोकेको थियो । सर्वोच्च अदालतबाट किनारा लागिसकेको विवादमा फेरि यसरी जिल्ला अदालतले बोर्डको विपक्षमा फैसला गर्दा उसले प्रतिस्पर्धाबाट नयाँ भाडादरमा लिज लगाउन सकेको छैन । यसमा पनि व्यापारी र बोर्डका कर्मचारीको मिलेमतो रहेको मन्त्रालय स्रोत बताउँछ ।

मुसहर...

पृष्ठ १ बाट क्रमशः

बताउँदै बस्तीको सुरक्षाका लागि नगर, वडा कार्यालय पीडितहरूको साथमा रहने प्रतिबद्धता जनाए । 'तपाईंहरू आफ्नो थातथलो नछोड्नुस्, जनप्रतिनिधिहरू दलितहरूको बसोवासको अधिकारका लागि लड्छौं,' उनले भने । मिर्चैया नगरपालिका- ११ का वडाध्यक्ष सोनी गाउँका मुसहरहरूमाथि अन्याय भइरहेकाले आफू सुरुदेखि नै स्थानीय पीडितको साथमा रहेको बताए ।

सोनी गाउँको गाउँब्लक जग्गामा बस्दै आएका करिब ३२ घर मुसहर बस्ती गाउँको बीचमा परेपछि जग्गामा आँखा लगाउँदै आएका धनुषा जनकपुर बस्ने सुबेलाल अरगरियाले गाउँदेखि उत्तरपट्टि खेतीपाती नहुने घुर्मी खोला किनारको आफ्नो स्वामित्वको तीन कट्ठा ११ धुर पर्ती जग्गामा सारेका थिए । राष्ट्रिय मुसहर संघ सिराहाका अध्यक्षसमेत रहेका स्थानीय चन्द्रदेव सदायले भने, 'करिब ३२ घरधुरी मुसहरको बसोवास रहेको गाउँब्लकको पाँच कट्ठा जग्गा हत्याउन खोला किनारको पर्तीमा बस्ती सारियो ।'

उनका अनुसार गाउँब्लकको जग्गाबाट सारिएका मुसहरले खोला किनारको पर्ती जग्गा आफ्नै बलबुतामा भरेर झुपडी ठड्याई बसोवास गर्दै आएका थिए । 'स्थानीय सरकारले बस्तीमा बिजुली, सडकजस्ता भौतिक पूर्वाधारको विकास गरेपछि जग्गाको मूल्य बढ्यो र अहिले गाउँब्लकको जग्गाबाट बस्ती सारेका जमिनदारका नातिले उल्टै आफ्नो जमिनमा रातारात घर बनाएको भन्दै स्थानीय नौजनाविरुद्ध मुद्दा हालेका छन्,' सदायले भने ।

समवेदना



जन्म : वि.सं.२००९/०७/१७

स्वर्गारोहण मिति : वि.सं. २०८०/०९/०४

स्व.डा. श्रवण कुमार चौधरी

यस संघका वरिष्ठ आजिवन सदस्य **डा. श्रवण कुमार चौधरी**को मिति २०८० पौष ०४ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल चिकित्सक संघ
परिवार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ ।

शिवशिखर बहुउद्धेशीय सहकारी संस्था लि. को बचतको अनलाईन मागदावी आवेदन पेश गर्ने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१८

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०८०/०५/२५ को निर्णयानुसार शिवशिखर बहुउद्धेशीय सहकारी संस्था लिमिटेडलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम समस्याग्रस्त संस्था वा संघका सदस्य बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको यस समितिको वेवसाइट www.coopmc.gov.np मा गई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अनलाईन मागदावी आवेदन मार्फत सप्रमाण दावी पेश गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतीस) दिने सूचना

प्रकाशित मितिः २०८०/०९/१८

तपसिलमा उल्लेखित ऋणिहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि) को शाखा कार्यालय टाँडी चितवनबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जाहरुको रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधाहरु बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधाहरु बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७० बुधबार १८ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ बागमती प्रदेश क्रिकेट छनोट

ललितपुर र चितवनको सहज जित

नयाँ पत्रिका

ललितपुर र चितवन जिल्लाले प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेश छनोटमा जित निकालेका छन् । ललितपुरले काठमाडौंमाथि चार विकेटको जित निकाल्यो । छनोट प्रतियोगिताको पहिलो दिन चितवनले नुवाकोटलाई ७१ रनले हरायो । काठमाडौंका लागि राष्ट्रिय टोलीको अनुभव बटुलिसकेका चार खेलाडी थिए । पहिलो ब्याटिङ गरेको काठमाडौंले ४० ओभरमा सबै विकेट गुमाउँदै दुई सय ३९ रनको योगफल खडा गरेको थियो । ललितपुरले ३२.५ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

काठमाडौंबाट शरद भेषवाकर, प्रतिश जिसी र ईशान पाण्डेजस्ता सिनियर खेलाडीले प्रतिस्पर्धा गरेका थिए । यसैगरी, यू- १९ टोलीबाट खेलेका हरि चौहान र रित गौतमले काठमाडौंबाट खेले । अनुभवी खेलाडीले भरिएको काठमाडौंमाथि सानदार जित निकालेको ललितपुरमा सिनियर खेलाडी थिएनन् । ललितपुरको जितमा दुर्गेश थापा क्षेत्रीले ७१ रनको योगदान दिए । उनले ७४ बलमा १० चौका प्रहार गरे । यसैगरी, विवेक रानामगरले सर्वाधिक ८६ रन बटुले । उनले ६९ बलमा ९ चौका र ५ छक्का ठोके ।

काठमाडौंका कप्तान शरदले ८ ओभरमा १ मेडन राखी ४४ रन खर्चेर ३ विकेट लिए । प्रतिशतले ६.५ ओभरमा ५१ रन खर्चेर २ विकेट हात पारे । ईशान पाण्डे र सोनु देवकोटाका नाममा समान एक विकेट रह्यो । मूलपानीको तल्लो क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको काठमाडौंका लागि ईशानले सर्वाधिक ९२ रनको योगदान दिए । उनले १ सय १६ बलमा ११ चौका र १ छक्का प्रहार गरेका थिए ।

मध्यक्रम ब्याटिङ कमजोर हुँदा काठमाडौंले ललितपुरविरुद्ध गतिलो योगफल खडा गर्न सकेन । काठमाडौंका रोबिन जोशीले ५९ रनको अर्धशतकीय इनिङ्स खेले । उनले ५८ बलमा पाँच चौका र एक छक्का प्रहार गरेका थिए । हरि चौहानले १६ रन र कप्तान सरनले १५ रनको योगदान दिए । रित गौतम शून्यमा आउट भए । ललितपुरका आदिल खान र पंकज पाण्डेले समान तीन विकेट लिए ।

चितवनको सहज जित

गौतम बुद्ध रंगशालामा पहिलो ब्याटिङ गरेको चितवनले ३०.२ ओभरमा सबै विकेट गुमाएर एक सय ३२ रन बनाएको थियो । प्रत्युत्तरमा नुवाकोट १५.१ ओभरमा ६१ रनमा अल आउट भयो । नुवाकोटका अशोक पौडेलले १५ रन र अनुभव खनालले १७ रनको योगदान दिए । अन्य खेलाडीले खासै रन बटुल्न सकेनन् । चितवनलाई पहिलो खेलमै महत्त्वपूर्ण जित दिलाउनका लागि कर्जन गुरुङ र इकबालले समान चार विकेट हात पारे । चितवनको ब्याटिङमा रोशन झाले ३१ बलमा ४२ रनको योगदान दिए । उनले ६ चौका र दुई छक्का प्रहार गरे । यसैगरी, प्रतीक श्रेष्ठले २२ रन जोडे । नुवाकोटका सुशील साउदले ६.२ ओभरमा २८ रन खर्चेर सर्वाधिक पाँच विकेट लिए । अभिषेक कोइराला र अभियान बस्नेतले समान दुई विकेट लिए ।



क्यानले भोलि क्यालेन्डर सार्वजनिक गर्ने

नेपाल क्रिकेट संघ क्यानले बिहीबार वार्षिक क्यालेन्डर सार्वजनिक गर्ने भएको छ । क्यानले मंगलबार आफ्नो वार्षिक क्यालेन्डर सार्वजनिक गर्ने घोषणा गरेको हो । क्यानको नयाँ निर्वाचित कार्यसमितिले क्यालेन्डरसहित क्रिकेट विकासको काम अघि बढाउने घोषणा गरेको थियो । क्यानको वार्षिक क्यालेन्डरमा उमेर समूह र सिनियर टोलीको वर्षभरिका घरेलु क्रिकेटका कार्यक्रमको तालिका समावेश हुनेछ । बहुप्रतिक्षित फ्रेन्चाइज क्रिकेट नेपाल प्रिमियर लिगको समेत सार्वजनिक हुने अनुमान छ । दोस्रोपटक क्यान अध्यक्ष भएपछि चतुरबहादुर चन्दले संघ वार्षिक क्यालेन्डरअनुसार चल्ने बताएका थिए ।

प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगिता माघ पहिलो साता काठमाडौं, मूलपानी र भैरहवामा सुरु हुँदै छ । मुख्य प्रतियोगिताअघि सबै प्रदेशले छनोट सुरु गरेका हुन् । बागमती प्रदेश छनोटको समूह 'ए'मा काठमाडौं, भक्तपुर, ललितपुर र टियू छन् । समूह 'ए'का सबै खेल मूलपानीमा हुनेछ । समूह 'बी'मा नुवाकोट, मकवानपुर र चितवन छन् । समूह 'बी'मा रहेका टोलीहरूले भरतपुरमा प्रतिस्पर्धा गर्नेछन् ।

मेसीको सन्न्यासपछि १० नम्बर जर्सी अरूले प्रयोग गर्न नपाउने

एजेन्सी

अर्जेन्टिनी फुटबल महासंघले लियोनल मेसीको सम्मानमा १० नम्बरको जर्सी अन्य खेलाडीले प्रयोग गर्न नपाउने निर्णय गरेको छ । मेसीले फुटबलबाट सन्न्यास लिएको घोषणा गरेको दिनदेखि नै लागू हुने महासंघले जनाएको छ । महासंघले यसलाई '१० नम्बर जर्सी रिटायर्ड' भनेको छ । अर्जेन्टिनी फुटबल महासंघका अध्यक्ष क्लाउडियोले अर्जेन्टिनालाई विश्व च्याम्पियन बनाएको र वर्तमान समयकै उत्कृष्ट खेलाडीको सम्मानमै उनले लगाउने गरेको १० नम्बर जर्सीलाई रिटायर्ड दिन लागेको बताएका छन् ।

'हामीले अब अर्जेन्टिनी राष्ट्रिय टोलीको १० नम्बरको जर्सीले कसैले प्रयोग गर्न नपाउने निर्णय गरेका छौं, यो एक किसिमको सम्मान हो,' ग्लाउडियोले भने, 'मेसीले फुटबलबाट सन्न्यास लिएको घोषणा गरेको दिनबाट लागू हुनेछ ।' गत वर्ष कतारको दोहामा फ्रान्सलाई टाइब्रेकरमा हराउँदै अर्जेन्टिनाले तीन दशकपछि विश्वकप उपाधि उचालेको थियो । सो विश्वकपमा मेसीले प्रेरणादायी खेल प्रदर्शन गरेका थिए । अर्जेन्टिनाले ३६ वर्षपछि विश्वकप उपाधि जितेको हो ।



फुटबल महासंघका अध्यक्ष क्लाउडियोले अर्जेन्टिनालाई विश्व च्याम्पियन बनाएका मेसीको सम्मानमा १० नम्बर जर्सीलाई रिटायर्ड दिने निर्णय भएको बताए

अर्जेन्टिनी फुटबल महासंघले सन् १९८६ मा अर्जेन्टिनालाई विश्व च्याम्पियन बनाएका डिएगो म्याराडोनाले प्रयोग गरेका १० नम्बर जर्सी पनि अन्य खेलाडीलाई प्रयोग गर्न नपाउने भनेको थियो । तर, महासंघले यो निर्णय लागू गर्न सकेन । 'यसअघि पनि १० नम्बर जर्सीलाई रिटायर्ड दिने भनिएको थियो, त्यसवेला विविध कारणवश निर्णयलाई कार्यन्वयन गर्न हामीले सकेनौं,' अध्यक्ष क्लाउडियोले भने, 'यसपटक हामी हाम्रो निर्णय कार्यान्वयन गर्नेछौं, मेसीको जर्सीलाई संग्रहालयमा राख्छौं ।'

अक्सर फुटबलमा १० नम्बरको जर्सी लगाउने खेलाडी टोलीकै उत्कृष्ट खेलाडीका रूपमा हेरिने गर्छ । अर्जेन्टिनामा जुआन रोमान रिक्वेल्मे तथा रिकार्डो बोचिनीले पनि १० नम्बरकै जर्सी लगाएका थिए । यी दुवै खेलाडी अर्जेन्टिनी राष्ट्रिय टोलीका महान् खेलाडीका रूपमा हेरिने गरेको छ ।

■ फिफाको नियम बाधक

अर्जेन्टिनी फुटबल महासंघले १० नम्बरको जर्सीलाई रिटायर्ड दिने भने पनि फिफाको नियमअनुसार कार्यान्वयन हुन कठिन देखिन्छ । फिफाले राष्ट्रिय फुटबल टोलीबाट प्रतिस्पर्धा गर्ने खेलाडीलाई १ देखि २३ नम्बरसम्म लगाउनु पर्ने नियम बनाएको छ । १ वा १० नम्बर जर्सीबाहेक अन्य कुनै पनि नम्बरको जर्सी खेलाडीले छनोट गर्न पाउँछन् । सन् २००२ मा पनि महासंघले म्याराडोनाले प्रयोग गरेको जर्सी नम्बर सम्मान गर्दै अन्य खेलाडीले प्रयोग गर्न नपाउने निर्णय गरेको थियो । त्यसवेला फिफाले नै यो निर्णय कार्यान्वयन नगर्न पत्र काटेको थियो ।

■ सचिन र धोनीका जर्सी रिटायर्ड

भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले आफ्ना पूर्वकप्तानहरूको सम्मानमा उनीहरूले लगाउने गरेको जर्सीलाई रिटायर्ड दिएको छ । बिसिसिआईले सचिन तेन्दुलकर र महेन्द्रसिंह धोनीले राष्ट्रिय टोलीबाट खेलिरहँदा प्रयोग गरेका जर्सी नम्बर अन्य खेलाडीलाई प्रयोग गर्न दिएको छैन । सचिनले १० नम्बर र धोनीले सात नम्बरको जर्सी लगाउँथे । धोनीले सात नम्बरको जर्सीमा भारतलाई सन् २००७ को पहिलो संस्करणको टी-२० विश्वकप, सन् २०११ मा एकदिवसीय विश्वकप र सन् २०१३ मा च्याम्पियन्स ट्रफी दिलाएका थिए ।

लिभरपुलमा सलाहको एक सय ५० गोल पूरा



एजेन्सी

इंग्लिस प्रिमियर लिगमा आबद्ध मोहमद सलाहले लिभरपुलबाट व्यक्तिगत एक सय ५० गोल पूरा गरेका छन् । सोमबार राति घरेलु मैदान एनफिल्डमा न्युकासलमाथि ४-२ को जित निकाल्दा लिभरपुलका लाग सलाहले दुई गोल गरेका थिए । यसैगरी, जोन्स र गाक्पोले एक-एक गोल गरे । न्युक्यासलका अलेक्जेन्डर इसाक र स्वेन बोटमेनले एक-एक गोल फर्काएका थिए । सन् २०१७ मा सलाह सिरिए क्लब एस रोमाबाट लिभरपुलमा आबद्ध भएका थिए । उनले अहिलेसम्म लिभरपुलबाट समग्रमा दुई सय ३८ खेल खेलेका छन् । यसक्रममा उनले एक सय ५१ गोल पूरा गरे । फुटबल करिअरमा लामो समयसम्म लिभरपुलमा बसेका सलाहले रोमाबाट एक सिजन मात्र खेले । रोमामा उनले ३१ खेलमा १५ गोल गरेका थिए ।

लिभरपुलको चार गोल

न्युकासलविरुद्धको प्रतिस्पर्धामा सलाहले सुरुवातमै पेनाल्टी गुमाएका थिए । यद्यपि, दोस्रो हाफमा उनी उत्कृष्ट फर्ममा देखिए । दोस्रो हाफमै उनले दुई गोल गरे । इजिप्टबाट अफ्रिका कप अफ नेसन्स खेल्ने तयारीमा रहेका सलाहले खेलको ४९औं मिनेटमा व्यक्तिगत पहिलो गोल गरे । खेलको ५४औं मिनेटमा न्युकासलले बराबरी गोल फर्काएको थियो । खेलको ८६ मिनेटमा सलाहले पेनाल्टीमा गोल गरेपछि लिभरपुलको जित लगभग सुनिश्चित भयो । न्युक्यासलबाट दोस्रो हाफमा दबाब सामना गरेको लिभरपुलका लागि जोन्स र गाक्पोले गोल गर्दै टोलीलाई ३-१ को बलियो स्थितिमा राखे । खेलको ८१औं मिनेटमा न्युक्यासलले गोल गरी खेलमा फर्काउने कोसिस गरेको थियो ।

शीर्ष स्थानमा तीन अंकको अग्रता

लिभरपुलले लिगको सुरुवातमा सात खेलमा जित निकालेको थियो । म्यानचेस्टर युनाइटेड र आर्सनलसँग घरेलु मैदानमा बराबरी नतिजा निकाल्दा लिभरपुलको जितको जिंक तोडियो । न्युकासलमाथि जित निकालेको लिभरपुलले शीर्ष स्थानमा ४५ अंक बटुलेको छ । दोस्रो स्थानमा रहेको एस्टन भिल्लासँग तीन अंकको अग्रता लिभरपुलले लिएको छ । न्युक्यासल २९ अंकका साथ नवौं स्थानमा छ । दोस्रो स्थानको एस्टन भिल्लाले ४२ अंक जोडेको छ । साबिक विजेता म्यानचेस्टर सिटी ४० अंकका साथ तेस्रो स्थानमा छ । चौथो स्थानको आर्सनलले पनि ४० अंक बनाएको छ । सिटीले एक खेल कम खेलेको छ ।

फिलिप्स भित्र्याउने पिएसजीको चाहना

फ्रेन्च लिग वान क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)ले इंग्लिस मिडफिल्डर केल्भिन फिलिप्स भित्र्याउने योजना बनाएको छ । पिएसजीले जनवरी ट्रान्सफर विन्डोमा म्यानचेस्टर सिटीबाट फिलिप्ससँग अनुबन्ध गर्ने प्रयास गरेको एजेन्सीले जनाएको छ । सन् २०२२ मा लिड्स युनाइटेडबाट फिलिप्स सिटीमा पुगेका थिए । अहिलेसम्म फिलिप्सले सिटीबाट १६ खेलमा अवसर पाएका छन् । यसैगरी, जर्मन बुन्डेस लिगा क्लब फ्रयांकफर्टले नेदरल्यान्ड्सका मिडफिल्डर डोनी भान डी बिकलाई अनुबन्ध गरेको छ । फ्रयांकफर्टले म्यानचेस्टर युनाइटेडबाट भान डी बिकलाई एक सिजनका लागि लोनमा भित्र्याएको हो । युनाइटेडबाट भान डी बिकले ३५ खेलमा दुई गोल गरेका छन् ।

खेल संक्षेप

अमेरिकामा सन्जित सम्मानित

काठमाडौं/ उमा कुङफुका अन्तर्राष्ट्रिय निर्णायक एवं भेट्टान खेलाडी सन्जितकुमार राई अमेरिकाको टेक्सासमा सम्मानित भएका छन् । किराँत राई समाज अमेरिकाले खेलकुदको माध्यमबाट नेपाल र किराँत राई समुदायको प्रतिष्ठा अभिवृद्धि गरेको जनाउँदै सन्जितलाई सम्मान गरेको हो । किराँत राई समाज अमेरिकाका अध्यक्ष खगेन्द्र राई र किराँत राई समाज टेक्सास च्याप्टरका अध्यक्ष दिलीप राईले सन्जितलाई एक कार्यक्रमबीच सम्मान गरेका हुन् । राष्ट्रिय उमा कुङफु प्रतियोगितामा आफ्नो तौल समूहका दुईपटकका राष्ट्रिय च्याम्पियन भइसकेको सन्जितले स्लोभेनियामा भएको डब्लुएमएसी उमा विश्व च्याम्पियनसिपमा स्वर्ण जितेका थिए । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गरेका छन् । नेपाल उमा कुङफु संघका वरिष्ठ उपाध्यक्ष समेत रहेका उनले अमेरिकामा हुने ब्याटल अफ द ड्रागन च्याम्पियनसिपमा भाग लिन र निर्णायकको भूमिका निर्वाह गर्न हाल अमेरिकामा छन् । उनले खेलकुदमा अझ सक्रिय भएर अगाडि बढ्न प्रेरित गरेको बताए ।

क्रिकेट एक्सिलेन्स सेन्टर तेस्रो वर्षमा

काठमाडौं/ क्रिकेट एक्सिलेन्स सेन्टर तेस्रो वर्षमा प्रवेश गरेको छ । सेन्टरले दुई वर्षको अन्तरालमा ६ सयभन्दा बढीलाई क्रिकेटरलाई प्रशिक्षण दिइसकेको छ । बालुवाटारमा रहेको सेन्टरमा अहिले नियमित दुई सयभन्दा बढी खेलाडी प्रशिक्षणमा छन् । यस सेन्टरबाट प्रशिक्षण लिएका धेरैजसो खेलाडी जिल्लाबाट छनोट भएर खेलेको सेन्टरले जनाएको छ । नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीसमेत यहाँ प्रशिक्षण गरिरहेका छन् । उमेर समूहअन्तर्गत पाँच वर्षदेखि १४ वर्षसम्मका खेलाडी छन् । सेन्टरले वार्षिक रूपमा ३० जना खेलाडीलाई छात्रवृत्तिसमेत प्रदान गर्ने गरेको छ । सेन्टरको टोलीले प्रधानमन्त्री कपअन्तर्गत काठमाडौं जिल्ला छनोटमा समेत भाग लिएको थियो । दुई वर्षअघि राष्ट्रिय टिमका पूर्वकप्तान तथा हाल नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्कासहित टिमले सेन्टर स्थापना गरेको हो ।


पाँच वर्षपछि रोनाल्डो सर्वाधिक गोलकर्ता

दुबई/ पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो पाँच वर्षपछि क्यालेन्डर वर्षमा फुटबलकै सर्वाधिक गोलकर्ता बन्न सफल भए । सन् २०२३ मा उनले समग्रमा ५४ गोल गरेका थिए । सन् २०१७ मा उनले ५३ गोल गरे । त्यसवेला यो गोल संख्या एक फुटबलरले गरेको सर्वाधिक गोल थियो । गत वर्ष साउदी अरेबियाको प्रो-लिगअन्तर्गत अल नासेरसँग आबद्ध भएका रोनाल्डोले सम्पन्न भएको सिजनकै सर्वाधिक गोलकर्ताका रूपमा आफूलाई उभ्याए । उनले गत सिजनमा अल नासेरबाट ४४ व्यक्तिगत गोल गरे ।

उनले पोर्चुगलको राष्ट्रिय टोलीबाट १० अन्तर्राष्ट्रिय गोल गर्न सफल भए । रोनाल्डोले समग्रमा गत वर्षको सिजनमा ५९ खेल खेले । गत वर्षको सिजनमा इंल्यान्डका ह्यारी केन दोस्रो तथा फ्रान्सका केलियन एम्बाप्पे तेस्रो स्थानमा रहे । सन् २०२३ को सिजनमा रोनाल्डो, केन र एम्बाप्पेले मात्र ५० गोलभन्दा बढी गरेका थिए ।

करिअरमा पाँचपटक टप स्कोरर

३८ वर्षका रोनाल्डोले आफ्नो करिअरमा पाँचपटक सर्वाधिक गोलकर्ता बने । सन् २०११, सन् २०१३, २०१४ र २०१५ को सिजनमा उनी विश्व फुटबलमै टप स्कोरर बनेका थिए । स्पेनिस क्लब रियल म्याड्रिडमा रहँदा उनले सन् २०११ मा ६० गोल, सन् २०१२ मा ६३ गोल, सन् २०१३ मा ६९ गोल, सन् २०१४ मा ६१ गोल, सन् २०१५ मा ५७ गोल, सन् २०१६ मा ५५ गोल र सन् २०१७ मा ५३ गोल गरेका थिए । रियल म्याड्रिडलाई च्याम्पियन्स लिग उपाधि दिलाएपछि उनी सिरिए क्लब युभेन्टसमा आबद्ध भए । त्यसपछि उनले इंग्लिस क्लब म्यानचेस्टरसँग सम्झौता गरे । युनाइटेडको व्यवस्थापनसँग सम्बन्ध बिग्रिएपछि उनी सन् २०२२ मा साउदी प्रो-लिगमा आबद्ध भएका थिए ।



युरोपियन क्लब हाबी

गत वर्षको फुटबल सिजनमा साउदी प्रो-लिग, फ्रेन्च वान, बुन्डेस लिगा तथा इंग्लिस प्रिमियर लिगमा आबद्ध खेलाडी नै हाबी भए । समग्रमा गत वर्षको फुटबल सिजनमा युरोपबाट प्रतिस्पर्धा गरेका खेलाडीको दबदबा देखियो । दोस्रो स्थानमा रहेका केनले समग्रमा ५२ गोल गरेका थिए । उनी गत सिजनमा मात्र टोटनह्यामबाट बार्यन म्युनिखमा आबद्ध भएका थिए । उनले टोटनह्यामबाट १८ र बार्यनबाट २५ गोल गरे । यसैगरी, इंल्यान्डको राष्ट्रिय टोलीबाट नौ अन्तर्राष्ट्रिय गोल गर्न सफल भए ।

तेस्रो स्थानमा रहेका फ्रान्सका युवा स्ट्राइकर एम्बाप्पेले ५२ गोल गरे । उनले पेरिस सेन्ट जर्मेनबाट ४२ र राष्ट्रिय टोलीबाट १० अन्तर्राष्ट्रिय गोल गरेका थिए । नर्वेका स्ट्राइकर हालान्डले गत सिजनमा म्यानचेस्टर सिटीले ट्रेबल उपाधि दिलाउन महत्त्वपूर्ण योगदान गरेका थिए । उनले सिटीबाट ४४ र राष्ट्रिय टोलीबाट ६ गोल गरेका थिए ।

Invitation for Sealed Quotation

Nalgad Municipality
Office of Executive Municipal
Dalli, Jajarkot

Invitation for Sealed Quotation for the procurement of Fabricated Steel Parts for Trail Bridges

Sealed Quotation No: SQ/NM/02/2080/081
First Date of Publication : 02-01-2024 AD

1. The Nalgad Municipality, Jajarkot invites sealed quotations from registered Suppliers for the procurement of Fabricated Steel Parts for Trail Bridges.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Dalli, Jajarkot, 9868090009, ito.nalgaadmun@gmail.com.
   OR **[may visit PPMO website www.bolpatra.gov.np.]**
3. Complete set of Bidding Documents may be purchased from PPMO's e-GP i.e. www.bolpatra.gov.np/egp upon payment of a non-refundable fee of NRs.1000.0 till 17-01-2024 12:00 during office hours.
4. Bidder must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :NIC Asia Bank Ltd. ii. Name of Office :Nalgad Municipality, Jajarkot
   iii. Office Code no : iv. Office Account No :2352050029182002
   v. Rajaswa (revenue) Shirshak No :GA-1-1
5. Sealed bids must be submitted to the office Nalgad Municipality, Jajarkot Dalli, Jajarkot Jajarkot Khagenkot through e-GP system i.e www.bolpatra.gov.np/egp on or before 17-01-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17-01-2024 13:00 at the office of Nalgad Municipality, Jajarkot
   Dalli, Jajarkot Khagenkot, Jajarkot Karnali Province Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 35000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[N5CA052239552402] at [NIC Asia Bank Ltd. , Dallibajar jajarkot] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

मनहर्वा गोल्डकप हुँदै

काठमाडौं/ मधेश प्रदेशको जितपुर सिमरा उपमहानगरपालिकामा नौ वर्षपछि मनहर्वा गोल्डकप फुटबल प्रतियोगिता १३ देखि २० माघसम्म सुरु हुने भएको छ । यसअघि गोल्डकप अन्तिमपटक ०७१ सालमा भएको थियो । माघको जाडो मौसममा हुन लागेको प्रतियोगिता दिउँसो राखेको आयोजकले जनाएको छ । चिसोका कारण हुस्सु लाग्ने हुँदा आयोजकले दिउँसोको समयलाई मुख्य प्राथमिकतामा राखेको हो । आयोजक मौवा देवी युवा क्लबका अनुसार प्रतियोगिताको विजेता टोलीले दुई लाख र उपविजेता टोलीले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । हरेक खेलको म्यान अफ दी म्याच, प्रतियोगिका उत्कृष्ट खेलाडी, गोलरक्षक र सर्वाधिक गोलकर्तालाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ ।

फ्ल्याट भाडामा

महालक्ष्मीस्थान, सातदोबाटो रिङरोडमा १५ आनामा ५२०० वर्गफिट हरेक तल्ला, दुबैपट्टि शिशै शिशाले बनेको व्यापारिक भवन लिफ्ट र अन्डरग्राउण्ड पार्किङ सुविधा सम्पन्न भवनका चार वटा तल्ला सस्तो मुल्यमा । ३३६०-४७०० वर्गफिट (नेट) सम्मका तल्लाहरु आधापनि दिन सकिने । अफर मुल्य ४०-१०० हाल ८५-९५ वर्गफिट

सम्पर्क : ९७४९४१०६१३

काठमाडौं, पोखरा, बिराटनगर, माडी, ठोरी, बारा लगाएत अन्य बिभिन्न शहरहरुमा रु. दश लाख देखि होमइस्टे र घडेरीहरुमा लगानीको लागी, इच्छुक लगानी कर्ताहरु सम्पर्क गर्न हुन अनुरोध गर्दछौं । गंगबु, गणेश मन्दिर नजिकै

१३ आना क्षेत्रफलमा, ५ आनामा बनेको घर बिक्रिमा ।
सम्पर्क नं: ९८४१३६२६१३
स्थलगत भ्रमणमा जाने आउने कम्पनीको खर्चमा गरिने जानकारी गराउँदछौं ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com